# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (पन्ध्रौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०२।२२ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा बस्यो ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्यहरू, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, अब मिति २०७७ साल जेठ १८ गते माननीय प्रदेश प्रमुखज्यूबाट सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

अब म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ३८ को उपनियम २ बमोजिम छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुरोध गर्दछु ।

**माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ**

माननीय सभामुख महोदय र माननीय सदस्यहरू, माननीय प्रदेश प्रमुख अमिक शेरचनज्यूले २०७७ साल जेठ १८ गते सम्मानित गण्डकी प्रदेश सभामा प्रस्तुत गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमको छलफलमा माननीय सदस्यहरूको सक्रिय सहभागिता र महत्वपूर्ण सुझावका लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रमको सम्बन्धमा माननीय सदस्यहरूले राख्नुभएको चासो र सरोकारहरूलाई सकारात्मक रूपमा लिई स्वागत गर्दछु । असामान्य, असाधारण, जटिल, विषम र अकल्पनीय संकटपूर्ण परिस्थितिमा यो नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेको कुरा माननीय सदस्यज्यूहरूलाई अवगत नै छ । कोभिड १९ महामारीको प्रभावकारी रोकथाम, नियन्त्रण र प्रभावकारी उपचार गर्ने कार्यमा प्रदेश सरकारबाट खेलेको उल्लेखनीय भूमिकाबाट प्रदेश सरकारको औचित्य पुनः पुष्टि भएको छ भन्ने

कुरा म निवेदन गर्न चाहन्छु । संघीय शासन प्रणालीलाई सुदृढिकरण गरी प्रदेश तथा स्थानीय तहलाई अधिकार सम्पन्न, सबल र सक्षम बनाउनुपर्ने महत्वपूर्ण सन्देश यो कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचारका क्रममा प्रदेश सरकारले खेलेको महत्वपूर्ण भूमिकाबाट यो सन्देश आम नेपाली जनता, सबै राजनीतिक दलहरू र नेपाल सरकारलाई प्राप्त भएको छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

एउटा कुरा निवेदन गर्न चाहन्छु, नीति र कार्यक्रम नेपाल सरकारले ल्याउँदा खेरी स्थानीय तहले प्रभावकारी भूमिका खेलेको भनेर प्रशंसा गऱ्यो । यस कुरामा मैले प्रदेश सरकारले प्रतिनिधित्व गर्नुपर्छ भन्या होइन तर कोभिड १९ को क्रममा रोकथाम, नियन्त्रण र उपचारका क्रममा प्रदेश सरकारले खेलेको अहम भूमिका, महत्वपूर्ण भूमिका, नेपाल सरकार अलमल परिरहेको बेला, धेरै समस्यामा गुर्ज्रिरहेको अल्झिरहेको बेला प्रभावकारी ढंगले स्थानीय तहसँग समन्वय गरेर क्वारेन्टाइन निर्माणको सबालमा होस् या आइसोलेसनको व्यवस्थापनको कुरा होस् या स्वास्थ्य सामग्रीको लेनादेना प्रबन्धको कुरा होस् या कर्मचारी परिचालनको कुरा होस्, या सुरक्षा निकायहरू र सुरक्षाकर्मीहरूलाई परिचालनको कुरा होस् या डेडिकेटेट अस्पतालको व्यवस्थापनको कुरा होस् । यो सबैमा प्रदेश सरकारको अग्रणी भूमिका र महत्वपूर्ण भूमिका रहेको कुरा स्मरण गराउन चाहन्छु र यसले प्रदेश सरकारको भूमिका, औचित्य खोजीरहेका व्यक्तिहरूलाई, त्यस्तो संस्कारहरूलाई, त्यस्तो विचारहरूलाई, त्यस्तो प्रवृत्तिहरूलाई एकीकृत रूपमा महत्वपूर्ण जवाफ दिएको छ हाम्रो व्यवहारले, हाम्रो कामले ।

यसकारण माननीय सदस्यज्यूलाई म के अनुरोध गर्न चाहन्छु सभामुख मार्फत् भने कठिन बेलामा नेतृत्वको पहिचान हुन्छ । कठिन बेलामा कुनै संस्थाको औचित्यको पुष्टी हुन्छ, प्रदेश सरकारहरूले, स्थानीय तहले त्यो अप्ठ्यारो बेलामा कसरी नेतृत्व प्रदान गरे यो कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि जसरी उनीहरूले आफ्नो श्रोत र साधन सक्रियतापूर्वक सिर्जनशील ढंगले आ-आफ्नो परिस्थितिमा ठोस ढंगले कार्यान्वयन र लागू गरेर जो जसले आफ्नो क्षमता देखाएका छन् । त्यसले फेरि पनि प्रदेश सरकार नभएको भए, सरकार नभएको भए, हामी शासन प्रणालीमा नभएको भए, यो संघीय शासन प्रणालीमा नगएको भए सायद आज हामी दुई अर्ब २० हजारको संख्यामा संक्रमितको संख्या पुगिसकेको हुन्थ्यो भन्ने मलाई लागिरहेको छ ।

यसकारणले संघीय शासन प्रणालीको पुष्टी यो अप्ठ्यारो परिस्थितिले फेरि पनि एकपटक भएको छ । र संघीय शासन प्रणालीको पुष्टि भइरहँदा खेरी निश्चित रूपमा संघीय शासन प्रणालीको चुरो कुरा, सार कुरा, त्यसको सष्टेन्टिफ कारक भनेको प्रदेश सरकार हुन् त्यसकारण प्रदेश सरकारको फेरि पनि पुष्टि भएको कुरा फेरि पनि निवेदन गर्न चाहन्छु । यो पाली नेपाल सरकारतर्फ फर्केर भन्न चाहेको प्रदेश सरकारको यस्तो अहम्, महत्वपूर्ण, संकटपूर्ण बेलाको, युद्धको बेलाको जुन चाहिँ भूमिका हो, भूमिकालाई नजरअन्दाज नगरियोस् त्यसकारणले ।

माननीय सभामुख महोदय, यहाँ हाम्रो छलफलको क्रममा धेरै माननीयज्यूहरूले धेरै महत्वपूर्ण कुराहरू उठाउनु भएको छ । जिसासाहरू राख्नुभएको छ । सुझावहरू पनि राख्नु भएको छ, आलोचना गर्नुभएको छ । टिप्पणी गर्नु भएकोछ । सबै आलोचना टिप्पणीको म स्वागत गर्दै केही कुराहरू भन्छु हाम्रो एउटा संस्कार छ, सायद पार्लियामेन्टको यो स्टिम अझै रहिरहने हो कि भनेर हामी सबैलाई डर पनि लागिरहेको छ । सत्ता पक्ष भनेको सबै कुरा राम्रै भन्नुपर्ने, प्रतिपक्ष भनेपछि बोलेपछि तथ्यपरक कुराहरू खोलिराख्नुपर्ने कहिलेकाही  भन्छौं हामी त्यसलाई । जनताका लागि यो सदनदेखि यो सेसनदेखि हाम्रा प्रत्येक कुराहरू प्रत्यक्ष रूपमा युट्युबमा पनि देख्न पाउनुहुनेछ भन्या छु त्यसो भएको हुनाले त्यसको विषय पनि यो संस्कारको क्रियाकलाप, त्यहाँ भइरहने कुराहरू, जनताले प्रत्यक्ष रूपमा आफूले अनुभूत गर्ने र आफूले निर्वाचित गरेर पठाएको जनप्रतिनिधिले के कुरा बोल्या छ, के काम गऱ्या छ भन्ने कुरा प्रत्यक्ष रूपले उसले देख्न पाउने, सुन्न पाउने, अनुभूति गर्न पाउने कुरा प्रजातन्त्रको मूलभूत मर्म हो । तर त्यसलाई हामीले कहिलेकाहीँ दुरूपयोग गरिदिन्छौं । हामी पब्लिकको लाई भनेर सार्वजनिक खबरको लागि भनेर चर्काचर्का कुराहरू, अस्वाभाविक कुराहरू, अवास्तविक कुराहरू जसलाई हामीले सुनाउन खोज्यौ त्यसलाई आनन्द आउने रहेछ । तिनीहरूले वाहीवाही गरिदिने कुराहरू नै हामीले गरिराखेका हुन्छौं । यो प्रजातन्त्रको मर्म माथिको प्रहार हो भन्ने लाग्छ मलाई । त्यसकारणले हामी सत्यताका आधारमा बोल्नुपऱ्यो । आलोचनात्मक बोली मैले बारम्बार भन्ने गऱ्या छु, त्यस्ता शासकहरू तानाशाहतिर उन्मुख हुन्छन् ।

तानाशाही व्यवथातिर पुऱ्याउन उन्मुख हुन्छन् । जुन शासकहरूले आफूले गरेको कामहरूलाई सबैले तालिमात्रै पिटोस् समर्थन मात्रै गरोस्, स्तुतिमात्रै गाओस् भन्ने चाहन्छन् त्यस्ता शासकहरू पतनतिर जान्छन् । र उनीहरू तानाशाही व्यवस्थातिर उन्मुख हुनु हो । यो मुख्यमन्त्रीको हैसितले गण्डकी प्रदेशको मुख्यमन्त्रीको हैसितयले बारम्बार मैले भन्ने गऱ्या छु । सरकारको आलोचनात्मक सुझाव, टिप्पणी वा विरोध पनि सहर्ष स्वीकार गर्न गण्डकी प्रदेश सरकार तयार छ ।

विरोधलाई स्वीकार गरेर, आलोचनालाई स्वीकार गरेर, सुझावका कुरालाई मनन गरेर अगाडि बढ्न सक्यौं भने हामी सबैका लागि पनि राम्रो हुन्छ, हामी सफलतामा पुग्छौं । र लोकतन्त्रको मूलभुत कुरा कहिकतै प्रदेश सरकार, जनताको विश्वास गर्ने सरकार चिप्लिएको छ भने, कही उसले कमी कमजोरी गरेको छ भने, उसलाई खबरदारी गर्ने कुरा, उसलाई उम्केर सोही दिशामा जाने कुरा धेरै महत्वपूर्ण कुरा हो । त्यसका लागि म सबैको आलोचनात्मक टिप्पणीको मैले स्वागत गर्छु भने । त्यसकारणले म के प्रतिबद्धता जाहेर गर्न चाहन्छु भने लोकतन्त्रका मूलभुत मान्यता र सिद्धान्तबाट विचलित भएर, मौलिक हक र मानवअधिकारको विषयबाट टाढा गएर र जनताको जुन म्यान्डेट छ, जनताको जुन विश्वास छ त्यसलाई विश्वास घात गरेर यो

लोकतन्त्रमा विश्वास गर्ने पाटी, लोकतन्त्रलाई विश्वास गर्ने सरकार दायाँवाँया जान पाउन सकिँदैन भन्ने कुरा म यहाँहरूसमक्ष निवेदन गर्न चाहन्छ । यसकारणले अहिले कोभिडको बारेमा धेरै प्रश्नहरू उठेको छ । यो प्रदेश सरकार कहाँ छ ? यो प्रदेश सरकारले के हेरिराछ ? मान्छेहरूले आत्महत्या गरिरहेको छ । मलाई लाग्छ गण्डकी प्रदेशमा कसैले आत्महत्या गरेको छैन ।

क्वारेन्टाइनमा, आइसोलेसनमा वा क्रिटिकल टिट्मेन्ट सेन्टर, डेडिकेटेट हस्पिटलमा कही पनि मान्छेले आत्महत्या गरेर कोही मान्छे मर्‍या छैन । मैले अघिल्लो पटक पनि भन्या थिएँ, हाम्रो एकजना मैले एकदमै सम्मान गर्ने माननीयज्यूले भन्नु भा थियो, अल्लि व्यंग्य भाषामा। यो प्रदेश सरकारले धेरै काम गर्‍या होइन, हामीलाई मुक्तिनाथ, विन्ध्यवासिनी र मनकामनाले आशीर्वाद दिएका हुनाले यहाँ भवितव्य भएको छैन, मान्छे त्यति आत्तिकएको छैन भन्नुभएको थियो तर मैले अर्को प्रतिकात्मक भाषामा भनेको थिएँ, प्रदेश सरकारले काम त गरेकै हो । तर हाम्रो प्रदेश मुक्तिनाथ पनि भएको प्रदेश भएको हुनाले या विन्ध्यवासिनी या मनकामना माइको प्रदेश पनि भएको हुनाले उनीहरूको पनि आशीर्वाद पनि अलिअलि लाग्या होला भनेर मैले अघिल्लो दिन बैठकमा बोल्दाखेरी भन्या थिएँ । त्यसकारण मेरो भनाइको तारतम्य के हो भने, हामी विश्वास गर्छौं होला मुक्तिनाथप्रति, हामी विश्वास गर्छौं मनकामनाप्रति, विन्ध्यवासिनीप्रति त्यो आफैमा हाम्रो प्रदेश धार्मिक स्थलहरूको, शक्तिपीठहरू भएको प्रदेश हो । यसमा हामीलाई विश्वास छ तर आज यो सबै कोरोनाबाट, कोरोनाको आक्रमणबाट जीवन बचाउने कुरा हाम्रो पर्यत्नले मात्र सम्भव हुन्छ।

भगवान्‌को मन्दिरमा मात्रै बलि चढाएर, मन्दिरमा मात्रै धुप बालेर यहाँ कोरोनाबाट कोही पनि मान्छे संक्रमित हुनबाट जोगाउन सकिँदैन । त्यसका लागि हामीमा पर्यत्न चाहिन्छ । हाम्रो उपचार, रोकथामको विधिहरू चाहिन्छ । हाम्रो नियन्त्रणका लागि प्रविधिहरू चाहियो, कार्यक्रमहरू चाहियो, नीतिहरू चाहियो, उपचारको राम्रो प्रबन्ध हुनुपर्‍यो । त्यस्तो खालको संस्कारको व्यवस्था गर्नुपर्‍यो त्यस्तो खालको संरचनाको सुद्धिढिकरण गर्नुपर्‍यो । यो काम गण्डकी प्रदेश सरकारले गर्‍या छ भन्ने कुरा मैले यहाँहरू समक्ष निवेदन गर्न चाहन्छु । किनभने हामीले यहाँ धेरै कुरामा चाहे यो कुरा मैले यो रोष्टमबाट भन्दा खेरी यहाँ रहनु भएको सबै माननीयज्यूहरूको माननीय सभामुखमार्फत म के अनुरोध गर्न चाहन्छु भने, यो माननीयहरूको, माननीयज्यूहरूको गरिमा बढाउने कुरा, यो प्रदेश सभाको गरिमा बढाउने कुरा, प्रदेश सरकारको औचित्य पुष्टि गर्ने कुरा र संघीय शासन प्रणालीको कार्यान्वयनको क्रममा नेपाल सरकारले या अरु कुनै दायाँबायाँबाट भइरहेका आनाकानी, ढिलासुस्ती यसका विरुद्धमा यो संघीय शासनलाई सफल पार्ने कुरामा गण्डकी प्रदेशको सरकारले गण्डकी प्रदेश सरकारले नेतृत्व गरिरहेको कुरा सबैको अगाडि लुकेको विषय होइन । त्यसकारणले संघीयता कार्यान्वयन गर्ने सवालमा होस् या प्रदेश सरकारको औचित्य पुष्टि गर्ने सन्दर्भमा होस्।

या नेपाल सरकारसँग, या ठूला पार्टीहरूको नेतृत्वदायी समूहसँग यो संघीयता कार्यान्वयन गर्ने बारेमा आज जुन खालको पुरानो मानसिकता देखिएको छ, जुन खालको केन्द्रीकृति मानसिकताका हाम्रा नीतिहरू, कार्यक्रम, बजेटहरू यहीँ हाम्रो मन्त्रालयले राखेको हुन्छ त्यसको विरोधमा हामीहरू कहिल्यै पनि सम्झौता गरेका छैनौं। राष्ट्रिय समस्या समाधान समितिको बैठकको निकास समितिमा होस् या अन्तर प्रदेश परिषद्को बैठकमा होस्, या अरु फोरमहरूमा होस् । गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश सभाको, गण्डकी प्रदेश सरकारको, गण्डकीवासी जनताको इज्जत तलमाथि गर्ने काम कहिल्यै पनि गऱ्या छैन । हामीले सबरु सबै ठाउँमा एक खालको नेतृत्व गरेका छौं । सायद यहाँहरूलाई थाहा हुनुपर्छ।

कोभिड १९ को बारेमा धेरै प्रश्नहरू उठेको छ । कोभिड १९ को सन्दर्भमा सबैभन्दा पहिला लकडाउन गर्ने, लकडाउनको भाषा बोल्ने, योगदानको निर्णय गर्ने सरकार नेपाल सरकार होइन, मैले यो रोष्टमबाट भन्नुपर्छ, अरु सरकारका होइनन, स्थानीय तह होइनन्, त्यो गण्डकी प्रदेश सरकार थियो । जसले वैशाख ७ गते लकडाउनमा जानुपर्छ, प्रदेशको सबै नाकाहरू बन्द गर्नुपर्छ, सिल गर्नुपर्छ भनेर हामीले भनेका हौं । सौभाग्यवस नेपाल सरकारले वैशाख ११ गते त्यो निर्णय गरेका कारण हाम्रो त्यो निर्णय कार्यान्वयनमा जान धेरै सजिलो भयो । त्यो आफ्नो ठाउँमा छँदै छ । त्यसपछाडि फेरि पनि हामी सुतेर बसेका छैनौं । हामीले वैचारिक नेतृत्व गरेकै छौं यसका सबालमा । नीतिगत नेतृत्व गरेकै छौं यस सबालमा ।

नेपाल सरकार बाधक होइन तर हामी कुनै पोजिसनमा पनि पछाडि छैनौं । अहिले पनि यो संरचनाहरू निर्माण गर्ने सबालमा, कोभिड १९ को नियन्त्रणका सबालमा, शुरुमा उपचार गर्ने क्रममा हामी प्रवेश गरेकै थिएनौं । त्यो बेला पनि कसरी कस्ता-कस्ता संरचनाहरू निर्माण गर्नुपर्छ भन्ने विषयमा सायद यहाँहरूलाई थाहा हुनैपर्छ, नीति तथा कार्यक्रमहरूमा उल्लेख भएकै छ । १० वटा विषयगत समिति तयार गर्ने सरकार गण्डकी प्रदेश सरकार मात्रै हो आजको दिनसम्म । मुख्यमन्त्रीको नेतृत्वमा निर्देशक समिति बनाएर । यहाँ आर्थिक मामिला मन्त्रीको नेतृत्वमा पुर्वाधार निर्माणका लागि समन्वय गर्ने समन्वय समिति बनाएर, प्रदेशको आपूर्ति मन्त्री जो उद्योग, पर्यटन, वन, आपूर्ति तथा वाणिज्यमन्त्री हुनुहुन्छ उहाँहरूको नेतृत्वमा बजारको व्यवस्थापन गर्ने कुरामा कुनै विवाद नगरिकन यो संकटकाललाई फेरि हामीले उचित ढंगले अगाडि बढाउन सक्दैनौं भनेर बजारको नियन्त्रण र अनुगमनका लागि, आपूर्ति व्यवस्थालाई व्यवस्थित गर्नका लागि, सहजीकरण गर्नका लागि आपूर्ति मन्त्रीको नेतृत्वमा यो आपूर्ति व्यवस्थापन समिति बनेको पनि गण्डकी सरकारमा मात्रै हो आज प्रदेश सरकारको हकमा भन्दा । अब हामीले एउटा कोष खडा गऱ्यौं, कोष त सबैले खडा गरे । कम्तिमा ५० करोड भन्याछ तर हामीले त्यो ५० करोडलाई एक अर्ब देखाएर ठूलो बनाउन

खोजिरहेका छौं । हामीले आफ्नो हैसियत अनुसार विस्तारै-विस्तारै कोष खडा गर्दै त्यसलाई खर्च गर्दै जाने प्रयत्न गऱ्यौं ।

कोषको कार्यविधि बनायौं हामीले । कोषको जुन कार्य विधिका आधारमा मात्र खर्च गर्ने, आर्थिक अनुशासनमा रहेर, सुव्यवस्थित ढंगले यो खर्च गर्ने प्रविधि छ त्यसलाई नियन्त्रण गर्नका लागि हाम्रो सामाजिक विकास मन्त्रीको नेतृत्वमा कोष सञ्चालक समिति बनाएका छौं । नेपाल सरकारले पठाएको निर्देशनहरू कार्यान्वयन भयो कि भएन, प्रदेश निर्देशन समिति, प्रदेश या अरु सरकारले गरेका निर्देशन, निर्देशक समितिले गरेका निर्णयहरू ठीक ढंगले अगाडि बढेकी बढेनन् ? कार्यान्वयको स्थिति कहाँ के छ भनेर त्यो सबै प्रशासनीय लेबलमा अनुगमन गर्नका लागि प्रदेश प्रमुख सचिवको नेतृत्वमा एउटा समन्वय समिति बनेका छौं । यो समितिको समिति मात्रै बनाएर के रमिता गऱ्या भन्ने पनि प्रश्न उठ्न सक्दछ तर लडाइ लड्नका लागि सिपाही चाहिन्छ पहिलो कुरा ।

दोस्रो कुरा हतियार चाहिन्छ । तेस्रो कुरा उसको मानसिकता चाहिन्छ । उसको स्वास्थ्य चाहि अनुशासनमा दह्रो भएर लाग्नु पऱ्यो । यो सबै प्रबन्ध कोभिड १९ रोकथामका लागि गरिएको उच्चतम व्यवस्थित प्रबन्ध हो । त्यसकारणले एउटा संरचनाका हिसाबले, संस्थागत इम्पारवमेन्टका हिसाबले या तयारीका हिसाबले हामीले कुनै कमी कमजोरी हुन दिएनौं । त्यसकारण त हामी लक्ष्यमा छौं हामी । सरकारले त्यो नाका नखोल्दासम्म हाम्रो गण्डकी प्रदेशलाई ग्रिन जोनका रूपमा हेर्ने गरेका थियौं । यसकारणले गण्डकी प्रदेश सरकारले केही गरेन धेरै गरेन भन्ने कुरा, कहाँ हेरेर, के हेरेर बस्या छ भन्ने कुरा मिथ्या आरोप मात्रै हो भन्ने मलाई  लाग्छ । मैले यी जे कुराहरू भन्या छु फेरि पनि भन्न चाहन्छु के के कुराहरू गऱ्यो त गण्डकी प्रदेश सरकारले ।

नीति तथा कार्यक्रमको प्राथमिकताको क्षेत्र, यो नीति र कार्यक्रमहरू  ल्याइरहँदा खेरी यहाँहरू समक्ष निवेदन गर्न चाहन्छु कि कोभिड १९ लाई परास्त गरी हाम्रो नीति र कार्यक्रमको मुख्य एजेण्डा फष्ट मुख्य ध्यान के मा छ भन्दाखेरी कोभिड १९ लाई परास्त गरी प्रदेशवासीको जीवन रक्षा गर्ने कुरा हाम्रो पहिलो प्रायोरटी हो । यो नीति र कार्यक्रमको पहिलो प्रायोरटीको कुरा यहीँ हो र त्यसमा आधारित भएर महामारीबाट शिथिल भएर ध्वस्त भएको अर्थतन्त्रलाई चलाउमान बनाउने हाम्रो दोस्रो एजेन्डा हो । हामी देखिरहेका छौं भोगिरहेकै छौं । धेरै ठाउँमा लामो लामो युद्ध हुन्छ । युद्ध सकिन्छ तर युद्धपछाडि झन् त्यो भन्दा महायुद्ध फैलिइरहेको स्थिति हामीले देखिरहेका छौं ।

शान्ति सम्झौता हुन्छ, शान्ति सम्झौता पछाडिको स्थिति भयाभह भएर शान्ति सम्झौतालाई थेगिराख्न नसकको स्थिति हामीले देखि राखेका छौं । प्रथम विश्वयुद्ध भयो, दोस्रो विश्वयुद्ध भयो, धेरै त्यस्ता महामारी भए भएका छन् संसारमा । त्यसको

व्यवस्थापन कसरी भयो, त्यो महामारी समाप्ति पछि महामारी मानव शक्तिले पराजित भइसके पछाडिको ठोस कोभिड १९ पछाडिको स्थितिको पनि हामीले अहिल्यैदेखि आँकलन गरेर दूरदर्शी ढंगले अहिले चाही पछाडिको कुरा पनि सम्झेर नीति बनाउने सरकार गण्डकी प्रदेश सरकार हो । नेपाल सरकारले पनि यो निर्णय लिन सक्या छैन हामीले निर्णय लिँदाखेरी । हामीले के निर्णय गऱ्यौं वैशाखको १३ गतेको दिनमा हामीले यो निर्णय गऱ्यौं ।

उद्यपि यो कार्यक्रम वैशाख १ गतेदेखि शुरु भइराथियो । हामीले के भन्यौ भनेदेखि सधैं लकडाउन मात्रै गरेर बसिरहेर कोभिड १९ लाई जित्न सकिँदैन । रोगलाई जित्न सकिएला तर भोकलाई जित्न सकिँदैन । यो घरमै बस्ने कुरालाई जित्न सकिएला तर हाम्रो पूजी विकासको कुरालाई बचाउन सकिन्न । हाम्रो जिरोमा गइसकेको नेगेटिभतिर गइसकेको अर्थतन्त्रलाई फेरि जीवित बनाउने हो, भने देखि हामीले हाम्रो विकास निर्माणका कामहरू फेरि पनि अगाडि बढाउनु पर्छ । हामीले सर्प पनि मार्नुपर्छ, लठ्ठी पनि भाँचिन दिनु हुँदैन भनेर हामीले लकडाउन पनि गर्दै जानुपर्छ कोभिडसँग पनि लड्दै जानुपर्छ तर त्यसो गरिरहँदा खेरी भोलि हुने शिथिल हुँदै गएको हाम्रो अर्थतन्त्र व्यवस्थालाई, शिथिल हुँदै गएको हाम्रो अर्थतन्त्रलाई फेरि पनि चलायमान बनाउनुपर्छ भन्ने ढंगले हामीले वैशाखको पहिलो हप्ताबाट विकास निर्माणको कामहरू बिस्तारै शुरु गरेका थियौं ।

वैशाख २६ गते मात्रै करिब १५ दिन पछाडि विकास निर्माणको कामहरू पनि गर्नुपर्छ भनेर निर्णय गऱ्यो । हामीले यो पनि भन्यौं यो सबै व्यापारी व्यवसायीहरूसँग बसेर कति दिनको मौज्याद छ खाद्यान्नको भनेर हिसाब दिनगन्तीको गरेर हाम्रो दायित्व पूरा हुँदैन भनिठान्यौँ हामीले । त्यसका लागि केही न केही काम गर्नुपर्छ । खास गरिकन उद्योग, यस्ता उद्योगहरू, यस्ता कारखानाहरू जो खाद्यान्न र खाद्यवस्तुसँग जोडिएका वस्तुहरू छन ।

त्यसलाई हामीले लकडाउन पछि कतिपय मूलभूत मान्यतालाई स्वीकार गरेर, पालना गरेर, त्यो आचारसंहितालाई मनन गरेर हामीले उद्योग, कारखाना पनि खोल्नुपर्छ भनेर निर्णय गऱ्यौं । हाम्रा धेरै गाउँहरू हरिया गाउँहरू जहाँ कुनै संक्रमण छैन, त्यस्तो गाउँलाई हामी किन लक बनाएर राख्छौं ? बाहिरबाट आउने मान्छेलाई हामीले लक गर्छौं तर हामीले कुटोकोदालोमा लक गर्न हुँदैन भन्यौं हामीले । हाम्रो हलोलाई लक गर्नु हुँदैन हामीले, हाम्रो कृषि औजारलाई लक गर्नुहुँदैन, किसानका हातहरूलाई लक गर्नु हुँदैन भन्यौँ हामीले र अब खेतीपातीको काम शुरु गर्नुपर्छ, कृषि उत्पादन बढाउनुपर्छ भन्यौ ।

त्यसका लागि मल, बिऊ र आवश्यक प्रबन्ध, ढुवानीको प्रबन्ध प्रदेश सरकारले गर्नुपर्छ भन्यौं । त्यहाँनेर काम गर्न थोरै समस्या के हो भनेदेखि यो प्रदेश सरकार थियो,

गण्डकी प्रदेश सरकार थियो जसले काम अगाडि सा-यो । ३ नम्बर प्रदेश बेखबर थियो, ५ नम्बर प्रदेश बेखबर थियो । नेपाल सरकार बेखबर थियो । तर हामीले उद्योगहरू चलाउँदाखेरी कच्चा पदार्थहरू ल्याउनु पर्थ्यो । यहाँहरूलाई भन्नुपर्दैन होला सायद् ९० प्रसेन्ट कच्चा पदार्थ भारतबाट आउथ्यो, आउँछ अहिले पनि आइराख्या छ  र हाम्रो विकास निर्माणको काम शुरु गर्ने बित्तिकै निर्माण गर्ने कच्चा पदार्थहरू, निर्माण सामग्रीहरू ओसारपोसार गर्नुप-यो । गण्डकी प्रदेशभित्रको त हामीले आफैले म्यानेज गरिराखेका थियौं तर बाहिर ५ नम्बर प्रदेश, या ३ नम्बर प्रदेशबाट ल्याउने कुरा उनीहरूले हाम्रो यो योजनालाई निर्णयलाई बुझ्नेनन् र कैयौं ठाउँमा हामीलाई अवरोध गरे । नेपाल सरकारलाई हामीले भन्यौं तपाईले मात्र रक्सौलमा सेनिटाइजर गरिदिनुहोला ।

रूपेडियामा सेनिटाइज गरिदिनुहोला । काँकडभित्तामा गरिदिनुहोला, बेलिया नाकामा गरिदिनुहोला र त्यसरी सुरक्षित साथ ढुवानीका सामानहरू गण्डकी प्रदेशमा आउन दिनुप-यो भनेर हामीले बारम्बार भन्यौं पछिल्लो क्रममा उसले निर्णय गरेपछि केही हदसम्म सजिलो भयो । एकातर्फ त्यस्तो नियमको पालना गर्ने सुरक्षा निकायका धेरै अंग नेपाल सरकार मातहतमा छ भनेर हामीले पनि बुझ्नुपर्छ । यद्यपि यो त्यो पेन्डामिकको अवस्थामा नेपाली सेना हेर्नुहोस्, एपीएफ, नेपाल प्रहरी, यहाँको सिडियोसापहरू सबैले गण्डकी प्रदेश सरकारको नीति निर्देशन, उसको कमाण्डलाई स्वीकार गरेर काम गरेको स्थिति हो तर आफूभन्दा माथिल्लो सरकारबाट आदेश आएपछि आफू जोबाट लोयट छ त्यो अर्को सरकारबाट त्यो नर्णय नआएसम्म खुट्टा कमाए, आनाकानी गरे ।

त्यसले हाम्रो जो निर्णयको कार्यान्वन गर्ने बेलामा केही न केही समस्या पैदा भयो । यसमा किन प्रश्न नउठाएको माननीयज्यूहरूले । हामीले के के समस्या भोगिरहेका छौं भन्ने कुरा तपाईंहरूले देख्नु भएको छैन ? खाली तपाईंले विरोध गरिदिए भयो यो सरकारले केही गरेन भनेर । यो सरकार एक दिन पनि निदाएको छैन । यो मुख्यमन्त्री आज शनिवारको दिनमा पनि घरमा बस्या छैन । यसरी हामीले रात र दिन नभनिकन काम गरिराखेका छौं तर यो राष्ट्रिय परिस्थितिको कारणले हामीले गरेको सबै कामहरू कार्यान्वयनमा आउँदैन, हामीले त्यसको परिणाम प्राप्त गर्न सकिरहेका छैनौं । त्यसले गर्दा तपाईलाई लाग्न सक्छ, प्रदेशले गरेका काम केही देखिया छैन के हात हल्लाउनु हुन्छ मुख्यमन्त्रीज्यू भनेर प्रश्न गर्न सक्नु हुन्छ तर त्यसमा कतिपय कुराहरू हामीले सय वटा मकैको गेडा छ्यो भने सय वटा उम्रिन्छ र ? उम्रिदैन होला नि ? यसमा पनि हामीले गरेका सबै काम सफल भएका छन् त ? सफल नभएका पनि होलान नि।

सफल नभएको पनि हुन सक्दछ । हामीले गरेको सबै कामहरू पूरा भएको छ त ? पूरा नभएको पनि हुन सक्छ पूरा नभएको पनि छ । तर हाम्रोतर्फबाट उत्साहका साथ काम गरेकोछ, काम भएको छ, प्रारम्भ भएको छ । नीति बनेको छ । कार्यक्रम बनेको छ ।

योजना बनेको छ । यसमा पहिचान गरेका छौं । अभूतपूर्व ढंगले सायद सुरक्षाकर्मीहरूको परिचालन, कर्मचारीको परिचालन, स्थानीय तहसँगको समन्वय यस पटक गण्डकी प्रदेश सरकारले गरेर देखाएको छ । त्यसकारणले माननीय सदस्यज्यूहरू हामीले यो कोरोनाको बारेमा प्रवेश गर्दाखेरी प्रदेश सरकारले तेस्रो रूपमा प्रदेश सरकारले लिएको संवृद्ध प्रदेश र सुखी नागरिकको संकल्पलाई साकार पार्ने काम हाम्रो नीति कार्यक्रम जस्तो सुकै परिस्थिति आए तापनि जस्तो सुकै महामारी आए तापनि, जस्तोसुकै युद्ध हाम्रो माथि थोपरिए पनि त्यसबाट हामी विमुख हुन सक्दैनौं र हाम्रो नीति कार्यक्रम विमुख भएको छैन ।

कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्यसेवालाई हामीले सुदृढ गरेकै छौं । स्वास्थ्यकर्मीलाई सुदृढ गर्दाखेरी खालि कोभिड अस्पताललाई सुदृढ गरेको भन्ने नबुझ्नुहोला। यही गण्डकी प्रदेश सरकार हो जसले यो आर्थिक वर्ष २०७६/०७७ को आर्थिक कार्यक्रमहरूको बजेटहरू खर्च गरिहँदाखेरी विशेष कार्यक्रममार्फत हामीले जिल्ला अस्पतालहरू जे हाम्रो गण्डकी प्रदेशको प्रदेश सरकार अन्तर्गत छ, जिल्ला अस्पतालहरूको सुदृढिकरणका लागि हामीले ३३ करोड रूपैयाँ ल्याएर सुदृढिकरणको काम त हाम्रो चलिरहेकै थियो । जिल्ला अस्पतालको त्यहाँका कर्मचारीहरूको मनोबल उठाइरहेकै कारणले गर्दा खेरी कोभिड १९ को यो रोकथाम र नियन्त्रणका काममा यी अस्पतालहरूले महत्वपूर्ण भूमिका निर्वाह गरे ।

ती कर्मचारीहरूले उच्च मनोबलका साथ काम गरे । म ती सबै कर्मचारी साथीहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । यसकारणले हामीले ज्याला मजदुरी गरी जीवन गुजारा गर्ने र विपन्न व्यक्तिहरूलाई राहत र रोजगारीको प्रबन्ध हाम्रो आफ्नो क्षमतानुसार, आफ्नो सामर्थ्यनुसार आफ्नो श्रोत र साधनको सीमितताका बाबजुद पनि गर्नुपर्छ भनेर यो नीति र कार्यक्रमले बोलेको छ । महामारीबाट प्रभावित दैनिक रूपमा प्रभावित ज्यालादारी गर्ने मजदुर, गरिब त था सीमान्तकृत, असहाय तथा अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकको हित संरक्षण गर्न विशेष कार्यक्रम कार्यान्वयन गर्ने कुराहरू नीति तथा कार्यक्रमले बोलेको छ माननीय सदस्यहरू । पर्यटन, कृषि, उद्योग, यातायात निर्माणलगायतका क्षेत्रमा मुर्झाइरहेको जुन अर्थतन्त्र छ, शिथिल भएको जुन अर्थतन्त्रको क्षेत्र छ, यसको पुर्नउत्थानका कार्यक्रमहरू सञ्चालन गर्नका लागि हामीले कार्यक्रमहरू सञ्चालन गर्ने हाम्रो नीति तथा कार्यक्रमले प्रतिबद्धता जाहेर गरेको जानकारी गराउन चाहन्छु । रोजगारी गुमाएका, विदेश जान रोकिएका, यो लकडाउनका कारणले सबै तम्तयार भएर पनि विदेश जानबाट रोकिएका जुन युवाहरू छन्, विदेशबाट फर्केका युवाहरूका लागि उद्यमशीलता विकास गर्ने, स्वरोजगारी तथा रोजगारीका कार्यक्रमहरू सञ्चालन प्रबद्धन गर्ने यसको महत्वपूर्ण पाटो हो।

यसका साथसाथमा अहिले यो झण्डै झण्डै ७० दिनसम्म नेपाल लकडाउन हुँदाखेरी गण्डकी प्रदेश अझै ७५ दिनसम्म लकडाउन हुँदाखेरी हाम्रो स्कुलहरू बन्द छ, कलेजहरू बन्द छ, उद्योग, व्यापार सबै बन्द छ, यसले गर्दा खेरी मान्छेमा एक खालको डर, त्रास, भय, आतंक एकखालको डिप्रेसन सुरु भा छ । सबै व्यक्ति व्यक्तिमा सबै समुदाय समुदायमा, घरघरमा हामीले यो मनोसामाजिक परामर्श कार्यक्रम पनि सञ्चालन गर्नुपर्ने छ अब । सायद नेपालमा यो पहिलोपटक उठेको होला । जो विकसित देशहरूमा यस्तो कुराहरू भइराखेको हुन्छ । अब हामीले यसलाई पनि महत्वका साथ लिएर हाम्रो नीति तथा कार्यक्रममा पनि यी कुराहरूलाई समावेश गर्छौं । अब म कोभिड १९ का बारेमा प्रदेश सरकारले गरेका केही कामहरूको फेहरिस्त यो सम्मानित प्रदेश सभामा माननीय सभामुखमार्फत् पेश गर्ने अनुमति चाहन्छु ।

हाम्रो अहिले प्रदेश प्रयोगशाला स्थापना भा छ । प्रदेश प्रयोगशालामा दुई वटा पीसीआर मेसिन छ । एउटा पीसीआर मेसिन छ केन्द्रबाट आएको र दैनिक परीक्षण क्षमता हाम्रो पाँच सय छ । अब हामी निकट भविष्यमा अर्को पीसीआर मेसिन पनि थप्दै छौं । यहाँहरूसँग म के निवेदन गर्न चाहन्छु कि, सातवटा प्रदेशमध्ये गण्डकी प्रदेशमात्र यस्तो प्रदेश हो जसले जसले आफैले खरिद गरेर नयाँ पीसीआर मेसिन ल्याएर यो पीसीआर टेष्टलाई प्रभावकारी बनाउनका लागि, प्रदेशलाई गतिशील बनाउनका लागि हामीले त्यसलाई हाम्रो ल्याबमा स्थापना गरेका छौं । एउटा अर्को पीसीआर खरिद प्रक्रियामा रहेको निवेदन गर्दछु त्यो आएपछि हाम्रो एकदिनमा कम्तिमा सात सय सम्म परीक्षण गर्न सक्ने त्यो भन्दा पनि धेरै हुन सक्छ ।

हामीले कर्मचारीको व्यवस्थापन गर्न सकियो भने, सारा व्यवस्थापन गर्न सकियो भने हामीले के भन्छौं एक घण्टामा ७२ जनासम्मको रिपोर्ट निकाल्न सक्छ हाम्रो ओपन पीसीआर मेसिनले तर त्यसको लागि अरु पूर्व तयारी गर्नका लागि अरु सबै टेष्टहरू गर्दै आउँदा तीन घण्टा लाग्ने भएको हुनाले त्यही हिसाबले हामीले हिसाब गर्नुपर्ने हुन्छ त्यसकारणले करिब ३० हजार मान्छे यो गण्डकी प्रदेशमा आउँछ भन्ने हाम्रो अनुमान छ यो साउन महिनासम्म।

जेठ, असार र साउनभित्र ३० हजार मान्छे गण्डकी प्रदेश भित्र आउँछ भन्ने हाम्रो अनुमान छ र त्यो ३० हजार पनि सबैको हामीले पीसीआर टेष्ट गर्नुपर्छ भनेर हामीले भनेका छौं । हामीले पीसीआर टेष्ट आयोजना, परियोजना सञ्चालन गरिसक्या छौं । त्यो अन्तर्गत एउटा महिनामा कम्सेकम १० हजारको दरले हामीले पीसीआर टेष्ट सक्नुपर्ने छ । अहिले भर्खर पनि हाम्रो करिब करिब छ हजार पुग्यो होला आजको दिनसम्म । छ हजार केशहरू आइसक्यो त्यही रफतारमा हामीहरूले पीसीआर टेष्ट पनि गरिसकेका छौं । अरु मान्छेहरूमा पनि, पहिला पहिला आइसकेका, पहिले संक्रमित भएको व्यक्तिहरूको ट्र्याकिङ गरेर, कन्ट्र्याक ट्रेसिङ गरेर पनि ।

अरु थुपै कुराहरू गऱ्या छौं र हामी टेष्टमा के भन्या छौ भनेदेखि यो करिब ३० हजार जनाको पीसीआर परीक्षण गर्न सक्ने गरी तयारी हामीले गऱ्या छौं । भीटीएम हाम्रो चार हजार सात सय ६६ मध्ये छ सय मौजाद छ अरु हाम्रो खर्च भइसकेको छ । २६ हजार खरिदका लागि हामीले १० दिने सूचना प्रकाशन गरेका छौं । १० दिन १५ दिन भित्र २६ हजार भीटीएम हामीले ल्याउँदै छौँ । हामी केन्द्रमा भर परेका छैनौं किन भने हामीलाई थाहा छ केन्द्रले पठाउन त पठाइरहेको छ तर हामीलाई चाहिने बेलामा पाएको छैन । हामीलाई चाहिने मात्रामा दिन सक्या छैन । त्यसकारणले उसले जति दिन्छ हामीलाई दामासायीले त्यो त्यती दिने गरेर हामीले हाम्रो तयारी आफूले गरेका छौं ।

हामी निदाएर बसेका छैनौं । हामी हात खुट्टा बाँधेर पनि बस्या छैनौं । आफ्नो क्षमता, आफ्नो श्रोत र साधन परिचालन गरेर छिटो भन्दा छिटो, चाढो भन्दा चाडो गुणस्तरीय सामान पनि ल्याउनुपर्ने चुनौती हामीसँग छ । बजार पनि धेरै हाइ भइरहेको छ तर यो बजार हाइ भइरहेको स्थितिमा आफूलाई चाहियो भनेर हामीले १५ लाख २० लाख सिध्याउनु हुँदैन भनेर पनि हामी सोचिरहेका छौं । त्यसकारण मूल्यलाई ख्याल गरेर गुणस्तरलाई कम्प्रोमाइज नगरिकन हामीले खरिद प्रक्रिया अगाडि बढाउनुपर्ने भएको हुनाले हामीलाई भनेकै दिनमा प्राप्त भएको छ । यो सबै कष्टलाई हामीले ख्याल गरेर कोरोनासँग जुध्दाजुध्दै पनि हामीले त्यो काम गरिरहेका छौं । यही कुरा निवेदन गर्न चाहन्छु म माननीयज्यूहरूलाई ।

पीसीआर किट हाम्रो ३४ सयमध्ये १४ सय मौजाद छ । १७ हजार पाँच सय खरिद प्रक्रियामा हामीले अगाडि बढाइसक्या छौं । आरडिटी किड हाम्रो १२ हजारमध्ये १८ सय मौजाद रहेको छ । पीसीआर परीक्षण गर्नेको संख्या चार हजार चार सय ११ हो अहिलेसम्म । पोजेटिप ५४ जनाको निस्किसक्या छ । ती ५४ जनालाई हामीले आइसोलेसनसहित अस्पतालमा राखेका छौं । आरडिटी परीक्षण हुनेको संख्या ९ हजार एक सय ८० पुगेको छ । प्रदेशमा ५४ वटा भेन्टिलेटरहरू हामीले व्यवस्थापन गरेका छौं । पाँच वटा भेन्टिलेटर बाग्लुङमा जडान गरिएको, ४ बेड खरिद गर्ने प्रक्रियामा सम्झौता भएको, १६ वटा डायलासिस मेसिन खरिद भएको, म्याग्दी, पर्वत, गोर्खा र स्याङ्जामा ४-४ वटा राखेका छौं हामीले । दुई सय वटा हामीले रगत नमुना एकैसाथ परीक्षण गर्न सक्ने फुल्ली अटोमेटेट बायोकेमेष्टी एनलाइजर चार वटा खरिद गरेका छौं हामीले । रगत परीक्षण गर्ने अर्को विभिन्न प्रकारको एडभान्स इक्युपमेन्ट फुल्ली अटोमेटेट सिएलआइ मेसिन २ वटा खरिद गरेका छौं हामीले । युएससी मेसिन अल्ट्रासाउण्ड मेसिन हामीले ५ वटा खरिद गरेका छौं । जेनेरेटर हामीले ८ वटा खरिद गरेका छौं ।

यो कोभिडको बारेमा विस्तृत जानकारी दिइरहेको छु । खोप राख्ने रेफ्रिजेनेरेटर हामीले ७ वटा खरिद गरिसक्या छौं । एनेष्टीथेसिया वर्क विश्लेषण एउटा (लठ्याउने) बाग्लुङ

अस्पतालमा स्थापना गरेका छौं । एक्सरे मेसिन एउटा मध्यविन्दु अस्पतालमा उपलब्ध गराएका छौं हामीले । १५ वटा कार्डियो मनिटर हामी खरिद प्रक्रियामा छौं कार्डियो मनिटर चाहिन्छ मुटुको चाल सबै चेक गर्नका लागि कन्ट्रोल गर्नका लागि र ४ वटा हामीले इसिजी मेसिन खरिद गर्ने सम्झौता हामीले गरिसक्या छौं । छिट्टै आउँदै छ हाम्रो र डिटीलाइडेटर मुटुलाई साफ गर्ने कहिलेकाही मुटु नै बन्द हुन्छ त्यो बेलामा हामीले मुटुलाई पम गरेर चलाएर वा त्यस्तो केही गरेर समस्या आयो भने मुटु चलाउनका लागि त्यो मेसिन १० वटा खरिद प्रक्रियामा छ । चाडै आउँदैछ । रगत परीक्षण गर्ने चार वटा खरिद प्रक्रियामा रहेको छ । अटोमेटिक प्रेटिन एनालाइजर त्यो पनि राख्नुपर्ने कुरा हो त्यो एउटा मेसिन हामीले खरिद गर्दै छौं ।

शिशुदेखि वयस्कसम्मलाई हुने एडेटिडन्योन्याटम भेन्टिलेटर ३ वटा हामी खरिद गर्दै छौं। खरिद प्रक्रियामा छ अब आउँदै छ चाडो । भिडियो एक्सरे गर्ने ३ वटा फोरकलर डब्लर पीएससी मेसिन २ वटा खरिद गर्दै छौं । यो सबै प्रक्रियामा गइसकेको छ अब आउँदै छ । भिडियो एक्सरे गर्ने मसिन ३ वटा खरिद गर्दै छौं हामी । त्यो सबै प्रक्रियामा गइसक्या छ । सोचि राख्या विषयमात्र होइन यो प्रक्रियामा गइसक्या छ । २ वटा रगत पिसाब नमुना परीक्षण गर्न सक्ने फुल्ली अटोमेटेड वायो मसिन ३ वटा खरिद प्रक्रियामा रहेको छ । सिटीजेड मेसिन एक, भिडियो इन्डोस्कोपी सिष्टम एक, यस्तो मेसिन ७० प्रकारका अत्यावश्यक एलोपेथिक औषधि खरिद गरी पर्याप्तमात्रमा सबै जिल्लाका अस्पतालका स्वास्थ्य कार्यालयमा पठाइएको र माग बमोजिम पुनः पठाउन सकिने अवस्था रहेको कुरा सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु ।

पीपीइ फुल सेट १२ हजार तीन सय प्रदेशमा रहेकोमा आवश्यकताका आधारमा वितरण गरिएको । तीन हजार नौ सय ५० मौदात रहेको १८ सय खरिद प्रक्रियामा रहेको छ हामीले ल्याउँदैछौं । पीपीइ गाउन हाम्रो ४ हजार ३ सय ५० मौदात रहेको छ । एन ९५ मास्क १० हजार ४ सय ६३ मध्ये आवश्यकताका आधारमा वितरण गरिएको सर्जिकल मास्क २ लाख ५१ हजार ६ सय ५० मध्ये आवश्यकताका आधारमा वितरण गरेको, इन्फ्राडेट गाउन ५ सय ८० मध्ये आवश्यकतामध्ये वितरण गरेको, सेनिटाइजर १४ सय ३२ लिटरमध्ये आवश्यकताका आधारमा विभिन्न जिल्लामा वितरण गरेको ग्लोब्स ७५ हजार ३ सय ४० जोडीमध्ये आवश्यकताका आधारमा वितरण गरेको । प्रयाप्त मौदात रहेको । १६ वटा डिसइन्फेक्सन प्याड वितरण गरेको जिल्लाहरूमा, एनटिमवृय ५ सय ५२, वेडसंख्या २५०, क्यारेन्टिनमा रहेका व्यक्ति संख्या ४ हजार ९ सय ११, आइसोलेसन वेड संख्या ३८३, आइसियु बेड संख्या निजी १८८ तर हामीले अहिलेसम्म कुनै पनि प्रयोग गरेका छैनौं । सरकारी १३ वटा छ जम्मा ।

यो जिल्लाजिल्लामा गरेर हामीले ४९ वटा थप्दै छौं र १० वटा हाम्रो लायन्स अस्पतालमा आइसियु बेड छ । यसरी अहिले भन्दाखेरी तपाईंको ट्याक्कै सरकारी स्थापना भएको १३ वटा मात्रै हो । भनेपछि हामी कुन ठाउँमा रहेछौं ? निजी क्षेत्रलाई

कति धेरै प्रायोरटी, सरकारी अस्पतालको कुन हालत ? हिजो माननीय एक जना सदस्यले भन्नुभएको थियो, यो सरकारी अस्पतालको स्तरोन्नति गर्नुपर्‍यो धेरै गर्नुपर्‍यो, निजी क्षेत्रलाई दिने कार्य अन्त्य गर्नुपर्‍यो भनेर । हामी त्यही बाटोमा छौं । तपाईंको त्यो सुझावलाई आलोचनालाई स्वागत गर्दै हामी कार्यान्वयनमा लाग्ने कुरा निवेदन गर्न चाहन्छु ।

**कोभिड कोषको आम्दानीबारे :** प्रदेश सरकारबाट ३० करोड जम्मा भएको छ २ पटक गरेर । व्यक्तिगत संघसंस्थाहरूबाट हालसम्म ३ करोड ३ लाख १२ हजार ३ सय ९८ जम्मा भएको छ ।

**कोभिड कोषको खर्च** : पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हामीले ५० लाख दिएका छौं हामीले जहाँ हाम्रो डेडिकेटेट अस्पताल छ । प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रको १३ करोड ५३ लाख ५८ हजारमध्ये केही सामानहरू खरिद गरिएको र केही खरिद प्रक्रियामा रहेको छ । प्रदेश स्वास्थ्य प्रयोगशालामा हामीले २६ लाख दिएका छौं । प्रदेश स्वास्थ्य निर्देशनालयबाट आइसियू जडान गर्न रु २ लाख १५ हजार विनियोजना भएको छ र कोषमा बाँकी रकम १८ करोड, ७१ लाख ३९ हजार ३९८ मौदात रहेको छ । उक्त कोष कोभिड १९ को उपचार गर्न औषधि, उपकरण, सवारी साधन खरिद गर्न तथा प्रदेश सरकार अन्तर्गतका सबै अस्पतालमा दुईदेखि ५ शैय्या क्षमताका आइसियु कक्ष निर्माण गर्न रु २७ करोड ४९ लाख विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थालाई गराइएको छ ।

अस्पतालमा स्वास्थ्यकर्मीलाई चौबिसै घण्टा आवतजावत गर्न र औषधि उपचार गर्न र ढुवानी गर्न प्रदेशका सबै अस्पतालमा सवारी साधनको व्यवस्था गरिएको छ । धेरै मासिनहरू यो कोभिडको उपचार नगरिकन गाडी चढेर मोज गर्नु परेको भन्नु भाछ, यहाँहरूले ध्यान दिनुपर्छ हाम्रो अस्पतालमा अहिलेसम्म एउटा पनि गाडी छैन, जिल्लाको जनस्वास्थ्य अस्पतालमा गाडी छ एउटा तर स्वास्थ्य अस्पतालमा जिल्ला अस्पतालमा एउटा पनि गाडी छैन, कर्मचारीको निशुल्क त्यो बिलासको लागि होइन, त्यसको सुविधाका लागि होइन, भएमा त्यो सुविधा कर्मचारीहरूले प्रयोग गर्न सक्छ सामानहरू ओसारपोसार गर्न पर्‍यो, औषधि ओसार्न पर्‍यो ।

एउटा अस्पतालमा एउटा पनि सवारी साधन नहुँदाखेरि उपचारमा कति धेरै समस्या पर्‍या होला । रात विरात मानिसहरू हिड्नुपर्ने हुन्छ, २४ सै घण्टा खट्नुपर्ने छ, त्यसैले प्रत्येक जिल्ला अस्पतालाई हामीले पिकअप भेनको व्यवस्था गरेका छौं । यस्तै प्रकारले अत्याधुनिक प्रविधियुक्त संक्रामक तथा सरुवा रोग अस्पतालका रूपमा लेखनाथ लायन्स सामुदायिक अस्पताललाई बनाउन प्रारम्भ भएको छ । रु ३ करोड २० लाखको काम भइरहेको छ । केही भाछैन, केही पनि भा छैन भन्नुभयो । अब निर्माण गर्ने कुरा त रातारात त भवन त नहोला, रातारात आइसियु कक्ष पनि स्थापना हुन्न होला,

रातारात ट्वाइलेट शौचालय पनि खडा हुन्न होला समय लाग्छ तर काम हुन्छ शुरु भाछ । किन भने हामीले यहाँ म एउटा कुरा निवेदन गर्न चाहन्छु, लेखनाथ सामुदायिक लायन्स अस्पताल जो समुदायमा आधारित थियो, समुदायद्वारा सञ्चालित थियो, त्यो अस्पतालको सञ्चालक समितिले हाम्रो मन्त्रालयसँग सम्झौता गरिसक्या छ ।

हाम्रो सबै कुराहरू मिलिसक्या छ । त्यो हामीलाई हस्तान्तरण गरिसके पछाडि नेपाल सरकारको पनि पोलिसी छ र त्यो पोलिसी पनि गण्डकी प्रदेश सरकारले भनेको, धेरै पटकजोड गरेको, हरेक पटक कम्सेकम टेकुमा मात्र होइन सरुवा तथा संक्रामक रोग अस्पताल राख्नुपर्ने अस्पताल विशेष गरेर सरुवा रोगहरूको उपचार गर्ने, त्यसको प्रयोगशाला स्थापना हुने भनेर त्यो सबै प्रदेशमा हुनुपर्छ भनेर हामीले गण्डकी प्रदेशमा सरुवा रोग अस्पताल स्थापना गर्छौं, उच्चतम प्रविधियुक्त प्रयोगशाला स्थापना गर्छौं भने पछि सबै प्रदेशमा प्रयोगशाला बनाउने कुरा, सबै प्रदेशमा संक्रामक सरुवा रोगको अस्पताल बनाउने कुरा नेपाल सरकारले निर्णय गरेको छ । हामीले पनि त्यही निर्णय गरेका छौं । हामी यो आर्थिक वर्षमा त्यो काम सम्पन्न गर्दै छौं र त्यसका लागि अहिले प्रारम्भिक काम पनि गरेका छौं । हामी परि आउँदा दोस्रो डेडिकेट अस्पतालका रूपमा लेखनाथ लायन्स सामुदायिक अस्पताललाई निर्माण गर्ने निर्णय गरिसक्या विषय हो ।

स्वास्थ्य क्षेत्रमा सुदृष्टिकरण गर्ने कार्यलाई हामीले निरन्तरता दिन्छौं र यो वर्ष पनि निरन्तरता दिन्छौं । किनभने हामीले जिल्ला अस्पतालहरूलाई कतिपय ठाउँमा १५ शैय्याको अस्पताल जस्तो दमौलीको १५ शैय्याको अस्पतालमा त्यहाँ थप १० शैय्या सञ्चालक समितिले चलाउन सक्ने गरेर २५ शैयाको अस्पताल छ । अहिले त्यहाँ व्यवहारिक रूपमा डायोलोसिस बेडहरू सञ्चालन भइरहेका छन् । स्याङ्जाको त्यही हालत छ अरु थुप्रै ठाउँहरूमा हामीले यी अस्पतालहरूको बेडको संख्या बढाएर मिनिमम मनाङ र मुस्ताङबाहेक त्यहाँ जनसंख्या थोरै भएर मनाङ मुस्ताङलाई हेला गरेर होइन, त्यहाँ निर्माण नगरेर होइन, अरु अस्पतालमा कमसेकम ५० वेडको अस्पतालहरू निर्माण गर्नका लागि त्यसको स्वीकृति गर्नका लागि यो साल पनि हाम्रो काम हुन्छ यो कुरा पनि निवेदन गर्न चाहन्छु । त्यस्तै अब पोखरा विज्ञान स्वास्थ्य प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई कोभिड अस्पताल बनाएको बारेमा धेरै माननीय सदस्यज्यूहरूले आफ्नो भनाइ राख्नुभयो ।

त्यहाँ कोभिड अस्पताल त्यहाँ किर्टिकल वार्डमा मान्छेहरू ल्यायो भने, आइसोलेसनमा मान्छे ल्यायो भने, चार, पाँच हजार मान्छेहरू ल्यायो भने तीन सय पचासको बेड छ त्यो सबै बेड खत्तम हुन्छ भन्ने होइन, त्यहाँ गएर अध्ययन गर्ने हो अनुमानमा बोल्ने होइन, त्यहाँका कर्मचारीको कुरा सुनेर यहाँ व्याख्या गर्ने पनि होइन, म अनुरोध गर्न चाहन्छु माननीयज्यूहरूलाई । यो रोष्टममा जनताले स्थापना गरेको यो रोष्टममा बोल्दाखेरी निकै गम्भिर भएर बोल्नुपर्छ । वस्तुवादी भएर बोल्नुपर्छ, हामीले धेरै छलफल गरेर, नेपाल सरकारले निर्णय गरेर, गण्डकी प्रदेशको एउटा मात्र ठूलो

अस्पताल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल हो त्यो पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई मैले डेडिकेटेट अस्पतालका रूपमा सञ्चालन गर्नुपर्छ भनेर नेपाल सरकारलाई निर्णय गरेर पठाएको हो । त्यसलाई हामी किन सिरियस भयौ भनेदेखि अहिले तपाईंको पूर्वाधार आज जुन बनाउँदै छ ३५ करोडको लागतमा जुन त्यो नयाँ बिल्डिङ बनाउँदै छ त्यो टोटल्ली आइसोलेटेट छ । कुनै कर्मचारीले भनेको जस्तो त्यहाँ आइसोलेसन वाड शुरु हुने बित्तिकै सारा अस्पताल बन्द हुनुपर्ने स्थिति होइन । आउने जाने बाटो पनि फरक छ, गेट पनि फरक छ । टोटल दुई वटा अलग अलग बिल्डिङ छ हामीले त्यो प्रयोगशाला भएको र नयाँ त्यो ५० बेडको बन्न सक्ने डेडिकेटेट अस्पताल बन्न सक्ने जुन अस्पताल छ त्यसलाई डेडिकेटेट अस्पतालको रूपमा भनेको हो, ३५० बोर्ड प्लस ५० सहितको त्यो ४०० को बेडसहितको भन्या होइन, त्यो सम्भावना छ, त्यसमा कुनै समस्या हुँदैन ।

यो सबै कुरा बुझेर मात्र कुरा गर्न पर्छ भन्ने लाग्छ मलाई । त्यसकारण हामीले यो निर्णय गरेका छौं र त्यस्तो अस्पतालको निर्माणको पनि हामीले ठेकेदारलाई नुवाकोटबाट ल्याएर, काठमाडौंबाट सामान ल्याएर त्यो बन्द भएको निर्माण कार्यलाई हामीले फेरि सञ्चालन गरेर अन्तिम चरणमा पुगेको हो । हो अहिले कोभिडको रफतारलाई हेर्ने हो भने अहिले ५४, ६० जना पुगिसक्यो हाम्रो आइसोलेसनमा राख्ने मान्छेहरु । त्यसो भएको हुनाले हाम्रो भएको एउटा सरकारी अस्पताल छ त्यसलाई प्रयोग नगरेर हामी कहाँ जान्छौं ? हामीले वैकल्पिक व्यवस्था पनि गऱ्या छौं । यदि पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई सबै ३५० प्लस नयाँ ५० ४०० बेड नै सञ्चालन गर्नुपर्ने स्थिति आयो भने त्यहाँ रहेका बिरामीबारे हामीले एउटा सम्झौता गरेका छौं । हामी मनिपाल अस्पताल पठाउँछौं, पठाउँदै छौं । हामी जीएमसीमा पठाउँछौं । चरकमा पठाउन सक्छौं, हामीले यी अस्पतालहरूसँग सम्झौता गरेका छौं । हामी सरकारको त्यो कुरा मान्नुपर्छ संक्रामक रोग यस्ता केशहरूलाई निजी, सामुदायिक होस् या सरकारी होस्, त्यहाँको कर्मचारी होस् या व्यवस्थापन समिति होस्, संक्रामक रोगको महामारी चर्कोको बेलामा कसैले काम गरेर भने त्यसलाई कारवाही गर्ने अधिकार नेपाल सरकारलाई छ, प्रदेश सरकारलाई छ ।

अहिले हामी प्रष्ट रूपमा भन्न चाहन्छौं जनताको जिउ धन बचाउन लागेका छौ कि हामी कुन यी कुरा गरिरहेका छौं हामी ? यसकारणले माननीय सदस्यज्यूहरूलाई यस्तो कुरामा नअल्झिदिन अनुरोध गर्न चाहन्छु । राहत वितरण गर्न प्रत्येक गाउँपालिकालाई ५ लाख रूपैयाँ दियौं । हामीले धेरै सोच्या थियौं गाउँपालिकाको जनसंख्याको आधारमा पनि वितरण गरौं तर यो सारा प्रदेशभर जाँदाखेरी राहत केन्द्रको काम लकडाउनको तेस्रो चरणमा पुग्दा नपुग्दा १५-१६ औं दिनमा पुग्दानपुग्दा हामीले साह्रै समस्या भयो,

दैनिक ज्याला मजदुरी गरेर खानेहरू, कलकारखानामा काम गर्ने व्यक्तिहरू या साना पसल चलाएर बस्ने मान्छेहरू सबै बेरोजगार बने । सबैभन्दा पहिला तिनलाई समस्या पऱ्यो । तिनको पेटमा मुसा दौडिने स्थिति बन्यो । सबैको चुलो निभ्यो । जेन तेन त १०, १२ दिन त उनीहरूले खाएर बसे । अब हामीले राहत वितरण गर्नुपर्छ भनेर व्यवस्थित रूपले ६ करोड ५० लाख रूपैयाँ प्रत्येक पालिकालाई ८५ वटा पालिकामा ५ लाखका दरले २६ वटा नगरपालिकालाई १० लाखको दरले ।

लमजुङ, गोर्खा र स्याङ्जा १० वटा नगरपालिका बराबरको गरिबीको रेखामुनी रहेका जनसंख्या महानगरमा पनि भएको हुनाले हामीले एक करोड रूपैयाँ महानगरलाई दियौं। हामीले करिब ८५ वटा पालिकामा करिब ८५ हजार घरधुरी गरिबीको रेखामुनी रहेका परिवारलाई ५ लाखको १४.४२ प्रतिशतको हिसाबले भन्दा तर समस्या कहाँनेर भयो भनेदेखि हामीले के भन्यौं, लोकतन्त्रमा जनताको विश्वास प्राप्त गरेको सरकार भएकाले हामीले अरु कुरा सोच्यौं, कार्यविधि बनायौं । कस्तो कस्तो व्यक्तिलाई दिनुपर्छ भनेर कार्यविधि बनायौं । केन्द्रको कार्यविधिलाई हामीले बनाएको कार्यविधि क्वाडिफाइड गऱ्यौ । केके दिने भनेर हामीले सामानको त्यो लिष्ट पनि पठायौं । यीमध्ये तपाईंले दिनुहोला भनेर । सकिन्छ भने स्थानीय उत्पादन दिनुहोला भनेर । हाम्रो त्यो निर्देशनलाई ताराखोला गाउँपालिका बाग्लुङले मात्र कार्यान्वयन गऱ्यो । त्यहाँको गाउँपालिकाले त्यहाँको कोदो, मकै त्यहीँको उत्पादन बाढ्यो ।

बिहारबाट ल्याएको, बंगालबाट ल्याएको चामल बाढेन । म ताराखोला गाउँपालिकालाई धन्यवाद दिन चाहन्छु । साथै पोखरामा हामीले पृथक पृथक समुदायवासी भएको वडामा यो टोलमा बाड्ने जिम्मा तपाईंको यो पहिचानको जिम्मा पनि तपाईंको, राहत बाँड्ने व्यक्तिहरूको पहिचानको जिम्मा पनि तपाईंहरूको तर त्यसका लागि पहिला तपाईंले वडासमितिलाई जिम्मा दिनुहोस् । वडा समितिलाई थाहा छ त्यो कुन कुन घरमा को को मान्छे बस्छन् भनेर । वडा समितिबाट त्यो रेकर्ड लिनुहोस् । वडा समितिले दिएको नाम र रेकर्डमाथि तल माथि भयो भने मैले प्रत्येक ८५ वटा गाउँपालिकाका २ जनाका अध्यक्ष बाहेक ८३ जनालाई फोन गरेर भन्या छु दुई तीन पटक । मेयर साप, अध्यक्षज्यू, यो पालिकामा अस्वाभाविक रूपमा राहतका लागि संख्या आयो भने त्यो करेक्सन गर्ने अधिकार तपाईंलाई छ ।

तपाईंको कार्यपालिकालाई छ त्यसमा अलिअलि तलमाथि हुन सक्छ । एक सय जनाले पाउनुपर्नेमा दुई सय जना पनि आएको होला । त्यसमा तपाईहरू जस्तो मान्छेले हाम्रो कार्यविधिलाई ठीक ढंगले कार्यान्वयन गर्ने स्थिति बनेन । त्यसकारणले अहिले हिसाब गर्दै जाँदा धेरै मान्छेले पाएको छ । एक लाख ७९ हजार ५५५ घरधुरीले पाएका छन् । जब कि ८५ हजार घरधुरीले मात्र पाउनुपर्ने थियो । त्यहीँ नेर हाम्रो कमजोरी भएको छ । स्थानीय तहको कमजोरी भएको छ, वडासमितिको कमजोरी भएको छ । र तपाईंहरूले भन्नुभयो, हामीले वितरण गर्न दिएको कुरा वितरण गऱ्यौं । कस्तो कुरा

गऱ्या । तपाईंहरू त विधायकहरू हो, प्रदेश सभाका माननीय सदस्यज्यूहरूलाई ५ किलो, २ किलो चामल बाँड्न हामी गाउँमा पठाउँछौं ? त्यहाँ चामल बाढ्ने त्यहाँ कुनै कार्यपालिका छैन ?

त्यसकारणले यो सानो कामका लागि हामीले किन माननीयलाई पठाएर त्यहाँ त्यत्रो समस्या भयो भन्ने मलाई लाग्दैन । त्यो त हामीले जनताबाट निर्वाचित भएको हाम्रै जनप्रतिनिधिमा विश्वास गर्नुपऱ्यो । हामीले वडालाई विश्वास गर्नुपऱ्यो वडाका जनप्रतिनिधिलाई विश्वास गर्नु पऱ्यो । त्यस्तो भन्दाखेरी केही न केही वडा समितिले उचित ढंगले काम गर्न नसक्दा कतिपय ठाउँहरूमा समयाहरू पैदा भएका छन् । म यहाँहरू समक्ष निवेदन गर्न चाहन्छु । मेरै जिल्ला दूधपोखरी गाउँपालिकाको एउटा वडामा कुन पार्टीबाट जितेको त्यो पनि भन्नु भन्नुहोला, मैले भन्दिन यहाँबाट । कुहेको चामल वितरण गर्नुभयो ठेकेदारसँग मिलेर । सिडियो कार्यालयबाट सहायक सिडियो पठाएर समातेर ल्याउनुपर्ने एउटा  जनप्रतिनिधिलाई । अहिले छानविनको क्रममा छ । केही तेस्तो कुराहरू तनहूँमा उठ्यो ।

अन्त कतै पनि उठेन । यो धाँधली भयो, गलत भयो, बेठीक भयो भनेर कसैले पनि भनेन । कही पनि आएन । खाली एउटा उजुरी कहाँबाट आयो भने धेरै पछि अलिकति तपाईंको भन्दाखेरी हातमा तपाईंको आइफोन भएका मान्छेहरू, औंलाभरी सुनका औंठी भएका मान्छेहरूले पनि लाइनमा लाएर उठाए । बेथिति भयो भन्ने कुरा आयो । त्यो तलको वडा समिति कार्यपालिकाले गऱ्यो कि उहाँले कडाइ गर्न सक्नु भएन त्यसमा । हामीले भन्या थियौं व्यवस्थित राहत बाढ्दाखेरी नागरिकलाई हेर्ने होइन, कुन देशको नागरिक हो भनेर हेर्ने होइन, कुन मान्छे भोको हो भनेर हेर्नुपर्छ ।

त्यो बेल्जिमएको हुनसक्छ, इन्डियन हुनसक्छ, बंगलादेशको हुन सक्छ त्यो नेपाली पनि हुन सक्दछ । ती सबैले पाउनुपर्छ भनेका छौं हामीले । मैले यही भनेर फोन गऱ्या थिएँ सबैलाई। तर धेरै ठाउँमा के हुने रहेछ, नागरिकतालाई आधार मान्ने, नागरिकतालाई आधार दिँदा के भयो त ? आफ्नो वडाका नभएका मान्छेलाई राहतबाट बञ्चित गरायो । आफ्नो क्षेत्रको, आफ्नो जिल्लाको, आफ्नो वडाको, आफ्नो पालिकाको नुहनेहरूलाई कामै भएन छ त्यसले गर्दा पछि कतिपय मान्छेहरूबाट हामीमा उजुरी आयो । अरुले त गर्न सक्ने स्थिति भएन तर पोखरा महानगरपालिकाले त्यो कामको रिभ्यू गऱ्यो । पुनः उनीहरूले ३०, ३३ हजार मान्छेहरूलाई वितरण गरे । यसरी वितरण गरेर हाम्रो प्रदेशमा भएको थोरै भएको राहत त्यसलाई पनि वितरण गरे । धेरै मान्छेलाई म पोखराको एउटा उदाहरण दिन चाहन्छु, उपल्लो मुस्ताङका धेरै व्यक्तिहरू यहाँ बसेका रहेछन् । यहाँ लक भएर । उहाँहरूलाई कुनै पनि वडाले आफ्नो वितरणको लिष्टमा राख्नु भएन । ती वडाहरूको कमजोरी हो । हामीले जसलाई विश्वास गऱ्यौं, विश्वास गरेको संस्थाले, व्यक्तिहरूले ठीक ढंगले काम गर्न सकेनन् या हाम्रो आचारसंहिता या हाम्रो मापदण्डले राम्रोसँग काम गर्न सकेन । त्यसबाट हामीले

न्याय दिनुपर्ने विषय त्यो रह्‍यो । यसैमा धेरै साथीहरूले भन्नु भएको छ, सर्वदलीय समिति बनाइदिए हुने थियो ।

मलाई के लागेको हो भने, सर्वदलीय समिति मैले धेरै ठाउँमा भनेँ, सबै ठाउँबाट मुख्यमुख्य भन्या छ, सकभर सर्वदलीय समिति गठन गरेर काम गर्दा हुन्छ तपाईंहरू विवादमा पर्न हुन्न तर कुनै मान्छले अनियमित रूपमा आफ्नो भोटरलाई दिन खोज्यो भने त्यो सर्वदलीय समितिले काममा सहयोग गर्छ तर सामान्य त्यो एउटा निर्वाचित समितिलाई विश्वास नगरेर हामीले भन्दा खेरी के हुन्छ ? हाम्रो यो संक्रमण कालमा पहिलाको जिल्ला विकास समिति त्यो सर्वदलीय ढंगले चलाएको जस्तो, गाविस सर्वदलीय ढंगले चलाएको जस्तो अहिलेको सिष्टमले त्यही जान सक्छौं हामी ? त्यहाँ जान सक्दैनौं हामीले निर्वाचित जनप्रतिनिधिसँग विश्वास गर्न सक्नुपर्दछ, तिनले ठीक ढंगले काम गर्न सक्नुपर्दछ । ठीक ढंगले काम गर्ने जिम्मा तिनीहरूको हो । धेरै ठाउँमा साथीहरूले  भन्नुभयो । मलाई नवलपुरका पनि धेरै साथीहरूले भन्नुभयो । हामीले सर्वदलीय बैठकबाट निर्णय गराएका छौं। कुनै समस्या छैन मुख्यमन्त्रीज्यू भन्नुभयो । उहाँहरूलाई धेरै धेरै धन्यवाद दिएँ । अरु धेरै ठाउँमा पनि त्यही भन्नुभयो, जसले यो काम यसरी गर्नु भएन त्यहाँ केही न केही समस्या देखा पर्‍यो ।

हाम्रो यहाँ काँग्रेसले जितेका ठाउँमा काँग्रेसका मान्छेले बढी पायो, कम्युनिष्टले जितेका ठाउँमा कम्युनिष्टका मान्छेले बढी पायो । अरु पाटीले जितेको ठाउँमा अरु पाटीले पायो अरे यस्तो किसिमको कुरा हाम्रो मान्यता, हाम्रो मापदण्ड विपरितको कुरा थियो । यस्ता केही कुराहरू भएका छन् तर सारमा भन्दा खेरी हाम्रो राहत फरक ढंगले वितरण भयो भन्न मिल्दैन केही केही ठाउँको कुराहरू जोडेर । त्यसकारणले गर्दाखेरी यो ठीक ढंगले सही गलत निर्णय भएको पछि हामीले करेक्सन गर्नुपर्ने कतिपय ठाउँमा रहेको र अब फेरि राहत दिने कि नदिने ? सोचि रहेको छु, यो मुख्यमन्त्रीले सोचिरहेको छ, कि अब राहत दिने कि नदिने । म यो भन्न चाहन्छु, हामीले यस्ता भोका मान्छेहरू पायौं भने माछा दिएर बचाउँछौं कि बल्छी दिन्छौं हामी ? यहाँहरूलाई के लागिरहेको छ ?

यो सम्मानित सदन समक्ष म के कुरा गर्न चाहन्छु भने, अब सधैं भोका मान्छेलाई माछा दिएर हुँदैन, आज दियो आज खान्छ फेरि भोलि पनि माग्छ, पर्सी माग्छ, निकपर्सी माग्छ, जब पेट खाली हुन्छ माछा मार्न थाल्छ उसले ऊ माछा मार्न जाँदैन त्यसकारण अहिले उसलाई माछा मार्ने बल्छी दिनु पर्‍यो । माछा मार्ने सीप सिकाउनु पर्‍यो । माछा मार्ने साधन दिनुपर्‍यो । हो त्यसैले हामी विकास निर्माणको काम सुरु गर्दै छौं उसलाई काम दिँदै छौं । उसलाई सीप, गैंची बेल्चा दिँदै छौं । अब उसले आफैं कमाइ गरेर आफै निर्वाह गर्न चुलो बाल्ने काम गर्न सकोस् हामी उसलाई कारखानामा पठाउँदै छौं ताकि उसले काम गरेर आफ्नो गुजारा चलाउन सकोस् । त्यो विधि प्रक्रियामा जानुपर्ला त्यो विधि प्रक्रियामा जाँदाखेरी केही छुटेको छ भने कोही संकटमा

छ भने असक्तहरू होला, अपांगता भएका व्यक्तिहरू होलान्, कतिपय ठाउँमा ज्येष्ठ नागरिक हुन सक्दछ, या तपाईंको टुहुरा बालबालिका हुनसक्छ, त्यसको बारेमा गण्डकी प्रदेश सरकारले कहिल्यै पनि पीठ फर्काउँदैन। उनीहरूलाई सम्मान गर्छ, उनीहरूलाई राहत दिन्छ यो पनि म निवेदन गर्न चाहन्छु ।

अब रहयो, अर्थतन्त्रलाई चलायमान गराउने कुरा, महामारीबाट प्रभावित, पर्यटन, कृषि, उद्योग, यातायातलगायतका क्षेत्रलाई जीवन्त तुल्याउन एउटा छुट्टै जीवन रक्षा कोष इन्टरप्राइजेज सर्भाइबल फण्ड भन्या छौं । मैले यो सर्भाइभबल फण्डको किन कुरा गऱ्या भन्दाखेरी गण्डकी प्रदेश सरकारले निक यी कुरा गर्दैछ भन्दाखेरी हाम्रो पर्यटन अझै पनि अलिअलि रिभाइबल हुने कुनै पनि सम्भावना छैन । खाली कसरी हाऊ टु सर्भाइभ दिस टाइम । यो बेला कसरी बाँच्ने भन्ने मात्रै कुरा छ उसको । कसरी होटल चलाइरहेको मान्छे, कसरी रेष्टुरेष्ट चलाइरहेको मान्छे, कसरी ट्राभल एजेन्सी चलाइरहेको मान्छे, साहसिक पर्यटकीय खेलहरू चलाइरहेको मान्छेलाई कसरी त्यही ठाउँमा राख्ने हो अहिले ? त्यो छोडेर भागेर नजाने स्थिति कसरी कायम गर्ने ? कसरी उसलाई त्यही जीवन्त राख्ने ?

त्यही जीवित राख्ने, उसको जीवनको रक्षा कसरी गर्ने भन्ने कुरा मात्रै अहिले प्राथमिक कुरा भएको हुनाले २ वर्षपछि मात्रै रिभाइभ हुन्छौं होला अहिले त सर्भाइभको कुरा मात्रै छ । त्यसकारण यो सर्भाइभ गर्नका लागि हामीले यो पर्यटन क्षेत्रको सर्भाइभका लागि हामीले के गर्न सक्छौं गण्डकी प्रदेश सरकारले ? धेरै कुराहरू उहाँहरूको बौद्धिक क्षेत्र नीतिगत कुराहरू छन्, आर्थिक कुराहरू वित्तिय क्षेत्रसँग सम्बन्धित कुराहरू छन्, राज्यसँग जोडिएको विषय छ, अर्थमन्त्रालयसँग जोडिएको विषय छ, जुन यो नीतिगत रूपमा हामीले यो प्रदेशले केही गर्ने सक्दैनौं । उहाँहरूले गण्डकी प्रदेशको सिफारिसमा पहिला पनि एक पटक राहतको प्रोग्राम आएको हो । पर्यटन क्षेत्रका लागि अहिलेको नीति तथा कार्यक्रमले धेरै कुराहरू बोलेको छ । तर त्यसलाई व्यवस्थापन कसरी गर्ने भन्ने कुरा हामीले पनि सघाउनु पर्ने छ, कर्जा, पुनर कर्जाको व्यवस्था गर्ने हो भने फेरि पनि यहाँको मिडल क्लासको पर्यटन व्यवसायीले राहत पाउँदैनन् भन्ने कुरा छ ।

त्यसकारणले लहरचाही सबैभन्दा तल्लो १० करोडको राखेर कमसेकम १० करोडको लगानी भएका मान्छेले पनि त्यो पुर्नकर्जा प्राप्त गर्ने वातावरण, सहुलियत पाउने कुरा व्यवस्थापन गर्नुपर्छ र राष्ट्रबैंकले काठमाडौंमा बसेर होइन, अब पोखरामा या सुर्खेतमा या धनगढीमा, बुटवलमा, जनकपुरमा, हेटौंडामा बसेर नै बिराटनगर बसेर नै काम गर्न पाउनुपर्छ, त्यहाँको राहत दिएर त्यो एउटा न्याय हुनसक्छ भन्ने कुरा गर्दाखेरी त्यो एउटा कुरा हामीले नेपाल सरकारलाई चाडै निर्णय गरेर  पठाउनुपर्छ । हामीले अनुरोध गर्नुपऱ्यो यसो गर्नुपऱ्यो भनेर उनीहरूको पुर्न कर्जाको कुरा छ, पुर्न ताजकीकरणको कुरा छ यो सबै कुरा हामी गर्न सक्दैनौं, राष्ट्रबैंकलाई या वाणिज्य बैंकहरूलाई नियमन गर्ने काम प्रदेश सरकारले गर्न सक्दैन ।

यो राष्ट्रबैंकले गर्न सक्छ यो नेपाल सरकारले गर्नुपर्छ । अर्थ मन्त्रालयले गर्नुपर्छ । त्यसमा हामीले सुझाव दिएर पठाउने छौं र हाम्रो पार्टमा हामीले गर्न सक्ने के हो ? हो त्यो हामी गर्न सक्दछौं । त्यसकारण त्यसमा हामीलाई भन्नुभएको छ उहाँहरूले यहाँ प्रदेश सरकारले दिन सक्ने के सहुलियत  छ ? त्यो हामीलाई दिनुहोला । हाम्रो त्यो लेआउट भएको छ कर्मचारीहरू त्यो कर्मचारीहरूलाई तालिम दिनुहोला, तालिम दिएपछि उनीहरूले खाना पनि पाउँछन्, जब तपाईंको पर्यटन व्यवसाय फेरि चलायमान हुन थाल्छ त्यो बेला फेरि हामीले काम गर्न सक्छौं । यसरी हाम्रो राहत हुन सक्छ । हामी सर्भाइभ हुन सक्छौं भनेर भन्नुभएको छ । त्यो कामका लागि हामीले त्यो फण्डको व्यवस्था गर्नुपर्छ ।

आगामी दिनमा त्यो सबै पर्यटन क्षेत्रमा कुन कुन कार्य क्षेत्रमा काम गर्ने, कृषि क्षेत्रमा कसरी राहत दिने, उद्योगको क्षेत्रमा, लघुउद्यम, साना या मझौला उद्यम, कुटिर उद्योगहरू होला यी सबै उद्योगहरू हामी कसरी पुर्ववर्त काम गर्न सक्छौं । यातायातको क्षेत्र होला, निर्माणको क्षेत्र होला सबै क्षेत्र कसरी बचाउन सक्छौं ? एउटा ठूलो प्लेटफम, इन्टरप्राइजेज सरकारले राखेर यो कसैलाई यो सार्वजनिक खपतका लागि, पपुलारिटी प्राप्त गर्नका लागि भनिएको विषय होइन, हामी गरेर देखाउँछौं यो कामलाई । हामी सबै सेक्टर-सेक्टर छुट्याएर फेरि यो सबै सेक्टर सेक्टर छुट्याउने हामीसँग समय नभएको कारणले गर्दाखेरी कति कुन सेक्टरमा लगानी गर्छुपर्छ भन्ने कुरा हामीसँग अहिले त्यस्तो खालको स्टडी नभएको कारणले गर्दा हामी इन्टरप्राइजेल सर्भाइबल फण्डको स्थापना गर्छौं सायद यो सभाइइबल फण्ड स्थापना गर्ने गण्डकी प्रदेश सरकार मात्रै हो आजको दिनसम्म । नीति तथा कार्यक्रम हामीले सबैको पढेका छौं । कहीँ जान पर्दैन हामी आफ्नो पार्टबाट कति गर्न सक्छौं त्यो गर्छौं ।

हामी सोझै गर्छौं हामीसँग उहाँहरूको कुरा भइरहेको छ, मैले उहाँहरूलाई भनिरहेको छु, कमसेकम अरु यो शिक्षा, कृषिको सम्बन्धित बजेट यहीँ राखौं, यातायातको यहीँ राखौं, निर्माणको यही राखौं, उद्योगको यही राखौं र पर्यटनको यही राखौं र कमसेकम हामीले एक अर्बको त्यो फण्ड बनायौं भने यहीबाट तिनै मन्त्रालयमार्फत कार्यान्वयन गर्ने गरेर हामी आफ्नो अध्ययनको आधारमा तथ्यांकको आधारमा बस्तुवादी भएर खास जसले राहत पाउनुपर्ने हो, जुन क्षेत्रले राहत पाउनुपर्ने हो त्यो क्षेत्रले राहत पाउने एउटा एजेन्डामा हामी छौं यो कुनै जनतालाई बाँड्नका लागि ल्याएको फण्ड होइन भन्ने कुरा निवेदन गर्न चाहन्छु । लकडाउनको अवधिमा अत्यावश्यक सुरक्षाको उपाय अपनाउँदै विकास निर्माणको कामहरू सुचारु गरेका छौं हामीहरूले । अहिले पनि धेरै ठाउँमा सुधारहरू भएका छन् । त्यो अर्थतन्त्रलाई चलायमान बनाउने विषय यहीँ हो ।

यसलाई कसरी हाम्रो नीति कार्यक्रममा ल्याउने ? आगामी बजेटमा यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा हाम्रो नीति तथा कार्यक्रमले बोलेको विषय हो । आधारभूत

खाद्यपदार्थ, खाद्यपदार्थका उत्पादन सामग्रीका उद्योग, कलकारखाना पुनः सञ्चालन गर्ने व्यवस्था हामीले गरेका छौं । कृषि उत्पादनलाई सुचारु गर्न आवश्यक, मल, बिऊ, बिजन, कृषि औजारमा सहजीकरण गर्न हामीले नै गरेका छौं । सुरक्षात्मक उपाय अपनाई निर्माण सामग्री ढुवानीका लागि व्यवस्था गरिएको छ तर हामी नै हौं यो मुख्यमन्त्रीले बारम्बार भनेको छ, दुई महिना अघि बाट । अहिले हाम्रो लकडाउनको कारणले कामबाट छुट्टिएका कुनै व्यक्तिहरूलाई घरघर पठाउने गरेर नउकासौं ।

उकासे भन्छु मैले यो मलाई आरोप लगाएको नभन्नुहोला तर मलाई त्यसो लागिरहेको छ आज पनि । मान्छे पपुलर हुनका लागि यति गाडी पठाए, यति गाडी पठाउन पर्‍यो, लो फलानो जान पर्‍यो भन्ने खालको । दुई दिनको कुरा सोचौं गण्डकी प्रदेश सरकारले विकास निर्माणको काम शुरु गरेको छ । धेरै मजदुरहरूले काम पाउँदै छन्, खाना पाउँदैछन् त्यसकारण त्यो कामका लागि हामीहरूले फेरि पनि ल्याउनुपर्ने हुन्छ, अर्को लकडाउन शुरु हुन्छ, अर्को समस्या सुरु हुन्छ त्यो बेला धेरै संक्रमित भइसकेको हुन्छ, उनीहरूलाई ल्याउने कुरा कठिनाइ हुन्छ भन्ने कुरालाई मानेका केही निर्माण व्यवसायीहरूले यहीँ राखेँ । ४० प्रसेन्ट, ५० प्रसेन्ट, ६० प्रसेन्ट मजदुरहरू । उनीहरूले काम शुरु गरेँ । पछि सजिलो भयो उनीहरूलाई चाँडै ल्याए उनीहरूले । ती ल्याउन नखोज्ने, अटेर गर्ने, छलछाम गर्ने जो निर्माण व्यवसायीहरू थिए उनीहरूले त्यो काम गरे । अहिले पनि उनीहरूको त्यो काम शुरु भएकै छैन । म त्यस्ता उद्योगीहरूलाई धन्यवाद दिन चाहन्छु ।

खास गरी कर्मचार्य बिस्कुट कारखानाको, त्यस्तो लकडाउनको बेला पनि आफ्नो कारखाना भित्र क्वारेन्टाइन खडा गरेर कमसेकम ४० प्रसेन्टको सामर्थ्यमा त्यो उद्योग चलाइरह्यो । हामीले त्यसलाई सम्मान गर्नुपर्छ, जसले संकटको बेला पनि आफ्नो उद्योग व्यवसाय चलाएको छ । कुनै हाम्रो लकडाउनलाई उल्लंघन गरेर होइन, यहाँ त्यस्ता धेरै उद्योगहरू हाम्रो सुजल फुड्का कुरा गर्न सक्छौं जसले त्यस्तो काम गरिरहेको छ । उनीहरूलाई हामीहरूले सघाउने हो कि हैन ? कमसेकम हामीले त्यो फुल क्यापासिटीमा चलाउन नसक्ला तर ३० प्रसेन्ट क्यापासिटीमा, ४० प्रसेन्टको, ५० प्रसेन्टको क्यापासिटीमा चल्ला बिस्तारै-बिस्तारै त्यहाँबाट हामीले डिपार्ट गरौं हामी । र हाम्रो उद्योग कलकारखाना सबै चल्ने अवस्थामा पुर्‍याऔं । ताकि कोभिड सक्कियो भनेर ब्रेक लाग्ने बित्तिकै त्यस पछाडिको मोडमा हामीले के गर्छौं भने हामी सहज ढंगले अगाडि बढ्न चाहन्छौं । त्यसकारणले त्यसका लागि अहिले डिट्र्याक हुन थालेको हाम्रो इकोनोमीलाई ट्र्याकमा ल्याउनका लागि, लिकबाट बाहिर जान लागेको हाम्रो यो उत्पादनको कामलाई लिकमा ल्याउनका लागि ताकि ब्याक गिएरमा गइसकेको गाडीलाई हामीले जिरो गियरमा ल्याउनु पर्‍यो । जिरो गियरमा ल्याइसकेपछि एक गियरमा ल्याउनु पर्‍यो ।

परिस्थिति सहज भयो भने त हामी दोस्रो गियर, तेस्रो गियर, चौथो गियर पाँचौं गियरमा गुड्न सक्छौं अनि आफ्नो गतिमा लैजान सक्छौं हाम्रो गाडी । हो त्यही सम्झेर गण्डकी प्रदेश सरकारले यो निर्णय गरेको हो । त्यसकारणले केही पनि भाछैन भनेर तपाईंहरूले जुन चाहि भन्नुभयो, दुःख मान्नु त मैले छैन किन भने म त मुख्यमन्त्री हुँ । सरकारको प्रदेश प्रमुख हो त्यो कारणले दुःख मान्या छैन मैले तर यस्तो आधारहिन कुराहरू, दिउँसै रात पर्ने कुराहरू सार्वजनिक खबरको लागि नबोल्दिनुहोला यो सम्मानित रोष्ट्रमबाट अनुरोध गर्न चाहन्छु ।

लकडाउनको बेला एउटा कुरा के फेरि आयो भने, लगानी सम्मेलनको विषय घाइते बन्यो । लगानी सम्मेलन हामीले पहिलो वर्ष नै गर्ने भनेका थियौं । पहिलो वर्ष हामीले २०७५/०७६ मा लगानी सम्मेलन गर्न सकेनौं । यो वर्ष२०७६/०७७ मा पनि लगानी सम्मेलन हामीले भनेको समयमा गर्न सकेनौं । तर मिनी लगानी सम्मेलनहरू, एनआरएनहरूको सेन्टर मिटिङ यही बस्यो, उनीहरूसँग लगानीका बारेमा हामीहरूले धेरै कुराहरू गऱ्यौं । त्यसले पनि हामीलाई केही होमवर्क भयो र उनीहरूले पनि हामीलाई सघाउने कुराहरू, यहाँ लगानी गर्ने कुराहरू गऱ्यो । यसबाहेक हामीले गर्न किन सकेनौं भन्दाखेरी हामीले प्रथम पञ्चवर्षीय योजना बनायौं । दिगो विकासको लक्ष्यलाई पनि हामीले यान्त्रिकीकरण गरेर १२ वर्षे बनायौं । दीर्घकालीन योजना पनि बनायौं । तर यो योजना बनाएर हाम्रो डकुमेन्ट तयार भएको झण्डै १५ महिना भइसक्यो तर अस्तिको दिन मात्रै हामीले किन विमोचन गर्नु पऱ्यो ? नेपाल सरकारले बनाएन, गर्नु हुन्छ के ?

नेपाल सरकारले नबनाउने ५ वर्षे आवधिक योजना नबनाउने, हामीले प्रथम पञ्चवर्षीय योजना उसलाई ऊसँगै कार्यक्रम लिएर नबनाएर भोलि फेरि पुर्न लेखन गर्नुपर्ने, रिजिट गर्नुपर्ने स्थिति आयो भने के हुन्छ भनेर हामीले अनि उहाँहरूले पनि भन्नुभयो सबैभन्दा अगाडि बढेको राम्रो काम गरेको तपाईंहरूले हो, तपाईंले हामीलाई पनि सिकाउनु भयो कतिपय १०-१२ बुंदामा यसकारणले हामीले चाँडौ गर्छौं, हामी सँगसँगै प्रकाशन गर्नुहोला भनेर उहाँलाई पर्खदा पर्खदा उहाँहरूले पनि यस्तो फूल फेजमा होइन एउटा आधार पत्र तयार गऱ्या छ त्यो आधारपत्रलाई प्रथम पञ्चवर्षीय योजना भनेर घोषणा गऱ्या छ । हामीले आधारपत्र तयार गरेको एक वर्ष भइसक्यो । त्यसकारणले यो सबै कुराहरू गर्दाखेरी हामीसँग आयोजना बैंक तयार गर्ने स्थिति भएन । आयोजना बैक तयार नगरिकन केको लगानी सम्मेलन गर्ने ? गरे लगानी सम्मेलन १ नम्बरले गऱ्यो होला तर गर्नका लागि गऱ्यो। त्यसबाट के प्राप्त भयो ? के भन्नुभयो उहाँहरूले ? हामी चाहन्छौं बिजुलीका यति, यति, यति आयोजनाहरू छन् ।

ती आयोजनामा यति-यति करोड, खबर वा अरब लगानी हुन्छ । यति वर्षमा सकिन्छ, यति मान्छे लगानी हुन्छन् । यति आम्दानी हुन्छ, यति राजस्व उठ्छ । आयोजना बैंक भन्या त्यही होला नि ? अनि हाम्रो पुल र सडक निर्माणका कुराहरू, हामी त्यो पनि

राख्न चाहन्छौं, बिजुलीका, सौर्यका राख्न चाहन्छौं, हामीहरू उद्योग किन नखोल्ने भन्ने कुरा भन्न चाहन्छौं । त्यो सबै काम हामीसँग, त्यो सबै डिटेल आयोजना बैंक तयार गरेर तयार हुनुपऱ्यो हामीसँग । कमसेकम प्रदेश गौरवको आयोजनाको डिटेल हुनुपऱ्यो हामीसँग । प्रदेशको रूपान्तकारी आयोजनाहरूको डिटेल्स हुनुपऱ्यो हामीसँग । डीपीआर हुनुपऱ्यो हामीसँग । केही नभए पनि इञ्जिनियरिङ रिपोर्ट हुनुपऱ्यो हामीसँग ।

त्यसको आधारमा अनि बल्ल हामीले लगानी गर्ने ढंगले अगाडि बढ्न यो हाम्रो सिमेन्ट उद्योग छ, यो हाम्रो प्रस्ताव हो । यसमा यति अर्ब लगानी हुन्छ, यो यति वर्षभित्र सकिन्छ, यसबाट यति लाभ हुन्छ तपाईंले लगानी गर्नुहोस् । हामी हाम्रो तामाखानी, हाम्रो फलाम खानी यस्तो छ, तामा फलाम उत्पादन गर्नलाई यसलाई चलाउनलाई यति वर्ष लाग्छ यति खर्ब लगानी हुन्छ, यति मान्छे चाहिन्छ, हामी यसको लागि कानूनहरू बनाउँछौं, जग्गा जमिन प्राप्त गर्ने सहज तरिका बताउँछौं । या हाम्रो उत्तर नाका भन्नुहोस् या दोर्दीको मादिको कुरा गर्नुहोस् या काली गण्डकीको कुरा गर्नुहोस् हामीसँग यस्ता यस्ता आयोजनाहरू छन् । या हामीले भोलि कुनै दिन भन्दाखेरी हामीसँग हाम्रो लगानी ५ अर्ब लाग्ने छ, यस्तो बनाउनुहोस् यस्तो तपाईले बनाउँदा थोरै नचलाउनुहोस् हामीलाई २५ वर्ष भित्र हस्तान्तरण गरे हुन्छ । यस्ता हामीसँग तयारी हुनुपऱ्यो नि । त्यसकारणले रहरका लागि प्रचारका लागि, पपुलारिटीका लागि हामीले लगानी सम्मेलन गरेनौं । सायद यो वर्ष पनि हाम्रो लगानी बैंक संस्थागत रूपमा आयोजना बैंक तयार भयो भने आयोजना बैंकको साथसाथमा हामीले लगानी सम्मेलन गर्न पनि सक्छौं नगर्न पनि सक्छौं तर त्यो सबै कुरा नगरिकन लगानी गर्दाखेरी लगानीकर्ताहरूलाई हामी के भन्छौं ? हामी नेपाल सरकारले गरेको लगानीलाई पनि हेरेका छौं हामी मैले आलोचना गरेकै छु त्यहाँ । त्यो ज्याम्बोरी जस्तो लगानी सम्मेलनको केही अर्थ छैन प्रधानमन्त्रीज्यू भनेर उहाँलाई भन्या छु । हामीले ठ्याकठ्याकति भन्न सक्नुपऱ्यो यसमा यति लगानी गर्नुहोस्, उद्योग क्षेत्रमा यो, अस्पताल क्षेत्रमा यो, खानीको क्षेत्रमा यो, एसेम्बलिंग इन्डष्ट्रीमा यो के भन्ने ? सबै भन्नुपऱ्यो कृषिमा यो । यो सबै कुराहरू गर्ने भनेर भन्नुपऱ्यो ।

त्यसो भएको हुँदाखेरी नेपाल सरकारको अहिले पनि हामी आलोचना गर्दछौं । नेपाल सरकारले जति लगानी ल्याउनुपर्ने हो त्यो लगानी चाहेको जस्तो हामीले भनेको जस्तो आएको छैन । त्यो नआउनुमा के छ भने तयारी बिनाको लगानी सम्मेलन गरेर हामीलाई लाभ हुने आधारमा हाम्रो ब्याक ट्याक गरेको हो । यदी कुरा यहाँहरू समक्ष निवेदन गर्न चाहन्छु । यो नगरेको कुरा तपाईंहरूले औंल्याइदिनु भयो यति कुराहरू भन्ने अवसर मलाई मिल्यो त्यसका लागि धन्यवाद दिन चाहन्छु ।

अर्को तपाईंको लकडाउनमा कृषि उत्पादनका रोजगारीका कुरा, लकडाउनको बेला प्रभावित दैनिक ज्यालादारी मजदुरी गर्ने उद्योग, सेवा क्षेत्रमा काम गर्ने मजदुर, वैदेशिक रोजगारबाट फर्केको मजदुर, वैदेशिक श्रमबाट फर्केको मजदुर, बजारमा नयाँ

थपिने मजदुरहरूलाई स्वरोजगार बनाउन सीपमूलक तालिम दिन बिऊ पूँजी व्याजमा अनुदान दिने व्यवस्था गरेका छौं । तर अचम्म लाग्छ, हामी भन्या छौं निब्याजे दिने या ब्याजमा मिनाहा दिनी भनेर । यो यही आर्थिक वर्षभित्र एकदमै जोडबल गरेर हामीले भन्यौं साडे ४ करोड कृषि ऋणमा अनुदान ५ प्रसेन्ट अनुदान आधा ऋण व्याज तिर्दिने हामीले भनेर निर्णय गऱ्यौं । कृषि मन्त्री यही हुनुहुन्छ, ४ करोड ५० लाख अहिलेसम्म कति लाख लग्यो ? लाखको कुरा छ, लगेको चाही ५ प्रशेन्ट ब्याज लगेको कृषि ऋणको ब्याज तिर्नलाई ? लग्या छैन हामी कहाँ छौ ? हामीले रहर गरेर मात्रै हुँदोरहेन्छ हेर्नुहोस् हामीले या त उनीहरूलाई चित्त बुझाउन सक्या छैनौ या त उनीहरूलाई हामीले सम्झाउन सक्या छैनौं ।

या उनीहरूको चाहना र हामीले चाहेको जस्तो पोलिसीहरू मिलिराख्या छैन । के होला त किन ? मेरो अनुमान थियो साढे ४ करोड हामीले लगानी गरेर कमसेकम ४०, ५० करोड कृषि क्षेत्रमा लगानी पर्छ होला निजी क्षेत्रको व्यक्तिहरूको पर्छ होला भन्ने थियो तर त्यस्तो भएन नि । त्यसकारणले हामीले इम्पोज गरेको निर्णयहरूले हुँदोरहेन्छ । त्यसमा पनि हामीले पुर्नविचार गरेर कहाँ कसरी लगानी गर्ने, लगानी त गर्नुपर्ने छ, सबसिटी त दिर्नुपर्ने छ कृषिमा तर कहाँ दिनी भनेर हामीले व्यापक छलफल गरेर मात्रै त्यो निष्कर्षमा पुग्नुपर्छ । पोलिसीकल अनुदान दिनी भन्छौं हामी कुन क्षेत्रमा कसरी दिने भन्ने कुरा फेरि पनि छलफलको विषय हुन सक्दछ ।

त्यस्तै प्रकारले बेरोजगार श्रमशक्तिलाई स्थानीय तहसम्म सम्मन्वय गराउने यसबाट हामीले रोजगारी सिर्जना गर्ने हामीले के भन्या छौ भने संघ सरकारले करिब सात लाख जति होला रोजगारी सिर्जना गर्ने हैन ? सात लाख कि ३ लाख ५० हजार ? मैले मेरो योजना आयोगको प्लानिकल भिसीसँग सोधेँ, हामी धेरै गफ गर्न सक्दैनौं हामी कमसेकम यो वर्ष ५० हजारलाई रोजगारी सिर्जना गर्ने क्षेत्रहरू पहिचान गरौं । कुन-कुन क्षेत्रबाट कति हजार रोजगारी सिर्जना गर्न सक्छौं हामी ? अनि हामीले भन्यौं कृषि क्षेत्रमा यो कन्ट्र्याक बेसिसमा खेतीबाली गर्न थाल्यौ भने बाँझो जमिनमा हराभरा बन्छ होला, या मुख्यमन्त्रीको गाउँमा प्रभावकारी रूपमा सञ्चालन गरियो भने त्यही एउटा क्षेत्रमा ५० घरधुरी सामेल हुन्छन् ।

५० जनालाई त्यहाँ स्वरोजगार प्राप्त हुने भयो । त्यसैमा जोडिएर अरु आएर सय डेढ सय जना हुन सक्दछ । ७२ वटा गाउँछन् अब ८७ वटा हामीले पुऱ्यायौं भने अब के हुन्छ ? कमसेकम एउटा गाउँमा सय जना भयो भने कति होला ? ८७ को सय भनेपछि ८ हजार ७ सय जना यस्ता यस्ता करारबन्दी, चक्लाबन्दी । उदाहरण दिएर भन्न चाहन्छु, चक्लाबन्दीमा अलिकति इन्ट्रेष्ट बढ्दै गइरहेको छ । साउदी अरेबियामा काम गर्ने स्याङ्जाली दाजुभाइहरू अहिले वालिङ र पुतलीबजारमा चक्लाबन्दी अभियान शुरु गऱ्या छ। प्रदेश सरकारले त्यहाँ सहयोग पनि गऱ्या छ । यस्तो अभियान अल्ली व्यापक रूपमा जान सक्यो भने त्यहाँबाट धेरै स्वरोजगार सिर्जना हुनसक्छ भनेर

हामीले कृषि क्षेत्रबाट, करार खेतीका माध्यमबाट, चक्लाबन्दीका माध्यमबाट या अरु क्यासफलो हुने अरु खेती गरेर हामी कमसेकम २० हजार रोजगारी सिर्जना गर्न सक्छौं कि भन्ने क्रममा हामी छौं त्यस्तै प्रकारले बेरोजगार श्रमशक्ति कृषि, वन, जडिबुटी जस्ता क्षेत्रमा लघुउद्यम प्रवर्द्धनमार्फत् २० हजार लघुउद्यम धेरै छ रेशम खेती अल्ली बढायो भने त्यसले धेरै स्वरोजगार सिर्जना हुन सक्दछ । यहाँ बनसँग हामीले पेष्ट सानासान हर्बल पेष्ट, हामीले सानासाना इन्टडस्टीहरू खोल्यो भने धेरै रोजगार प्रबर्द्धन गर्न सक्छ भनेर त्यो क्षेत्रमा हामीले २० हजार स्वरोजगार सिर्जना गर्न सक्छौं की भन्ने छ ।

हामीले ४० हजार त्यसमा पनि सेवासुविधा जस्तै पुटिन, वाइरिङ, साइकिल, वर्कसप, विद्युतीय सामानको मर्मत, ठेलागाडामा तरकारी बेच्ने, खुद्रा पसल आदि क्षेत्रमा १० हजार जना स्वरोजार उत्पादन गर्नका लागि हाम्रो बजेटिङ हुनुपर्छ भन्ने हाम्रो मान्यता छ । यसरी ५० हजार मान्छेलाई रोजगार, स्वरोजगार सिर्जना गर्ने काममा यसपटक हाम्रो कृषि क्षेत्र लाग्छ, हाम्रो उद्योग क्षेत्र लाग्छ । हाम्रो सेवा क्षेत्र लाग्छ, यसका माध्यमबाट यसर लाग्न सक्छ भनेर हामी लाग्या छौं । र हामीले यो अनुसारको कार्यक्रम ल्याउँछौं र ५० को ६० पनि हुन सक्दछन्, ५० को ४० पनि हुन सक्दछ तर हाम्रो उद्देश्य ५० हजार स्थापना गर्ने हो ।

**अब नयाँ कार्यक्रम :** यसपटक हाम्रो धेरै साथीहरूले भन्नुहुन्छ । समाजवाद, समाजवाद, यो समाजवाद बेची खाने चिज हो कि क्या हो । हात्तिको देखाउने दाँत हो कि क्या हो भनेर भन्या छ र कतिपय साथीहरूले भन्नुभयो । यो तपाईंको समाजवाद विरोधी बजेट जस्तो देखियो । भन्दाखेरी समाजवादी भन्ने, भन्दाखेरी कम्युनिष्ट भन्ने, बोल्दाखेरी स पनि उच्चारण नगर्ने, संविधानले समाजवाद उन्मुख भन्या छ, समाजवादी व्यवस्था भन्या छ भन्ने कुरा पनि गर्नु भयो । म राजनीति हिसाबले यस्तो कुरा उठाउने साथीहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । कही हामी वैचारिक रूपले विचलित भएका छौं कि ? यस्त कुराले हामीलाई धेरै मार्ग दर्शन गर्ने गर्दछ । यस्तो आलोचना, सुझावले । त्यसकारण म यस्तो सुझावलाई सम्मान गर्दै गण्डकी प्रदेश सरकारले यस पटक दुई तीन वटा कुराहरू कमसेकम आधारभूत जनतासँग जोडिएर समाजवाद उन्मुख समाजको निर्माण गर्ने विषयसँग जोडिएर ल्याउनुपर्छ भन्ठानेका छौं। त्यसमा हामीले के भन्यौ भन्दाखेरी विपन्न परिवार लक्षित गरी आगामी आर्थिक वर्षमा सुपथ मुल्य कार्ड वितरण गर्नुपर्छ, रासन कार्ड वितरण गर्नुपर्छ भन्या छौं हामीले ।

त्यसमा सरकारको दायित्व बढ्छ । जस्तो हामीले जुन पसलसँग सम्झौता गर्छौं प्रदेश सरकार, आपूर्ति मन्त्रालयले जुन सम्झौता गर्छ त्यहाँ निश्चित रूपमा सस्तो सामानहरू पाउने, गुणस्तरीय सामान पाउने हुन्छ, उदाहरणका लागि १५ रूपैयाँ पर्ने कुनै चियाको पाकेटलाई त्यहाँ १० रूपैयाँमा पाउने भयो त ५ रूपैयाँ उसले घाटामा बेच्यो नि ? त्यो ५ रूपैयाँ प्रदेश सरकारले त्यो दोकानेलाई तिरिदिनुपर्ने भयो ।

इन्डियामा रासन कार्ड भनिन्छ, रासन कार्ड वितरण गर्ने आधार केलाई भन्ने ? हामीले यसमा भनिरहेका छौं यसको मूल आधार गरीबीको रेखामुनी रहेका अति विपन्न घर परिवारलाई हामीले यो कार्ड भित्र प्रवेश गराउनु पर्छ भनेका छौं । त्यसमा केही केही दैनिक ज्यालादारी काम गर्ने विपन्न, सुकुम्वासी या के-के भन्छौं त्यस्तोलाई पनि सामेल गर्न सकिएला तर यो हाम्रो कार्यविधि बनाउँदा खेरी मापदण्ड बनाउँदा खेरी निर्धारण हुन्छ । जे होस् आधारभूत परिवारका मान्छेलाई सस्तोमा गुणस्तरीय सामान उपलब्ध हुने व्यवस्था नै सहुलियतको रासन कार्डको व्यवस्था सुपथ कार्डको व्यवस्था हुनुपर्छ भनेका छौं । यो एउटा हाम्रो विपन्नहरूलाई राहत दिने कार्यक्रम हो ।

अर्को हामीले भन्या छौं संघीय सरकारले भन्थ्यो हामी खुसी छौं हाम्रो नीति र कार्यक्रमले भन्या कुरा संघीय सरकारले बजेटमा ल्याइदियो । ७ अब स्वास्थ्य विमालाई पहुँचको विषय बनाउने भनेर भन्या छ । अब अर्को तीन वर्षभित्र सक्ने भनेर भन्या छ। हामीले त सुरुबाट नै के भन्या थियौं भनेदेखि कमसेकम हामीले कहाँबाट शुरु गरौं भन्दाखेरी अहिले हामी अति विपन्न गरिबीको रेखामुनी रहेका घर परिवारबाट यो वर्ष शुरु गरौं । त्यसकारणले यो २ वर्षभित्र त्यो सकेर बाँकी अरु परिवारलाई हामीले सिष्टमका आधारमा स्वास्थ्य बिमामा आबद्ध गरौं । अब जिल्ला जिल्लाका अस्पताल ५० शैय्याको भएपछि विभिन्न विशिष्ट सेवाहरू प्रदान गर्ने अस्पताल भइसक्या हुन्छ । हामी यहाँ टिचिङ हस्पिटल निर्माण गर्दै छौं । गण्डकी अस्पताललाई पनि हामीले १४ करोड खर्च गरेर यो वर्षमा लिबर फेर्न सक्ने अस्पतालका रूपमा, किड्नीको टान्सप्लान्ट गर्ने अस्पतालको रूपमा, मुटुको उपचार गर्ने अस्पतालको रूपमा, क्यान्सरको उपचार पनि गर्न सक्ने मेनपावर हामीसँग छ त्यसका लागि आवश्यक इक्युपमेन्ट राखेर हामी अगाडि बढाउने पर्यत्नमा छौं त्यसकारणले कमसेकम स्वास्थ्य बिमामा आवद्ध भएका व्यक्तिहरूले असाध्य रोगमा पनि गण्डकी प्रदेशमै उपचारमा प्रबन्ध हामीले गर्नुपर्छ भनेर स्वास्थ्य सेवामा आम जनताको पहुँचमा पुऱ्याउनु पर्छ भनेर यो वर्ष जति खर्च लागे पनि ३० करोड, ५० करोड, ६० करोड जति लागे पनि हामीले गर्ने भनेर भन्या छौं ।

अब बजेटको कन्सेन्ट त छँदै छ तर यो वर्ष हामीले शुरु गर्छौं यो पनि समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने सेवा प्रदान गर्ने महत्वपूर्ण पाटो हो भन्ने लाग्छ मलाई । त्यस्तै प्रकारले तपाईंको यो शहीद परिवार, वेपत्ता परिवार, अन्धा, अपांग आदि इत्यादि परिवारका सदस्यहरू छन् जो जिन्दगीभर आन्दोलनमा लागेको, क्रान्तिमा लागेको कारण परिवारले दुःख पाएको छ । नेता हुनेमान्छे अलिअलि हुने खाने मान्छे मरेर गैहाल्यो जुन परिवारले त्यस्तो दुःख पाइरहेको छ । त्यसमा पनि कुनै न कुनै या स्वरोजगार सिर्जना गर्ने कुरामा होस् या व्यापार व्यवसाय गर्ने कुरामा केही न केही गर्ने कुरामा राज्यले राहत दिनुपर्दछ । राज्यले उनीहरूलाई सहयोग गर्नुपर्दछ भन्ने मान्यताका साथ हामीले हाम्रो नीति र कार्यक्रममा व्यवस्था गरेका छौं र अरु बजेटमा

पनि त्यो कुरा व्यवस्था हुन्छ । यो सालदेखि हामी त्यो कामको प्रारम्भ गर्छौं हामी र हाम्रो कार्यविधिको तीन वर्षभित्र सबै कुराकानी सक्छौं ।

यो पनि हामीले यसबाट सुधार गर्न खोजेको नयाँ विषय हो भने लाग्छ मलाई । यसै विषयमा हामीले भन्नुपर्ने यस पटक हामीले यो खाद्य बैंक स्थापना गरेर म यहाँहरूलाई निवेदन गर्न चाहन्छु । मैले यहाँबाट कुनै घमण्ड गऱ्या हैन । यस पटक नेपाल सरकारले गण्डकी प्रदेश सरकारले गत वर्ष परारको भन्दै आएको केही नीतिगत कुराहरू आफ्नो नीति, कार्यक्रम तथा बजेटमा समावेश गऱ्यो । यो हामी सबैका लागि गौरवको विषय हो । त्यो विषय के थियो ? गण्डकी प्रदेश सरकारले भन्यो खाद्य बैक हुनुपर्छ । यो खाद्य सुरक्षाको कुरा गऱ्या छौं खाद्य सम्प्रभूताको कुरा गरेका छौं । इन्टरनेशनल सेमिनारमा हामीले ठूलो रूपले कमिन्टमेन्ट गर्छौं । गर्छौं तर नेपालमा आइसकेपछि खाद्य बैक स्थापना गर्ने, खाद्य सुरक्षाको प्रत्याभूति गर्ने, खाद्य सम्प्रभुताको अधिकारको ग्यारेन्टी गर्ने कुरा प्रत्याभूत गर्ने कुरामा हामीले वास्ता नगर्ने कामहरू जुन गरेको छ यसपटक हामीले बारम्बार कराएर माथि नै पठायौं एउटा आयोजना हामी गण्डकी प्रदेशमा खाद्य बैंक, फुड बैंक स्थापना गर्न चाहन्छौँ । जिल्लाजिल्लामा एउटा फुड बैंकको स्टोर बनाउन चाहन्छौं ।

उद्योग खोल्न चाहन्छौं, त्यसका लागि उत्पादनलाई दोबर पार्न चाहन्छौं । त्यसलाई समेटेर नीति तथा कार्यक्रमहरू ल्याउँछौं भनेपछि धेरै राम्रो कार्यक्रमहरू आफ्नो कार्यक्रम पनि समावेश गरे हाम्रो कार्यक्रम पनि समावेश भाछ यो । एउटा निर्वाचन क्षेत्र उनीहरूको निर्वाचन क्षेत्र भनेको प्रतिनिधि सभाको होला सायद तर हामीले भन्दै आएको पहिलो वर्षदेखि प्रदेश सभाको एउटा निर्वाचन क्षेत्रमा एउटा मूल सडक भनेको अहिले नेपाल सरकारले पनि एउटा निर्वाचन क्षेत्रमा एउटा मूल सडक बजेट ल्यायो । हामीले पनि भन्यौं । प्रदेशको राजधानी या स्थानीय तहको सदरमुकाम जोड्ने सडक ५ वर्ष भित्र पिच गर्छौं । कथम सकिएन भने हामी ग्राबेल गर्छौं ।

कथम सकिएन भने कमसेकम ट्र्याक त खोल्छौं भनेर भन्या छौ हामीले । अहिलेसम्म हाम्रो २ वटा प्रदेशमा लाख प्रयत्नको बाबजुद पनि सकिँदैन कि भन्ने लागेको थियो करिब करिब ३५, ४५ किलोमिटर काम भएको छ । त्यति किलोमिटर टाढाबाट अभ्रंग अभ्रंगको पहरोबाट छेडेर जानुपर्छ । यो साल पनि हामीले शुरु गर्न सकेका छैनौं यो कोरोनाका कारणले । अस्ती हामीले भनेको त्यही हो त्यो एक्याप क्षेत्रभित्र पर्ने भएको हुनाले बम बारुद गर्नेपर्ने भएको हुनाले । यो साल हाम्रो यी सबै डिपीआर तयार बनाइसक्यौं त्यो पुग्न सकिँदैन कि नेपाल सरकारले सहयोग गरेन भन्ने लाग्छ एउटा । अर्को चुम्रुगेमा नेपाली सेनामार्फत काम गराइरहेको छ नेपाल सरकारले यो ३ वर्षसम्म त्यहाँ त पुग्छ कि भन्ने आश मात्रै हो । अस्ती माननीयज्यूले पनि यो कुरा उठाउनु भएको छ । यसमा हाम्रो पर्याप्त ध्यान गएकै छ । त्यो २ बाहेक सबै ठाउँमा बाटो पुऱ्याउने योजनामा नेपाल सरकारले पनि भन्यो कि प्रदेशको राजधानीबाट स्थानीय

तहको सदरमुकामसम्म बाटो पुऱ्याउने काम उसले पनि यस पटक योजना समावेश गऱ्यो । यो ज्यादै खुसीको विषय हो । गर्वको विषय हो ।

आधारभूत खानेपानी योजना नेपाल सरकारले भनेका थिएन बग्रेल्ती खानेपानी योजनाहरू बनाइरहेको थियो । कुन बेला सकिन्छ कुनै योजना छैन, हामीले भन्यौ त्यो सडक र खानेपानी अनुदानमा जे मनपरी गऱ्या छ फेरि पनि दाहोरियो दाहोरिन त तर त्यसको बाबजुद पनि हामीले भन्यौं । निश्चित योजनाहरू मात्रै सञ्चालन गरौं पहिला त्यो सकौं भन्ने योजनाका साथ मैले भने राष्ट्रिय योजना आयोग विकास समितिको बैठकमा भने मैले हामी आधारभूत खानेपानी पुऱ्याउन चाहन्छौं गण्डकी प्रदेश भर यो आफ्नो २ वर्ष भित्र भनेको हो हामीले । एक वर्ष हामीलाई कहाँ आधारभूत खानेपानी पुग्या छैन, कहाँको मान्छेले इनारको पानी खान्छ, कहाँको मान्छेले खोलाको पानी खान्छ, कहाँको मान्छेले कुवाको पानी खान्छ, त्यो रिपोर्ट पायौं हामीले अहिलेसम्म यति धेरै तथ्यांकहरू हिनामिना भएको मुलुक भएको हुनाले हामीलाई एक वर्ष लाग्यो त्यो तथ्यांक निकाल्नका लागि । त्यो जानकारी पाउनका लागि कुनै पनि ठाउँमा रेडर्क पाइँदैन, कोअपरेट पनि गर्दैन । गर्न पनि त्यसको आधार थिएन कतिपयको । यो वर्ष हामीले गऱ्या छौ र अर्को वर्ष सक्छौं भनेर हामीले भन्या थियौं । आधारभूत खानेपानीको योजना यस पटक नेपाल सरकारले ल्याएको छ । गत वर्ष हामीले राखेको कार्यक्रमबाट उसले ३० करोड रूपैयाँ हामीलाई दियो विशेष अनुदान अन्तर्गत ।

यो पनि साचो कुरा हो कि यति धेरै एनजीओ, आइएनजीओले सञ्चालन गरेको खानेपानीको एक घर एक धाराको कार्यान्वयन त कहिले कहिले तर नेपाल सरकारले यो पोलिसी बनाएन। हामीले गत वर्षदेखि भन्दै आएको पहिलो वर्षदेखि गण्डकी प्रदेशको ५ लाख ७८ हजार ७ सय ५८ घरधुरीमा हामी खानेपानी पुऱ्याउँछौं । एकघर एक धारा पुऱ्याउँछौं । यो हाम्रो महत्वकांक्षी योजना हुन सक्दछ । यो सपना देख्यो यो प्रदेशले र हामी यो कुरा पूरा गरेर छाड्छौं हामी । संघ सरकारसँग भनेर या स्थानीय तहसँग समन्वय गरेर हामी आफ्नो योजना सफल पार्न लागेका छौं आजसम्म र यो पूरा गर्छौं भनेका छौं । यो पनि नेपाल सरकारले अहिले धेरै राम्रो प्रोग्राम हो भनेर त्यही बेला जिल्ला विकास समितिको बैठकमा पनि समस्या समाधान समितिको बैठकमा पनि कुरा गरेर यसका लागि पनि ३० करोड सहयोग भनेर संघ सरकारले दिएकै हो ।  त्यो पनि अहिले नेपाल सरकारको नीतिमा परेको छ । हामीले कतिपय ठाउँमा तपाईंको नीतिगत कुराहरू नेपाल सरकारले पनि एप्रिसियट गर्ने ठाउँमा छौँ तर हामी यहाँ गफ गरिरहेका छौं । केही गरेन । भुइँको लोटो उठाएन भने झैँ गरेर, सिन्को नभाँचेझै गरेर हामी बखान गर्दै छौं ।

मलाई दुःख लाग्न त पाउँदैन मुख्यमन्त्रीलाई, किन दुःख लाग्नी ? तर त्यो भन्दाखेरी कमसेकम ख्याल पुऱ्याएर भनेदेखि, यो सबै कुराको मूल्यांकन गरेर भनेदेखि त्यो भन्ने व्यक्तिको पनि बोलीको ओजन हुन्थ्यो होला । हाम्रो बोली र गोली त फर्केर आउँदैन ।

त्यस्मा पनि नराम्रो कुराहरू, अवास्तविक कुराहरू बोली बोलेर पनि किन खेर फाल्ने ? त्यसो नगरौं भन्छु म । त्यो मुख बन्द गर्न चाहन्छु र हामीले यसपटक हामीले कृषिमा दुई तीन वटा कुरा नयाँ कुरा थोरै रकम लाग्ने, धेरै रकम लाग्दैन अहिले । हामीले भन्यौं हाम्रो गण्डकी प्रदेशमा अनुसन्धान गर्दा खेरी गण्डकी प्रदेशको कालीगण्डकी पारितिर कस्मिरी कस्तुरी, कस्मिरी जातको कस्तुरी पाइने, कालीगण्डकीको पूर्वतिर मनाङ र बुढीगण्डकीको किनार हिमालयन प्रजातिको कस्तुरी पाइने, चाइनाले कस्तुरी १९४० देखि पाल्यो ।

हामी कस्तुरीको र ग्रेडिङ सुरु गरौं नेपालमा पनि । हाम्रो परम्परागत औषधि बनाउने र औषधि बनाउन त्यो धेरै प्रयोग हुन्छ र धेरै महंगो हुन्छ । आज त्यो विश्वको मार्केटमा जुन बेला १९५० मा चाइनिजहरूले थालनी गुरु गऱ्या थियो त्यो बेला । एक तोला सुनको भाउ भन्दा एक तोला कस्तुरीको विनाको भाउ पाँच गुना कम थियो । आज सुनको एक तोलाको भाउ जति छ त्यसको पाँच गुना बढी एक तोला कस्तुरीको विनाको भाउ छ । यसकारणले हामीले यसलाई हाम्रो प्रदेशको आम्दानीका लागि संरक्षणका लागि शुरु गरौं भनेर यो वर्ष हामीले कस्तुरीको फार्म मुस्ताङ र मनाङमा शुरु गर्ने भनेर भन्या छौं । चाइनिज एउटा कम्पनीसँग सुरु गर्ने भनेका छौं । नेपाल सरकारसँग कुराकानी गरिसक्या छु । रकम अहिले धेरै लाग्दैन, एक दुई करोड लाग्छ त्यहाँबाट शुरु गरेर हामी शुरु गर्छौं यो नयाँ कुरा छ र हाम्रो बफेलो छ हाम्रो नेपाल तथा एसियाको नै । भेटनरी डक्टरहरूले भन्ने गऱ्या छ । उनीहरूको रिसर्चबाट देखियो अरे यो कास्कीको लमजुङको उत्तरी लेखको फाँटमा पाइने भैंसी वर्षाभरी हामी माथि फर्काउँछौं, हिउँद लागेपछि तल झरिन्छ ।

सेतो सेतो रंगको लिँगे भैँसी संसारमा भएका प्रजातिका भैँसीहरूमध्ये सबभन्दा स्वादिष्ट र सबभन्दा पौष्टिक मासु त्यो लिँगे भैँसीको हुन्छ भने मासुको लागि हामीले लिँगे भैँसीको फार्म किन सञ्चालन नगर्ने ? यो वर्षदेखि हामीले लिँगे भैँसीको रिसर्च गरेर त्यसको फार्म सञ्चालन गरेर मासुमा आत्मनिर्भर हुने या निर्यात गर्ने प्रदेशका रूपमा गण्डकी प्रदेशलाई बनाउनका लागि हामी त्यसको रिसर्च सेन्टर फार्म खोल्दै छौं । बारकोटे भैँसी तपाईंहरूलाई थाहा छ, बिहाउने बेला भइसक्यो दूध दिइराखेको छ, एकथरी लोक्कल भैँसी । सामान्य हिसाबले दूध दुहुने बेलादेखि बच्चा पाउने बेलादेखि अर्को बच्चा पाउने बेलासम्म दूध दिइराख्ने भैँसी लोक्कल भैसी बारकोटे भैँसी यसको बचाउ गरौं न । यसको संरक्षण गरौं । यसलाई लिएर प्रजनन गरौं न, यसलाई रिसर्च गरौं, यसलाई बचाऔं, यसलाई पनि व्यवसायिक रूपमा पालन गरौं ।

यसको पनि हामीले भैँसी फारम भन्या छौं । भैँसी रिसर्च फार्म खोलेर यो कार्यक्रमहरू हामीले अगाडि बढाइ राख्या छौं । थोरै नयाँ कुरा भनौ भन्न खोजेको यो धेरै महत्वपूर्ण विषय त होइन तर यति भन्ने कुरा मैले यहाँहरू समक्ष जमर्को गरेँ । अहिले हामी अत्याधुनिक प्रविधियुक्त प्रदेश संक्रामक अस्पतालहरू स्थापना गर्छौं एक सय बेडको ।

लेखनाथ सामुदायिक लायन्स अस्पताललाई हामी डेभलप गरेर त्यसलाई हामी अगाडि बढाउँछौं र हामी ५ सय बेड क्षमताको शिक्षण अस्पताल गण्डकी युनिर्भसिटी हाम्रो यो सम्मानित सदनले ऐन पास गरिसक्या छ त्यसको चान्सलर न्यूक्ति भइसक्या छ । त्यसको न्यासिङ परिषद्को पनि १०-१५ जना नियुक्ति भइसक्या छ । न्यासिङ परिषद्को पहिलो बैठक पनि हामीले सञ्चालन गरिसक्या छौं । सोडाइभर्स, सो रेन्बोटाइपको भनेर सबै न्यासिक परिषद्का सदस्यहरूले हामीलाई प्रशंसा गर्नुभएको छ । म पनि यसो बसे परिचयका लागि ।

नत्र न्यासिङ परिषद्को बैठकमा मुख्यमन्त्री जाने पनि होइन । प्याटर्न पनि होइन, ऊ त्यहाँको कोअर्डिनेटर पनि होइन, ऊ त्यहाँको चान्सलर पनि होइन त्यसो भएको हुनाले पहिलो दिनमा गएँ र त्यसले प्रस्ताव गर्‍या छ कि यो वर्ष गण्डकी युनिभर्सिटीले फार्मेसी अफ मेडिकल साइन्स अन्तर्गत शिक्षण अस्पताल शुरु गर्ने हाल अहिले ३५० बाट शुरु गर्दा ५०० को योजना अनुसार अगाडि बढछौं । यो अर्को वर्ष एडिएस र बीडिएसको पढाइ शुरु गर्छौं र अर्को वर्ष बीएस्सी नर्सिङलगायतका केही विषयको पढाइ सुरु गर्छौं । आइटीको पढाइ, २ वटा फ्याकल्टीको पढाइ शुरु गर्छौं हामी । त्यो काम पनि हामीले गरिरहेका छौं । किनभने यो नेपाल सरकारसँग पनि नीति तथा कार्यक्रममा राखेको छ, नीतिमा के भन्या छ भने जुन प्रदेशमा शिक्षण अस्पताल छैन सरकारी, त्यो प्रदेशमा शिक्षण अस्पताल बनाउन नेपाल सरकारले सहयोग गर्नेछ भन्या हुनाले यो अभियान अन्तर्गत पनि हामीले नेपाल सरकारसँग समन्वय गरेर, सहकार्य गरेर यो बनाउँदै छौं ।

त्यस्तै प्रकारले प्रदेश सरकारको विशेष पहलमा स्वास्थ्य क्षेत्र सुदृढिकरण कार्यक्रमलाई विशेष कार्यक्रम अन्तर्गतको ३३ करोड कृषि अनुदानबाट आएको छ । श्रोत परिचालन कसरी भयो भनेर भन्दाखेरीमा प्रदेश सरकारको विशेष पहलमा स्वास्थ्य क्षेत्र सुदृढिकरण कार्यक्रमका लागि विशेष कार्यक्रम अन्तर्गतको ३३ करोड, एक घर एक धारा कार्यक्रमका लागि रु ३० करोड विशेष अनुदानबाट । आधारभूत खानेपानीलाई २० करोड विशेष अनुदानबाट । सडक निर्माणका लागि एक अर्ब ११ करोड समाजको अनुदानबाट, सडक सिञ्चाइ खानेपानी र झोलुङ्गे पुलतर्फ ६ अर्ब ९७ करोड ६७ लाख सर्शत अनुदानबाट यो वर्ष हामीले ल्याएका हौं । कुल ८ अर्ब ९४ करोड श्रोत परिचालन गरेको संघ सरकार मार्फत् जुन हाम्रो बजेटमा व्यवस्था र व्याख्या भएको विषय होइन । ६८ वटा आयाजना डिपीआरसहित सञ्चालन गर्न नेपाल सरकारलाई अनुरोध गरेको छ ।

यहाँहरू समक्ष म के निवेदन गर्न चाहन्छु भने नेपाल सरकार राष्ट्रिय योजना आयोगले भनेको छ, सडक अनुदानका लागि लिष्ट पठाऊ, त्यसको कमसेकम डिपीआर पठाऊ, डिपीआर भएन भने इञ्जिनियरिङ्ग रिपोर्ट पठाऊ, इञ्जिनियरिङ्ग भएन भने बिडिपी स्टेप पठाऊ हामीले ६८ वटा सडकको सबै डिपीआर तयार गरेर नेपाल सरकारलाई पठायौं,

राष्ट्रिय योजना आयोगमा पठायौं । राष्ट्रिय योजना आयोगले सेलेक्सन गर्दाखेरी ५५ वटा सेलेक्सन गर्‍यो । त्यो ५५ वटामा जम्मा ५० गण्डकी प्रदेश सरकारको मात्रै सेलेक्सन भयो टेक्निकल्ली । त्यहाँबाट पछि नेपाल सरकारले यो एउटा मात्रै प्रदेशलाई दिएर हुँदैन भनेपछि हामीले १६ वटा मात्रै पायौं । अरु अरु-अरुलाई पनि बाढ्नुपर्ने स्थिति पर्‍यो त्यसकारणले गर्दा खेरी यो सबै कुराहरूमा, निर्माणको कुराहरूमा पनि गण्डकी प्रदेश सरकारले नेतृत्व गरिरहेकै छ भन्ने मैले यहाँहरूसँग विश्वास दिलाउन चाहन्छु ।

त्यसपछि आयोजना कार्यान्वयनका लागि मन्त्रालयका वार्षिक कार्यक्रम कार्यान्वयन गर्नका लागि कार्ययोजना बनाई हामी सबै मन्त्रालयसँग हाम्रो कार्ययोजना हुन्छ, कुन चरणमा के के काम गर्ने भन्ने योजना हुन्छ । त्यो कुरा हामी हरेक महिना-महिना दुई-दुई महिनामा छलफलमा समीक्षा गरिरहेका हुन्छौं । यसका बाबजुद पति हाम्रो धेरै कस्टटाइडहरू छन्, धेरै समस्याहरू छन् हाम्रो । अहिले पनि हाम्रो स्वास्थ्य क्षेत्रमा ४६ प्रसेन्ट कर्मचारीको कमी छ, अहिले पनि भौतिक पूर्वाधारहरूमा पूर्वाधारहरूको कमी छ । यस्ता धेरै मन्त्रालयहरूमा हाम्रा कर्मचारीहरूको अभाव रहेको छ । प्राविधिकता दक्षताको अभाव भएको हुनाले हामीले त्यो समस्या व्यहोरी रहेका छौं । त्यो भएको हुनाले हामीले योजना बनाएर काम गर्‍या छौं पहिलो कुरा । दोस्रो कुरा विद्युतीय अनुगमन प्रणाली कार्यान्वयन गरेका छौं हामी ।

हामी मुख्यमन्त्रीको कार्यालयमा विशेष कक्ष छ, त्यो विशेष कक्षको आयोजनामार्फत निरन्तर जिल्लाको पूर्वाधारको कार्यालय प्रमुखहरू, खानेपानीका कार्यालय प्रमुखहरू, सिञ्चाइका कार्यालय प्रमुखहरू, वन कार्यालयको प्रमुखहरूसँग हामीहरू पालोपालो त्यहाँबाट संवाद गर्दछौं । भिजुअल सबै हेरेर त्यसको पनि अनुगमन गर्छौं । सम्भव भयो भने हामी फिल्डमा गएर पनि अनुगमन गर्छौं । सबै जिल्ला जिल्लासँग, मन्त्रालय-मन्त्रालयसँगको बारेमा कुराकानी भइराखेको हुन्छ । धेरै कामहरूमा हामी यहाँबाट विकास निर्माणको कामहरूको अनुगमन हामीले इलेक्ट्रिक बाट शुरु गरेका छौं । कृषि अनुदानको कुरा, अनुगमन, मुख्यमन्त्री, जलवायु मन्त्री नमूना गाउँ कार्यक्रमहरू, होमस्टे कार्यक्रमहरू धेरै कुराहरू उठेको हो । खास गरी कृषि अनुदानको बारेमा ।

कृषिका मोडेल फार्महरूलाई अनुदान दिने कुरा मात्रै भएन हामी यति कुरा के भन्न चाहन्छौं भने होला, कमजोरी भयो भने हाम्रो कार्यविधिमा भयो होला, कार्यविधिमा नम्बरिंग राख्ने बेलामा शीर्षक राख्ने बेलामा कमजोरी भएको होला तर त्यो सबै एक खालको एउटा विधिपूर्वक, प्रक्रियापूर्वक बनेको छ, भएको छ तर त्यसो हुँदाखेरी पनि हामीलाई दिनी केबल दुई वर्ष भित्र, हामीलाई दिने के हो भने यो अनुदान पैसा मात्र दिएर, यो कार्यविधि मात्रै बनाइदिएर धेरै माननीयज्यूहरूले उठाउनु भएको विषयहरू यहाँ फिल भइरहेको छ त्यो के भइरहेको छ भनेदेखि यो हाम्रो कार्यविधि धेरै झण्झटिलो भयो, आम किसानले नबुझ्ने खालको भयो भन्ने कुरा भएपछि यस्ता विधि

मात्र पुऱ्याउने ढंगले यो लम्बेतान कुनै फारम भर्नै नजानेको कारणले, जसले पाउनुपर्ने त्यसले नपाएको पनि हामीलाई महसुस भयो । त्यसकारणले अब यो लम्बे विधिबाट यो व्यक्ति, व्यक्तिलाई अनुदान दिने कुरा हामी त्यो दिशामा जान हुँदैन भन्ने हामीले महसुस गरेका छौं ।

त्यही भएर यो वर्षबाट हामीले धेरै जसो यस्तो व्यक्ति व्यक्तिलाई यति लाख, उतिलाख भन्ने यस्तो कार्यविधिबाट कृषि अनुदान टोटल्ली कटौतीमा छौं । त्यस्तै गरेर जलवायु मैत्री कृषि गाउँ, मन्त्री नमूना कृषि गाउँको एउटा मात्रै समस्या, हामीले त्यो समस्या समाधान गर्न ध्यान नदिएको, त्यो दिन नसकिएको यो वर्ष हामीलाई के फिलिंग भाछ, हाम्रो ३६ वटा मुख्यमन्त्री गाउँबाट मुख्यमन्त्रीको कार्यालयले तोकेको त होइन, सेलेक्सन गऱ्या त होइन, कृषि मन्त्रालयले प्रक्रिया शुरु गऱ्यो । तोक्या त हाम्रो त्यहाँ समानुपातिकतर्फमा माननीयहरूले भन्ने कुरा जायज के छ भने उहाँहरूलाई पनि हामीले समावेश गर्नु पर्ने नेतृत्व भने हाम्रो प्रत्यक्ष निर्वाचित माननीयहरू, जो त्यो निर्वाचन क्षेत्रबाट जित्नुभयो ।

त्यहाँ एउटा निर्वाचन क्षेत्रबाट एउटा गाउँ रोज्नुहोस् भनेर उहाँहरूलाई भनेको हो हामीले। त्यो प्रदेश सरकारले मुख्यमन्त्री, कृषि मन्त्रीलाई दिएको प्रोजेक्ट होइन, हाम्रा माननीयज्यूहरूले रोजेको प्रोजेक्ट हो । त्यसमा गत साल हामीले एक-एक वटा थप्ने भनेका थियौं । ७२ वटा पुऱ्याऔं भनेको हो । यो वर्ष हामीले ८५ वटा पालिका छन् ८५ वटा पुऱ्याउनपर्छ कि भनेको हो । यसको औचित्य हामीले पुष्टि गर्न सकेनौं । यो असाध्यै धेरै राम्रो कार्यक्रम हो र सबैबाट प्रशंसा भाछ । धेरै विज्ञहरूले पनि प्रशंसा गऱ्या छ तर कार्यान्वयनमा हाम्रो कमजोरी देखियो । त्यो कार्यान्वयनमा कमजोरी देखिएको कुरा के हो भनेदेखि बेलैमा हामीले पहिलो वर्ष हामीले शुरु गऱ्यौं चार-पाँच महिना ढिला भइसक्या थियो हाम्रो कृषि प्राविधिकहरू पुग्ने बेलामा  तर उनीहरू उत्साहका साथ काम गरिरहेका थिए । जो अघिल्लो वर्ष सेलेक्सन प्रणालीमा लिखित सेलेक्सन गरेनौ क्यारे मौखिक रूपमा कार्यविधि बनाएर सेलेक्सन गर्दा खेरी केही न केही धाँदली भयो भनेर कुरा उठ्यो । अख्तियारले पनि हाम्रो कागजात हेऱ्यो ।

उनीहरूले हाम्रो गलत काम नदेख्या हुनाले छोडिदियो हामीलाई । कर्मचारी छनौटमा मैले भन्या थिएँ यस्तो खालको कुरा गऱ्यो भने नेक्स टाइमदेखि लोकसेवा आयोगको जे प्रक्रियाबाट कर्मचारी सेलेक्सन गर्छ करारकै भए पनि त्यो विधि प्रक्रिया पुऱ्याउन पऱ्यो भनेर मैले मन्त्रीज्यूलाई भनेँ । मन्त्रीजीले यो वर्ष त्यही ढंगले शुरु गरिदेऊ, समस्या कहाँनेर भइदियो भने गतवर्षको हाम्रो ४० जनामध्ये ३६ जना ती फिल्डमा जानुपर्ने ४ जना सचिवालय सञ्चालन गर्ने कर्मचारी थिए । तीमध्ये झण्डै ४० जनामा ३०, ३२ जना त महिला मात्रै थिए । एकदमै राम्रोसँग काम गरिरहेका थिए । मैले उहाँहरूलाई भनेको थिए, अब चेन्ज नगरौंकि क्या हो जे भए पनि उनीहरूले गरिरहेको छ काम उहाँले होइन, पहिला पनि यसो गऱ्यौ अब गरौं भनेर चेन्ज गरिदिनु भयो ।

ती काम गरेका मान्छेहरू सबै फेरिए अनि अस्ती हाम्रो रोशनजीले भन्दै हुनुहुन्थ्यो एउटा विशेष समय कि शून्य समयमा नेपाली भाषै नबुझ्ने मान्छे नवलपुरमा आइदियो मुख्यमन्त्रीको कृषि गाउँमा त्यस्तो नहोस् भनेर । कता कताका मान्छेले लिखितमा नाम निकाले उनीहरूलाई लिन परिहाल्यो । हाम्रो आफ्ना प्रदेशका सबै मान्छेहरूलाई बाहिर फालियो, बाहिरका मान्छेहरू, कहाँ कहाँका मान्छेहरू आइपुगे । त्यसलाई ठीक ढंगले जसरी कार्यान्वयन गर्नुपर्ने थियो एकजना माननीयज्यूले पनि भन्नुभएको थियो कृषितर्फ दक्ष कृषि प्राविधिक भएन भन्नुभएको थियो साचो कुरा हो । त्यसलाई हामीले स्वीकार गर्छौ । त्यो कुरालाई हामीले अहिले हटाएर खाली कृषि क्षेत्रमा मात्रै हुँदोरहेन्छ फेरि हाम्रो मुख्यमन्त्री कृषि गाउँमा ३६ वटा प्राविधिकमध्ये एक प्राविधिकले २ गाउँ त हेर्न सक्छ नि भनेर किन फजुल खर्च गर्ने, किन धेरै मान्छे राख्ने, फेरि कार्यकर्ता भर्ना गर्न खोज्या हो भनेर अबजस पाऊछौं जस पाउने त कुरै छैन भनेर भन्यौ र यस पटक हामीले एउटा व्यक्तिले २ वटा गाउँ हेर्न परिरहेको छ ।

त्यसले गर्दाखेरी अलि नियमित जाने कुरा पनि कमी भएको होला, उनीहरूलाई ओरिन्टेसन त्यति दिएको पनि छैन, मैले कृषि मन्त्रीलाई यो कार्यक्रम सञ्चालन गर्ना साथ मैले भने उहाँले चाही सुन्नु भएको छैन, यसका लागि मैले एकदमै धेरै आलोचना गरेको छु । कि यो वर्षदेखि हामीले मुख्यमन्त्री कृषि गाउँ सञ्चालनका लागि टेक्नोलोजी सिकाउनका लागि कृषि तथा वन विश्वविद्यालयसँग जे एग्रिमेन्ट भाथियो जे सहमति भाछ त्यहाँको डाक्टरहरू प्राज्ञ, विज्ञहरूसँग गएर फेरि एकदम न्यासिबले चलाउनु पर्‍यो । उहाँहरूलाई बारम्बार उहाँहरूको अनुसार चलाउनु पर्‍यो । हाम्रो मुख्यमन्त्री कृषि गाउँमा के हुन थाल्यो भने, यसो गर्न थालियो, भकारो सुधार गरियो । यति ठाउँमा यति गरियो भन्नेमा जान थाल्दछ । यो हाम्रो सिद्धान्त विपरित गलत ठाउँमा गएको हुनाले यसलाई फेरि रिभाइब गरेर राम्रो ढंगले जानुपर्छ ।

रकम पनि थोरै रहेछ भन्ने ढंगले हामीले मुख्यमन्त्री कृषि गाउँलाई अलि प्रभावकारी ढंगले सञ्चालन गर्नुपर्छ र हाम्रो यो एउटा हिरो एजेण्डा हो कृषि मन्त्रालय अन्तर्गतको यो त्यसकारणले यो कार्यक्रम अल्ली प्रभावकारी बनाउनु पर्छ भन्ने कुरामा हाम्रो ध्यान आकृष्ट भएको छ । कृषिको मात्रै होइन, पशुको पनि हामीले कर्मचारी राख्दाखेरी कृषि र पशुको पनि मिलाएर राख्नुपर्दोरहेछ भन्ने हामीलाई त्यो अनुभूति भएको छ । त्यो काममा सुधार गरेर हामी अगाडि जान चाहन्छौँ । यसमा तपाईंहरूले सुझाव दिनुभयो, आलोचना गर्नु भयो, हामीलाई सुध्रिनी मौका दिनुभयो त्यसका लागि पनि म धन्यवाद दिन चाहन्छु । र मुख्यमन्त्री कार्यालयका ७२ वटै कार्यालय मुख्यमन्त्री जलवायुमैत्री कृषि नमुना गाउँमा काम कसरी भइराखेको छ भनेर हामीले अनुमगन गर्न पठाएका छौं । ७२ वटै गाउँको हामीलाई रिपोर्ट प्राप्त छ । कुन गाउँ कसरी राम्रो भएको छ भन्ने कुरा आफ्नो-आफ्नो गाउँमा अनुभव गर्नुहोला माननीयज्यूहरूले । आफूले

सेलेक्सन गर्नुभएको उहाँको प्रत्यक्ष निगरानी रहनुपर्ने गाउँपालिकामा कृषि गाउँहरू राम्ररी चल्या छ कि छैन हेरिदिनुहोला ।

त्यहाँ समस्या भयो भने हाम्रो मन्त्रालयमा भन्नुहोला, कृषिमन्त्रीलाई भन्नुहोला । के के सुधानुपर्छ त्यहाँ हामी भन्छौं, गर्छौं । बजेट कम भयो भने बजेट व्यवस्थापन गर्ने कुरा पनि हामी सोचौंला । प्राविधिकहरू ठीक भएन ओनरसिप चाहियो भने त्यो पनि भन्नुहोला । त्यसकारणले त्यो म्सासिट लेभलमा जान सकियो भने कृषिमा हामीले स्वरोजगार सिर्जना गर्ने कुरा, उत्पादन बढाउने कुरामा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भन्ने लाग्या छ । त्यस्तै प्रकारले होमस्टेमा धेरै धाँदली भो, धेरै धाँदली भो भन्ने कुरा छ होइन ? हो त्यो केही मान्छे मान्छे तोकेर केही गल्ती गर्‌यउा छन्‌ भने मुख्यमन्त्रीले, पर्यटनमन्त्रीले तोकेर केही दिएको होइन, जे मापदण्ड बनाएको छ मापदण्डको आधारमा काम भएको छ ।

हाम्रो मिस्टेक कहाँनेर भएको छ, यस पटक पनि हाम्रो होमस्टे २७४ वटा होमस्टेको अनुगमन गर्न मुख्यमन्त्री कार्यालयले पठायो । सबै २७४ वटै होमस्टेमा पुगेर आए । समस्या कहाँनेर रहेर हाम्रो भनेदेखि हाम्रो पर्यटनमन्त्रालको ७७ वटा जिल्लामा एउटा पनि कार्यालय छैन । पर्यटनमन्त्रालय अन्तर्गत एउटा पर्यटन निर्देशनालय छ अर्को कुनै कार्यालय छैन, कर्मचारी पनि छैन । हामीले पर्यटनमन्त्रालय पनि रहेको वन तथा वातावरण मन्त्रालय पनि भएको हुनाले वन तथा वातावरण मन्त्रालयको सबै जिल्लामा डिभिजन कार्यालय भएको हुनाले त्यही डिभिजन कार्यालयलाई हाम्रो होमस्टे सञ्चालन गर्ने जिम्मा दियौं । त्यो सबै धेरै संरचना निर्माणको कुरा थियो, सिविल वर्कको काम थियो । त्यसले गर्दाखेरी इञ्जिनियरहरू चाहिन्थ्यो । इञ्जिनियरले अध्ययननै नगरिकनबोट विरुवा पढेर आएको डिएफओलाई हामीले निर्माणको कामको जिम्मा दिएको हुनाले त्यो ठीक ढंगले क्वालिटीको काम हुन सकेन ।

कतिपय ठाउँमा अर्को मिस्टेक हाम्रो के भएछ भनेदेखि ती जुन डिभिजन वन कार्यालयलाई हामीले जिम्मा दियौं उनीहरूलाई त्यसै दिएको होइन, कमसेकम जान पर्‍यो, आउनपर्‍यो टिएडिए त दिनुपर्‍यो नि कमसेकम । त्यो पनि प्रबन्ध नगरेको हुनाले कतिपय ठाउँमा टिएडिए नदिएको हुनाले मान्छे नै नखटाइकन त्यहीँ डिभिजन कार्यालयमा बसेर योजनाहरू बनाएर काम भयो, काम भयो भन्दाखेरि हामीलेभन्यौं हामीले के भन्या थियौं मिनिमन १० घरमा होमस्टे सञ्चालन गर्ने प्रतिबद्धता भएको, त्यस्तो आधार भएको हेरेर आएको ठाउँमा मात्रै होमस्टे सञ्चालनको अनुमति दिने भनेका थियौं । तिनीहरूले रिपोर्ट नक्कली रिपोर्ट दिएछ । नक्कली रिपोर्ट दिएर ५ वटा मात्रै होमस्टे तयार भएको ठाउँमा १० वटा होमस्टे सञ्चालन भएको छ भन्ने देखाएको भएपछि त्यस्तो ठाउँहरूमा पनि होमस्टे सञ्चालन भएको देखियो हाम्रो अनुगमनमा त्यसकारणले यो वर्ष हामीले जति पैसा छुट्याएका छौं त्यो पैसा हामीले निर्माणको कामलाई मात्रै दिन्छौं । त्यो निर्माणको काम पनि हाम्रो रिपोर्टले जुन जुन गाउँमा, जुन

जुन होमस्टेहरू ठीक ढंगले चल्या छैन ती होमस्टेहरूलाई पनि सुधिने मौका त दिने हो तर अब अगाडि बढाउनका लागि अब जसले सबै मापदण्ड पूरा गऱ्या छ र गत वर्ष राम्रो खर्च गऱ्या छ ती होमस्टेहरू जहाँ कमसेकम १० जनासहित १० जना भए पनि आफ्ना पाहुनालाई स्वागत त्यो होमस्टेले गरेका छन् । पाएका छन् ।

त्यो होमस्टेहरूलाई मात्र अगाडि बढाउनुपर्छ हामीले भनेर यस पटक होमस्टे सञ्चालनको कार्यविधि अनुदान भन्दा पनि कार्यविधि हामीले बदलेर कमसेकम त्यो परिणाममुखी हुनुपऱ्यो। हाम्रो गण्डकी प्रदेशको मौलिक योजना हो यो । यो मौलिक योजनालाई अगाडि बढाउनु पर्छ पर्छ । यसले धेरै गाउँमा ग्रामीण गरिबी निवारणका लागि स्वरोजगार निर्माण गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेकै छ । ग्रामीण अग्यानिक प्रोडक्टहरूको उत्पादनमा प्रोत्साहन थपिएकै छ । त्यसकारणले यस्तो कार्यक्रमहरूलाई धेरै भन्दा धेरै मान्छेहरूले स्वरोजगार पनि प्राप्त गरेको हुनाले यसलाई अल्लि व्यवस्थित बनाउनुपर्छ भन्ने कुरामा हामी छौं र कतिपय माननीयज्यूहरूले यस वारेमा उठाउन भएका विषय टयाक्कै सही नभए पनि केही कुराले हाम्रो त्यो अनुगमन त्यसबाट हामीले सिक्नुपर्ने कुराहरूमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएकोमा धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

अब अर्को हाम्रो धेरै माननीयहरूले के भन्नुभयो भनेदेखि, कार्यक्रम कार्यान्वयन गर्ने होइन, बजेटमा राख्ने हो, नीति कार्यक्रममा लेखिदिने हो, के काम ? सबै त्यस्तो भएको छ त ? पक्कै पनि भाछैन । केही केही कार्यक्रमहरू बहुवर्षिय कार्यक्रमहरू अहिले पनि शुरु गर्न सक्या छैनौं । त्यसको कारणहरू छन् । पहिलो कुरा हामी सबैले बुझ्नुपर्छ संघीय सरकारले अहिलेसम्म प्रदेश सरकारहरूलाई जनशक्तिको व्यवस्थापन उचित ढंगले गरिदिएको छैन । श्रोतसाधनको व्यवस्थापन उचित ढंगले गऱ्या छैन । संरचनाको हस्तान्तरण गऱ्या छैन । आजका दिनसम्म उर्जामन्त्रालको श्रोत र साधनको भागबण्डा भएको छैन । खेलकुद मन्त्रालयमा भएको छैन । भूमिसुधार मन्त्रालयमा भएको छैन । भएको कहाँनिर छ ? वन मन्त्रालयमा भयो, स्वास्थ्य मन्त्रालयमा भयो धेरै थोरै । कृषि मन्त्रालयमा भयो । भौतिक पूर्वाधार मन्त्रालयमा भयो त्यो पनि अपर्याप्त । पर्याप्त अन्यत भू तथा जलश्रोत मन्त्रालयको सबै अफिस नै खारेज गरिदियो । के वायु बिग्रीरहेको छैन ? के हामीले भू संरक्षणसम्बन्धी काम गर्न पर्दैन ? गर्नुपर्दैन भन्याजस्तो पहिला साविकको गण्डकी अञ्चललाई हेर्नका लागि तनहूँमा, साविक धौलागिरि अञ्चल हेर्ने गरेर पर्वतमा गरेर २ वटा कार्यालय रहेका थिए रमिता त्यहि छ ।

खानेपानीको जम्मा ४ वटा कार्यालय रहेको छ । लमजुङको मान्छे, मनाङको, मुस्ताङको मान्छे खानेपानीको १० लाखको, ५ लाखको, २ लाखको योजना स्वीकृत गर्न गोर्खा पुग्नुपर्ने छ । पूर्वाधारको पनि त्यस्तै छ ५ वटा पूर्वाधार कार्यालय छन् ११ वटा जिल्लाहरू छन् । कृषि ज्ञान केन्द्र जम्मा ५ वटा छन् । पशु विज्ञ केन्द्र जम्मा ६ वटा छन् । ६ वटा छ कि ५, ७ वटा त्यसकारणले यो कारणले गर्दाखेरी हामीलाई काम गर्न,

कार्यान्वयन गर्न धेरै गाह्रो भयो । जनताले झन् दु:ख पायो । संघीय शासन प्रणालीमा त हामीले घरघरमा सरकार भनेको, घरमा आँगनमा भएको सरकारले त त झन् यस्तो सडकमा पुऱ्याइदियो नेपाल सरकारले । यो नेपाल सरकारको यो हामीलाई हस्तान्तरण गर्ने कुरामा कञ्जुस्याई गरेको कारणले हामीले यो समस्या भोगिरहेको छ भन्ने कुरा बुझ्नु पर्छ । गतवर्षदेखि हामीले के भन्या छौं ? गत वर्ष योजना बनाएका छौं हामीले प्लानिङ बनाएका छौं हामीले । यो वर्षदेखि हामीले कसमेकम सप्पै जिल्लामा भौतिक पूर्वाधारतर्फ ५ वटा जिल्लामा मात्र होइन, ११ वटा जिल्लामा अस्पताल कार्यालय हुनुपऱ्यो । हामी स्थापना गर्छौं ।

कर्मचारी बढाएर होइन, कार्यालयहरू त्यही छँदैछन् हामीहरूले भएका कर्मचारीलाई एडजष्ट गरेर हामी बढाउँदै छौं । खानेपानीको कार्यालय सबै जिल्लामा हुनुपऱ्यो । कृषि ज्ञान केन्द्रको सबै जिल्लामा हुनुपऱ्यो । पशुविज्ञ केन्द्रको सबै जिल्लामा हुनुपऱ्यो । सकिन्छ भने हाम्रो भू तथा जलाधार संरक्षण सबै जिल्लामा ९ वटै जिल्लामा हुनुपऱ्यो । स्थापना गर्नुपऱ्यो । यस हिसाबले गएर मात्रै तपाईंहरूले भनेको कार्यक्रम सञ्चालन गर्न सकेन, यो हुन सकेन भनेको यस्तो कर्मचारीको अभाव, संरचनाको नितान्त न्यूनता यसको कारणले गर्दाखेरी प्राविधिक कर्मचारीको अभाव । हामीले यो वर्ष मात्रै भौतिक पूर्वाधार मन्त्रालयमा ८८ जना कर्मचारी नियुक्ति गरेका छौं । तर इञ्जिनियर, सब इञ्जिनिय करारमा आए, लोकसेवा आयोग खुलिरहेको उता परीक्षा दिएको रहेछ । हामीले करारमा काम गराएको १५ दिन एक महिनामा उता स्थायीमा नाम निस्कियो । २ महिना अगाडि गइसक्यो हामी फेरि रित्ताको रित्तै छौं । यस्तो कन्स्टेन्डको बीचमा हामीले जे काम गरिरहेका छौं यो त असाध्यै धेरै काम भएको हो ।

नेपाल सरकारको सशक्त अनुदानको पुल, सडक, झोलुंगे, सिँचाइ, खानेपानी सबै हामीले गर्नुपर्ने छ । हाम्रो आफ्नो आफैंले गर्नुपर्ने छ । कर्मचारी यति थोरै कर्मचारी छ। संरचना छँदैछैन, कार्यविधि छँदैछैन । यस्तो खालको सबै जनशक्ति छैन भनेर मात्रै सुख पाउँदैनौं हामी । त्यसकारणले के गरेका छौं भने हामीले यो वर्षदेखि सबैको प्रबन्ध गर्छौं । अब २०७७, ७८ देखि ३ आर्थिक वर्षभित्र यस्तो अवस्था आउन नदिनको लागि हामीले सबैको संगठन, संरचना निर्माण गरेर हामीले यसको व्यवस्थापन गर्ने छौं र यसको कार्यान्वयन गर्दाखेरी केही केही ठाउँमा तपाईंले भनेको जस्तो मेरै गाउँ, मेरै १ निर्वाचन क्षेत्र, १ सडक झन् त्यहीँ सडकलाई पनि मैले मेरो पालिका पोखरा महानगरपालिका जोड्ने सडकलाई पनि सिफारिस गरेको हुँ । तपाईंहरू सबैलाई थाहा छ, मुख्यमन्त्रीले रोजेको एक निर्वाचन क्षेत्र एक सडक आजका दिनसम्म शुरु भएको छैन । त्यसमा पनि ३ भाग, ३ खण्ड लागिरहेको छ । लाष्ट खण्ड एडिबीले गर्ने छ, उसले कहिले गर्छ थाहा छैन, मैले मन्त्रीलाई भनिसकें । मेरै कार्यक्रममा किन यस्तो गर्नुपरेको थियो उसले ? बीचको ७ किलोमिटर सम्झौता भएको छ काम शुरु भएको छैन । अर्को शुरुको १७ किलोमिटरको डिपीआर तयार हुन पाएको छैन, संरचना हुन

पाएको छैन । डिपीआर बनाइसक्नु भयो होला तर दरखास्त आउन पाएको छैन । यस्तो स्थिति छ केही केही ठाउँमा । तपाईंहरूमा त्यस्तो परेको छ भने हाम्रै जस्तो दुःख मानेर बस्नु सिवाय अर्को उपाय छैन ।  अब यो चाँडै यो लकडाउन सकिए पनि हामी कामहरूलाई सुरु गर्छौं । यति मैले निवेदन गर्न चाहन्छु । अब भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रिक्त दरवन्दीमा ८८ जना प्राविधिक जनशक्ति छ ३७ इन्जिनियर ५१ सवइन्जिनियर करारमा काम गरेका थिए अघि मैले बताइसकें ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका करिब १६ सय आयोजनामध्ये सुन्नुहोस् राम्रोसँग भौतिक पूर्वाधार विकास मन्त्रालयका करिब १६ सय आयोजनामध्ये ठेक्का प्रक्रिया समितिबाट १२ सय आयोजना कार्यान्वयन भइरहेको लकडाउनको कारणले नेपाल सरकारले प्रक्रिया रोकेकाले करिब दुई सय ठेक्का लगाउन नसकिएको । सडक पुल, झोलुंगे पुल, डिटुबेलका १५० आयोजना निर्माणको क्रममा रहेको त्यत्तिकै रहेको नसकेको अहिले नभ्याएको हामीले त्यो अहिले डिपीआर तयार गर्दै गरेको भनाइमा । प्रदेश गौरवको आयोजना खोइ, खोइ, खोइ भन्नुभयो । प्रदेश गौरव आयोजनाहरूमा हामीले पहिचान गरेका छौं स्थानीय तह र केन्द्र जोड्ने सडक प्रदेश गौरवको आयोजना । प्रदेश प्रशासनिक केन्द्र बनाउने यो वर्षदेखि हामीले सुरु गर्ने भनेका छौं ।

प्रशासनिक केन्द्र बनाउने आयोजना । मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ प्रदेशको गौरवको आयोजना । गण्डकी काउ फार्म प्रदेशको आयोजना । स्याउमा आत्मनिर्भर हुने आयोजना गण्डकी गौरवको आयोजना । होमस्टे कार्यक्रम गौरवको आयोजना । लोकाहाखोलामा औद्योगिक क्षेत्र स्थापना गर्ने प्रदेशको गौरवको आयोजना । गण्डकी विश्वविद्यालय स्थापना गर्ने र सञ्चालन गर्ने प्रदेश गौरवको आयोजना । गण्डकी इनिस्टिच्यूट अफ टेक्नोलोजी खोल्ने काम प्रदेशको गौरवको आयोजना । सूचना, प्रविधि, आइटी पार्क बनाउने कुरा प्रदेशको गौरवको आयोजना । प्रदेश प्रहरी तालिम केन्द्र बनाउनुपर्ने छ । ई गभर्मेन्स स्थापना गर्नुपर्ने छ, गुरुयोजना तयार गर्नुपर्ने छ र प्रदेशको क्रिकेट मैदान बनाउनुपर्ने छ । यो १३ वटा प्रदेशको गौरवको आयोजना हुन् । त्यसबाहेक रूपान्तरणकारी प्रदेश गौरवका अर्को आयोजना महत्वपूर्ण आयोजना पोखरा डेडगाउँ त्रिपुरा त्रिवेणीधाम सडक रूपान्तरणकारी प्रदेश गौरवको आयोजनाहरू, उत्तरगंगा जलविद्युत आयोजना शुरु गर्ने हामी भन्दै छौं, फेवाताल संरक्षण र सौन्दर्यीकरण आयोजना, तुम्लिंगटार औद्योगिक क्षेत्र आयोजना, मुटु, मृगौला विशेषज्ञ अस्पताल यो ५ वटा हामीले नेपाल सरकारसँग यो हाम्रो रूपान्तरणकारी प्रदेश गौरवको आयोजनाहरूमा तपाईंहरूले लगानी गरिदिनुहोला भनेर हामीले निर्णय गरेर पठाएको हो ।

अझ सुपर आयोजनाको रूपमा हामीले आयोजना गरेका छौं । १३ वटा स्थानीय तहको केन्द्र जोड्ने र प्रादेशिक संरचनाको सडकको पुल १६० दिनमा डिपीआर तयार भएको, २७ वटा पुल डिपीआर तयार भई ठेक्का प्रक्रियामा गइसकेको, २८ वटाको डिपीआर

तयारीको चरणमा रहेकोमा लकडाउनको कारण रोक्किएको, ३० वटा झोलुंगे पुलको डिपिआर सम्पन्न भएको  र ४७ वटाको लकडाउनको कारणले रोक्किएको अहिले हाम्रो भौतिक पूर्वाधारको आवश्यकता छ निर्माणको ।

**विद्युत आयोजनाको निर्माण निरन्तरता सम्बन्धी :** यो भौतिक मन्त्रालयसँग रहेको ३ वर्षभित्र स्थानीय तह र केन्द्र जोड्ने सडक कालोपत्रे गर्ने हाम्रो योजना हो । एक निर्वाचन क्षेत्र, एक सडक, सरकारको मुख्यमुख्य केन्द्र, प्रदेशको मुख्य प्रशासनिक केन्द्र, जनता आवास कार्यक्रम हामीले यो वर्ष कन्टिन्यू गर्नुपर्ने, गण्डकी प्रदेश उज्यालो प्रदेश हाम्रो कन्टिन्यू हुन्छ, प्रदेश खानेपानी गुरुयोजना हाम्रो कन्टिन्यू हुन्छ, आधारभूत खानेपानी योजना हाम्रो पूरा हुन्छ, एक घर एक धारा कार्यक्रम हाम्रो यो पनि निरन्तरता हुन्छ । विद्युत निर्माण प्रदेश सरकारले आफैँले निर्माण गर्ने प्रदेश सरकारले तयारी गरिरहेको छ । एकजना माननीयज्यूले आफ्नो भनाइ राख्ने क्रममा एकदम महत्वपूर्ण विचार राख्नु भएको छ । त्यो भन्या के र केही केही माननीयहरूले पनि यसमा अप्रत्यक्ष रूपले आफ्नो भनाइ थप्नु भएको छ, त्यो के भनेदेखि गण्डकी प्रदेश सरकारले यो थोरै राजस्वको जुन थोरै सीमा छ, त्यो थोरै राजस्वभित्र कतिदिन बस्छ यो प्रदेश सरकार ? र कसरी यसले आफ्नो सामर्थ्य बढाउन सक्छ ? यसैले गण्डकी प्रदेशले आफ्नो आम्दानी बढाउनुपर्छ । यो राजस्वको दायरा बढाउनुपर्छ, क्षेत्र बढाउनुपर्छ भन्ने त भनिरहने विषय हो हामीले त्यो गरिरहने पनि विषय हो त्यो प्रदेशको मुख्य आधारै त्यही हो ।

गण्डकी प्रदेश सरकारले अब के-के गर्दैछ ? यस पटक हाम्रो नीति र कार्यक्रमले के भन्यो भने गण्डकी प्रदेशले आफ्नो निजी आम्दानी प्रदेश सरकारको आफ्नै आम्दानी बढाउनका लागि, श्रोत बढाउनका लागि कमसेकम सौर्य उर्जा यहाँ जलविद्युतको आयोजनामा लगानी गर्नुपर्छ अब या त अर्को प्रदेशसँग, या त नेपाल सरकारसँग या त विद्युत प्राधिकरणसँग या अर्को मुलुकको कुनै नीजि क्षेत्रसँग या नेपालकै नीजि क्षेत्रसँग, या अन्य सार्वजनिक साझेदारीको क्षेत्र पनि हुनसक्छ, प्रदेश-प्रदेशको बीच पनि हुनसक्छ । या प्रदेश सरकार र जनताको बीचमा पनि हुनसक्छ, यसले लगानी गर्नुपर्छ भन्ने विषयलाई हामीले यस पटक भनेका छौं । हामीले यो वर्ष शुरु गर्छौं हामी । खाली विजुलीको राजस्व खाएर बस्ने प्रदेशका रूपमा हामी बस्दैनौं । त्यसपछाडि हामीले अर्को कुरा पनि भनेका छौं ।

अब सौर्य उर्जामा पनि हामीले त्यसरी लगानी गर्न सक्ने भयौं । अब हामीले खानीमा पनि लगानी गर्ने भनेका छौं । धोवादीको खानीमा केन्द्रले ऐन बनाएर के भन्यो हामीलाई ५ प्रसेन्ट, स्थानीय तहलाई ३ प्रसेन्ट, ५५ प्रसेन्ट नेपाल सरकारले लिने, ४५ प्रसेन्ट स्थानीय प्राइभेटलाई दिने र बाँकी तपाईंको नेपाल सरकारले लिने गरेर जसरी यो काम गरेको छ हामीले के भन्यौं हामीलाई ५ प्रसेन्ट होइन, हामीलाई १५ प्रसेन्ट चाहिन्छ । हामी १२ करोड दाखिला गर्न भन्दा हामी ६० करोड दाखिला गर्न तयार छौं

म शेयरका लागि भनेर भन्या छु त्यसको लागि उत्तर आएको छैन । म्याग्दी, पर्वत, बाग्लुङतिर भएका खानीको उत्खनन गरेर सञ्चालन गर्ने काम पनि अब हाम्रो ध्यान जानुपर्छ भन्ने कुरा नीतिगत रूपमा निर्णय गरेर जानुपर्छ भन्ने कुरा भएको छ । त्यस प्रकारले अर्को हामीले अस्ति माननीयज्यूहरूले पनि कुरा उठाउनु भयो, गण्डकी तपाईंको यो चाइनाको एउटा कम्पनीसँग नेपाल सरकारले पहिलेनै एउटा एमओयु गरेर गण्डकी प्रदेश त्यो बेलाको १ नम्बर ३ नम्बर प्रदेश, त्यो बेलाको ४ नम्बर प्रदेश र २ नम्बर प्रदेश ३ ठाउँमा चाइनिज काउफार्म रिसर्च सेन्टर खोल्ने उनीहरूको सहयोगमा। त्यो भनेको ५० प्रसेन्ट उनीहरूले ग्राण्डदिने शुरुको सामान्य कुराकानी, सम्झौतामा ५० प्रसेन्ट सफ्ट लोनमा दिने र सबैभन्दा ठूलो काउ फाम दोलखामा खोल्ने त्यसमा १२ अर्ब लगानी गर्ने र गण्डकीको फिरफिरे साइडतिर काउ फाम खोल्ने त्यसमा ९ अर्ब लगानी गर्ने र ७ अर्ब जति २ नम्बर प्रदेशमा लगानी गर्ने भनेको २ नम्बर प्रदेशले हामीले यसमा सक्दैन भनेर भन्या हुनाले गण्डकी प्रदेशपछि ३ नम्बर प्रदेश बाँकी रहेको छ ।

यसमा हामीले चाइनिजहरूको के रहेछ भने यो हामीले नेपाल सरकारलाई यति धेरै संरचनाहरू बनाएर दियौं बासबारी जुत्ता कारखाना, भृकुटी कागज कारखाना, विरगञ्ज चिनी कारखाना, हरिसिद्धी इन्टर टायल कारखाना, चोभार सिमेन्ट कारखाना, हेटौडा कपडा उद्योग, कपास उद्योग के के १०, १२ वटा कारखाना खोलेर दियौं सबै बेचेर खायो, जनताले केही पाएनन् । त्यसकारणले अब राज्यसँग भन्दा पनि यस्ता कुराहरू पब्लिक जनतासँग, निजी कम्पनीसँग गरेर बरु नेपाल सरकारको सहयोगमा, समन्वयमा निजी कम्पनीसँग गरेर प्रत्यक्ष जनतासँग लाभ लिनका लागि उनीहरूले यो गाई फार्म सञ्चालन गर्ने योजना अनुसार कुराकानी भएको । हामी प्रदेश सरकार बनेपछि त्यो कुरा हाम्रो प्रदेशमा आयो, आएपछि कम्पनीले यो काम अगाडि बढायो, कम्पनीले अगाडि बढाएपछि हामीले करिब ४, ५ ठाउँमा स्थापना गर्ने शुरुमा हामीले २ ठाउँमा फिरफिरे र कालिञ्चोङमा खोल्ने भनेर भन्या छौं । र त्यहाँ पछि कालिञ्चोङले त्यो काम शुरु नगरे पछाडि प्रदेश सरकार तानातान हुँदाखेरी अगाडि बढाउने भनेर छोडे पनि त्यो काम उनीहरूले प्रदेश सरकारले लाष्टमा जग्गा प्राप्ति भइसकेपछि प्राविधिक पठाइदिएपछि डिपीआर तयार गर्न आउने भन्ने बेलामा ठ्याक्कै लकडाउन शुरु भएका कारणले त्यो त्यत्तिकै बन्द भएको छ ।

त्यसकारणले हाम्रो कारणले, हाम्रो प्रदेशमा सञ्चालन नभएको कारणले, हाम्रो मन नभएको कारणले नीति कार्यक्रमहरू नगरिराख्ने हाम्रो कुनै मनसुवा छैन । यो लकडाउनले खायो, यो कोरोनाले खायो भन्ने कुरा बुझ्नुपर्छ यहाँहरूले । यो कार्यक्रम अ गाडि बढाउन हामीले यो वर्ष पनि हामी लाग्छौं । मोडालिटी के गर्ने भन्ने कुराको अन्तिम मुडमा छौं हामी । त्यसकारणले यो मोडालिटी चेन्ज गरेर भए पनि यो गरिबी निवारणका लागि ग्रामीण गरिबी निवारणका लागि यो महत्वपूर्ण प्रोजेक्ट हुनसक्छ भन्ने

मान्यताले धेरै भन्दा धेरै प्रत्यक्ष जनताहरूलाई जसले धेरै जग्गा दिन्छन् उनीहरूले शेयरधनी हुने भएको हुनाले त्यो मोडालिटीमा जाने भएको हुनाले धेरै जनताको शेयर यसमा रहने भएको हुनाले यसबाट गरिबी निवारणका लागि र जनताले प्रत्यक्ष लाभ लिनका लागि महत्वपूर्ण प्रोजेक्ट भएको हुनाले यो प्रोजेक्ट अगाडि बढाउन चाहन्छौं हामी ।

अब त्यस पछाडि केही केही आयोजनाहरू तपाईंहरूले भने जस्तै हो । दुम्कीबासदेखि त्रिवेणीसँग सडक तपाईंहरूले भने जस्तै हो । पूरा बजेट पनि थियो, ७५/०७६ को बजेटमा पनि थियो । ७६०७७ को बजेटमा पनि थियो । ७७०७८ को बजेटमा पनि प्रस्तावित छ । किन रहरले मात्र राख्या होला कि ? अगाडि गर्न नसकेको अपग्रेड गर्नुपर्छ भन्ने ठानेर हो कि के हो ? नामै कमाउन हो भने त्यो करिडोरको नामै किन लेख्न पऱ्यो ? यसका पछाडि केही कारणहरू छन् । संघीय शासन प्रणालीको कार्यान्वयनको पछाडि केही कारणहरू छन् । शक्ति पृथकीकरणको यो शक्ति विभाजनको नीति अनुसार सार्वजनिक शक्तिमा जे कुराहरू छन्, एकल अधिकारका प्रदेश सूचीका विवादका कुराहरू छन् यसमा नमिलेका कुराहरूले गर्दा रोकिराखेका कुराहरू छन् ।

यो कुरा बुझेर तपाईंले यस्तो समस्याहरू बुझिदिनुभयो भने गण्डकी प्रदेश सरकारलाई धेरै सहज हुन्छ । त्रिवेणी सडकको हामीले शुरुका दिनदेखि फ्रम द भेरि बिगिनिंग हामीले कुराकानी गऱ्या छौ कि २०७५ साल साउन २ गते मन्त्री परिषद्को निर्णय गरेर बैठक बसेर निर्णय गरेर त्रिवेणी गएर फर्केपछि, कोराला गएर फर्केपछि २०७५ साल साउन २ गते बैठक बसेर क्याविनेटनले धेरै कुराहरू प्रस्ताव गरेर पठाएको छ । कोरालामा यस्तो बनाऊ, त्रिवेणीमा यस्तो बनाऊ । हामीलाई दुम्कीबाटदेखि दुल्लुबाससम्म आफैं बनाऊछौं त्यो बेला हामीलाई चाहिने एउटा कम्पनीले दुम्कीबाटमा हामी बनाउँछौं त्यसपछि आफै गर भनेर बचन दिएको हुनाले र उनीहरूको डिपीआर तयारीमा लागिराखेको हुनाले मलाई विश्वास छ । हामी दुम्कीबाटदेखि त्यहाँ जान जाने सडक बनाउनका लागि १८ किलोमिटर होला करिब-करिब माननीयज्यूलाई थाहा होला ।

त्यसमा हामीले २० करोड लाएपनि ५० करोड लाएपनि हामी तयारीका साथ लागेको हो । शुरुदेखि अलिअलि पैसा छुट्याएको पनि हो । तर हामीले २ वर्ष भयो हामी थाक्या छैनौं तर हामीलाई थाक्ने बनाइराखेको छ केन्द्र सरकारले । चितवन राष्ट्रिय निकुञ्जले भन्यो, वन मन्त्रालयमा गयो, वनमन्त्रालयले राष्ट्रिय निकुञ्जमा पठायो, राष्ट्रिय निकुञ्जमा यो जंगज जोनभित्र पर्ने भएको हुनाले यसमा दिन नमिल्ने भनेर पठायो । फेरि हामी धेरै लभिंग गऱ्यौं। अझै पनि दिने सम्भावना छ । मन्त्रीसँग धेरै चरणको वार्ता भयो तर अझै पनि त्यो ढोका खुल्या छैन । त्यसकारणले चितवन राष्ट्रिय निकुञ्ज वनमन्त्रालय उसको जग्गा भएको कारणले राष्ट्रिय निकुञ्जहरू नेपाल

सरकारको एकल अधिकारको सूची भित्र पर्छ । नेपाल सरकारले अनिमति नदिइकन हामीले बनाउन नसक्ने भएको हुनाले त्यहीदेखि हामी लड्किरहेका छौं र बीचमा हामीलाई के लाग्यो भन्दाखेरि । भौतिक पूर्वाधार मन्त्री र मलाई लाग्यो । यो सबै उनीहरूले गर्न नदिएमा के गर्ने ? हामी त्यो दाउन्ने पार्क पेरिफेरि कतै पुलहरू थपेर पिल्लरहरू खडा गरेर पनि सडक लान सकिन्छ भने त्यो पनि गरौं त्यो पनि हेऱ्यौं त्यो पनि सम्भावना देखिएन भन्नुभयो इन्जिनियर सापहरूले । अब हामीले त्यहाँबाट तपाईंको शुरुङ मार्ग खन्ने सम्भावना देखियो, त्यो भन्दा अर्को केही उपाय छैन त्यसको। त्यसकारणले त्यो निरन्तर आइराख्ने र निरन्तर लाइरहन पर्ने पनि छ, प्रधानमन्त्रीसँग चार पटक त कुराकानी भएको हो मेरो तर यसको ढोका खुल्या छैन । हाम्रो संवेदनशीलता उहाँहरूले बुझिदिनुभएको छैन अहिलेसम्म । तर अब हामी यता माननीयज्यूले राख्नु भएको चासो किन स्वाभाविक छ भने हामीले पहिलो वर्ष भन्यौ पोखरा, भिमाद, डेडगाउँ, दुम्कीबास हुँदै त्रिवेणी पुग्ने भन्यौं ।

गत वर्ष पनि हामीले त्यही भन्यौं । यो वर्षदेखि संघीय सडक विभागले पनि काम गऱ्या छ थोरै थोरै दुई तीन करोड हाल्या होला कति हाल्छ छ होइन ? काम गरिरहेको हामी पनि माथिबाट काम गर्न शुरु गर्ने भनेको, डिपीआर गर्ने भनेको अनि संघीय सरकासँग हाम्रो सल्लाह के हो भने, उनीहरूले दुम्कीबास जानुपर्दैन हामी यहाँ अरुण खोलाबाट माथि शुरु गर्छौं तपाईहरू माथिबाट शुरु गर्नुहोला भनेर सहमति भएको हुनाले उनीहरूको अरुण खोलाबाट भनेर भन्या हो हामीहरू त पुरानो दुम्कीबाट पुग्दै त्रिवेणी जाने कुरा छ । हाम्रो तल माथि भएको छैन । हाम्रो त्यो तलमाथि भयो भने हाम्रो त्यो दुम्कीबासको ठाउँमा अरुण खोला हुने भयो भने पनि त्यहाँको माननीयहरूसँग सल्लाह नगरिकन, त्यहाँको जनप्रतिनिधिसँग सल्लाह नगरिकन त्यो तलमाथि हुँदैन हाम्रो त्यो योजना यथावतै छ । त्यसकारणले यो वर्षदेखि हामीले नेपाल सरकारसँग भन्यौं तिमीहरूको प्रदेशको लागि ५ वटा योजना पठाऊ हामीले गरिदिनुपर्ने भनेर भन्यो । हामीले १ नम्बरमा यो सडक पठाएका छौं ।

त्यसपछि मैले अघि भने रूपान्तरणकारी योजनाहरू पठाएका छौं । त्यो अहिले कुनै हाल्या छैन पछि केही ससर्तमा हाल्यो भने कुरा हो । त्यसपछि भएको स्थितिको बारे जानकारी गराउने कुरा स्पष्ट पार्न चाहन्छु । बहुसांस्कृतिक ग्राम हाम्रो प्रदेशभरीको साह्रै राम्रो प्रोजेक्ट थियो । त्यसको व्याबग्राउण्डको लागि अहिले समय छैन मलाई । तर बहुसांस्कृतिक ग्रामको लागि हामीले जमिनको खोजीको लागि हामीले कार्यदल बनाएका छौं । कार्यदलले तीन महिनाको अध्ययन छलफल गरेर प्राडा हाम्रो दीलबहादुर क्षत्रीको नेतृत्वमा एउटा कार्यदल नै बनाएर हाम्रो त्यो कार्यदलले काम हाम्रो माथि कास्कीकोट, ठूलाकोट, रामकोट, पाउदुरकोट चारवटा कोटहरू उहाँहरूले सिफारिस गर्नुभयो । चारवटा कोटहरूमध्ये सबैभन्दा राम्रो ठाउँ पाउदुरकोट हो भनेर उहाँहरूले भन्नुभयो । उहाँ कास्कीकोट त्यहाँ जग्गा दिन तयार छ । ठूलाकोट अल्ली साँघुरा भयो

भन्ने भयो हाम्रो । रामकोटमा हामीले जिआइडी बनाउने बेला भइसक्यो । यसकारणले कास्कीकोट कि पाउदुरकोट भन्ने विषयमा छलफल भयो हामी धेरै कारणले पाउदुरकोट ठीक हो भन्ने निष्कर्षमा पुगेपछि प्रदेश सरकारले पाउदुरकोट हाम्रो बहुसांस्कृतिक ग्राम बनाउने ठाउँ हो भनेर हामीलाई जग्गा दिनुपऱ्यो भनेरमाथि पठायौं । जनता पनि एकदमै १०० प्रसेन्ट समथर्न छ । तर संघीय सरकारले यो वन क्षेत्रभित्र पऱ्या हुनाले, अन्य अन्य कारणले आजसम्म हामीहरूलाई भोगअधिकार नदिएको कारणले हामीले अर्को ठाउँ पनि हेर्न सक्या छैनौं त्यसैले केही प्राप्ति गर्न सकिन्छ कि भनेर लागिरहेको कारणले यो वर्ष पनि हामी सरकारलाई भन्छौं त्यो जग्गा पायो भने हाम्रो डिपीआरको काम र तारबारको काम शुरु हुन्छ र अर्को वर्ष हामी बनाउने काम शुरु गर्छौं । यसरी यो वर्ष पनि निरन्तर लागिरहेका छौं ।

यो माननीयहरूलाई झुक्याउनका लागि जनतालाई झुक्याउनका लागि भनिराख्नुपर्ने गर्नुनपर्ने विषय होइन । यो विविध कारणले गर्दाखेरी आर्थिक कारणले, प्राविधिक कारणले, सरकारको कारणले यो लड्किराखेको विषय भएको यहाँहरू समक्ष निवेदन गर्न चाहन्छु । त्यस्तै अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको कुराकानी गर्दा पनि हामीले धेरै ठाउँहरू हेरिरहेका छौं। सिलिङ्गे पार्क पनि हेर्न गइयो, यो प्रर्दशनी केन्द्र पनि हेऱ्या छौं। त्यहाँ ३५ रोपनी अरु थप १० रोपनी जग्गा छ ४५ रोपनी जग्गाभित्र बनाउने कि नबनाउने भन्नेमा विवाद छ हाम्रो अहिले । त्यो साह्रै साँघुरो भयो भने कमसेकम १०० रोपनी जग्गा चाहियो मिनिमम भन्ने छ। सबै ठाउँमा इन्फरमेन्स भइसकेको छ त्यहाँ ।

त्यो अहिले पोखराको पोखरा नगर उपत्यका विकास समितिले पोखरा उद्योग वाणिज्य संघलाई चलाउन जिम्मा दिएको छ । महानगरपालिकाको जग्गा हो त्यो । महानगरपालिकाको मेयरसँग धेरै पटक कुराकानी भएको छ कि यो के गर्ने ? मैले थोरै जग्गा भयो भनेर अरु धेरै पाइन्छ कि भनेर खोजिरहेको हामी अरु जग्गा पाउन सकिरहेका छैनौं । त्यसकारणले यो जग्गाको कारणले गर्दाखेरी हामी त्यत्तिकै अलमलमा बसिरहेका छौं । यो वर्ष हामी सल्लाह गर्छौं । ४५ रोपनीको जग्गा र त्यसमा निर्माण गर्दैगर्दै पछि थप्दै जाने भन्ने स्थिति बन्यो भने हामी त्यही शुरु गर्छौं होइन भने अन्यत्र हामीले अल्ली परपर त्यो जग्गा खोजेर काम गर्नुपर्ने स्थिति छ । यो वर्ष हामीले त्यो जग्गा खोजेर हामी टाढा परे पनि नजिक परे पनि यो कामको शुरु गर्नुपर्छ भन्ने मान्यतामा छौं हामी । त्यसकारणले यो पनि दोहोरिरहेको स्थिति हो । पोखरा क्षेत्रमा अर्को योजना छ पोखरा चक्रपथ शुरुको दिनमा हामीले के भन्यौं भने हामीले यो फिजिकल स्टडी त गऱ्या छौं हामीले मन्त्रालयले पनि गऱ्या छ तर त्यही बीचमा त्यो कम्पनीको संयुक्त टिम आएर हामीलाई भन्यो, पोखरालाई बृहत् पोखरा चक्रपथ हामी बनाउन चाहन्छौं । बनाउन दुई चार चरण कुराकानी भयो । हाम्रो प्रारम्भिक एमओयु भएको छ उनीहरूसँग कि यो बृहत् पोखरा चक्रपथको डिटेल सर्भे गर्नका लागि चाइनिज कम्पनीले हामीसँग सहमति गर्न खोज्या हुनाले र उनीहरू डिटेल सर्भे गर्नका

लागि कमसेकम करोडौ रूपैयाँ लाग्छ त्यसकारणले त्यो करोडौं रूपैयाँ लाग्ने तपाईंले खर्च गर्नुहोस् हामीले डिटेल सर्भे गर्छौं भन्नुभएको हुनाले हामीले डिटेल सर्भे तपाईंहरूले गर्नुहोस्, पछि यो पोखरा बनाउने कुरामा तपाईंहरूले बनाउने ठेक्का भइहाल्यो । तपाईंले कथम ठेक्का पाउनु भएन र अर्केले पायो भने त्यसबेला तपाईंहरूले डिपीआर सर्भे गरेको वापतको त्यो रकम सम्बन्धित जो ठेक्कापट्टा पाउछ त्यसबाट उपलब्ध गराउने गरेर सानो कागज लेखिदिनु भनेर भन्या हुनाले हामी त्यो कागज लेख्न परे पनि लेख्ने भन्ने तयारीमा छौं र लकडाउनका कारणले उनीहरू दुई तीन पटक आएर हेरिसक्या छ फिल्ड सर्भे गरिसक्या छ । लकडाउनको कारणले अहिले त्यो कम्पनी चाइनमा लक भएर बस्या छ । त्यो आएको छैन, त्यसकारणले यो पनि यसै लड्किरहेको छ ।

आफूसँग क्षमता छैन, अरुसँग भर पर्न पर्‍यो, अरुसँग भर पर्दा विभिन्न कुरा हुँदाखेरी हामीलाई यो समस्या भइरहेको कुरा यहाँहरू समक्ष निवेदन गर्न चाहन्छु । र विविधमा म के भन्न चाहन्छु भने एक्याप र एक्याप अहिले पनि हाम्रो अधिकार क्षेत्र भित्रको कुरा हो तर नेपाल सरकारले अहिले पनि एनटिआरटीसँग सम्झौता गरेर त्यो एक्यापलाई उसले आफूले लिँदै आइरहेको छ । यसैले हामीले यो वर्ष नीति तथा कार्यक्रममा भनेका छौं । एक्याप  एक्याप र पंचासे संरक्षित  संरक्षित वन त्यो सबै हाम्रो एकल अधिकारसूची भित्र भएको हुनाले नेपाल सरकारलाई हामीलाई हस्तान्तरण गर्न पर्यत्न गर्छौं। दुई तीन पटक पर्यत्न गरिसक्या छौं । किन भने यो अन्तरप्रादेशिक वन संरक्षण क्षेत्र संघ सरकारको हो । यो त एउटा प्रदेश र अर्को प्रदेश बीचको संरक्षित क्षेत्र होइन यो एक्याप त्यसकारण यो राष्ट्रिय एउटै प्रदेशभित्रको संरचना भएको हुनाले हाम्रो हुनुपर्छ भनेर हामीले भनिरहेका छौं त्यसमा पनि यसपटक हामीले बोल्या छौं ।

एक औद्योगिक ग्राम भन्ने छ यसमा हाम्रो ८५ वटा स्थानीय तहमा एउटा स्थानीय तहमा एउटा औद्योगिक ग्राम बनाउने भनेर हामीले शुरुको घोषणामा भन्या छौं । त्यो घोषित नीति अनुसार हामीले गतवर्ष कार्यदल बनायौं । कार्यदल बनायौं, कार्यदलले अध्ययन गर्दै के भन्यो भनेदेखि १६ वटा गाउँपालिकालमा कुनै सम्भावना छैन । त्यसकारण त्यसको कुनै नामै नलेऊ भन्यो । त्यसपछाडि अर्को २१ यस्तै होला गाउँपालिकाभित्रमा यो ५ वर्ष भित्रमा कुनै सम्भावना छैन भन्यो । त्यसकारणले तिम्रो सम्भावना भएको गाउँपालिकामा ५१ वटा मात्रै हो भनेर त्यो कार्यदलले सुझाव दियो । अनि ती ५१ वटा गाउँपालिकाहरूमा नगरपालिकामा हामीले के भन्यौं हामीले उनीहरूलाई चिठी लेखेर पठायौं । यो यो मापदण्ड पुगेन फारम भरेर पठाउनुपर्छ भनेर भन्दाखेरि ५१ वटा गाउँपालिकामध्ये ३० वटा गाउँपालिकाले आफ्नो रिपोर्ट पठायो ।

रिपोर्ट पठाउँदाखेरि कपतिपयको त मापदण्ड अझै पनि पुग्या छैन । २१ वटाको निम्ति राम्रो रिपोर्ट आएको थियो । उनीहरूलाई हामीले नेपाल सरकार कहाँ पठाइदियौं ।

नेपाल सरकारले १५ वटा घोषणा गरेर पठाइदिएको छ । १५ वटा ठाउँमा औद्योगिक ग्राम निर्माण काम भएको छ । त्यस्मा धेरै स्याङजा जिल्लामा छ, किनकि उनीहरूले धेरै पायो, त्यहाँ पनि अर्को शक्तिको पहुँचको कुरा पनि छ । बनाइदिएको छ । यो विधि प्रक्रिया पुऱ्याउनुपर्छ भन्या छ । अरु धेरै जिल्लाहरूले पनि शुरु गरेको स्थिति छ । त्यसकारण यो अभियानमा पनि हामी लागिरहेका छौं । त्यसकारण यो कमसेकम ५१ वटा पालिकामा नपुग्दासम्म त हाम्रो निरन्तर रहिरहन्छ नि त । निन्तर किन ल्याएको हो भनेर प्रश्न नगरिदिनुहोला । यसको सन्दर्भ यस्तो भएको हुनाले यसलाई पनि त्यही रूपमा बुझिदिनुहुन माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । अ ब सीमित श्रोत र साधनको अधिकतम् परिचालन गर्ने, मितव्ययिता अपनाउने, काम मात्रै गरेर प्रदेश सरकार लागिरहेको छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने नै हो ।

त्यसमा हाम्रो ई गभर्मेन्टको महत्वपूर्ण पाटो हुन सक्दछ । अहिले हामीले यो अनुगमनको पाटोलाई प्रभावकारी बनाएकै छौं हामीले । यद्यपि अहिले पनि भ्रष्टाचार छ । अनियमितता छ । कुरो उठीरहेकै छ तर हामीले त्यसलाई ट्याक्कै देखिने गरेर त्यस्तो छैन । कहाँ कहाँ देखिएको छ त्यसलाई हामीले कारवाही गर्ने, कर्मचारीलाई नसिहत दिने काम गरिरहेका छौं तर बाँकी कुराहरू भ्रष्टाचारका कुरा आइरहेको हुन्छ । त्यसकारणले यो भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति हामी हाम्रो रूपबाट कायम गर्छौं । लैंगिक हिंसा विरुद्ध न्यूनिकरण गर्ने नीति हो हाम्रो, दलित समुदायको पेसा, सीप र कलालाई संरक्षण गर्ने नीति हो हाम्रो । हाम्रो प्रदेशमा पहिलो चोटी सायद प्रदेश सरकारमा पहिलो चोटी होला प्रदेश सरकारले पनि एक पटक भन्या थियो भगत सर्वजित दलित आन्दोलनको एउटा अगुवा हुनुहुन्थ्यो बाग्लुङको, उहाँको मार्गबाट हामीले भगत सर्वजित सीप विकास कार्यक्रम हामीले सञ्चालन गर्ने भनेका छौं । त्यसमा हामीले बजेटको आवश्यक व्यवस्था गर्छौं ।

छुवाछुत तथाा भेदभाव विरुद्ध शून्य सहनशीलता भन्ने नीति हाम्रो प्रदेश सरकारको हुँदै हो । प्रदेश सभाको पनि हुँदै हो । त्यसकारणले हामीले अनियमिततालाई सुशासनलाई टान्सप्यारेन्ट्ली अगाडि बढाउनका लागि जनताको गुनासो सीधै जननिर्वाचित सरकारले सुन्नुपर्छ भन्ने मान्यताका आधारमा हेलो मुख्यमन्त्री कक्ष र विशेष कक्ष र विद्युतीय माध्यमलाई प्रभावकारी बनाउँदै लगेका छौं । त्यसमा अझ पनि बनाउनुपर्ने प्रभावकारी बनाउनुपर्ने धेरै कुराहरू बाँकी छन् । विद्युतीय सवारी साधनको उपकरण सञ्चालन गर्ने कार्यक्रम हाम्रो छँदैछ । तर दुर्भाग्य यसपटकको बजेटमा विद्युतीय सवारी साधनको जुन कर हो त्यो धेरै बढाइदिएको हुनाले सहायद त्यो करेक्सन भएर आउछ होला । त्यो सुधारतर्फ लागेको छ । सर्वदलीय सहमति भएर त्यो आउने स्थिति छ ।

त्यसका लागि हामीले भन्दै आएको विषय के भने हामी अहिलेसम्म ८० मेगावाट मात्रै प्रयोग गर्छौं सिंगो गण्डकी प्रदेशले । अब गण्डकी प्रदेशमा विद्युत उत्पादन शुरु गरेपछि लमजुंगको दोर्दीमै उत्पादन हुने भनेको १०० मेगावाट भन्दा बढी छ । अब विभिन्न ठाउँमा मादीमा पनि विद्युत उत्पादन हुँदैछ । यो भएर यो आर्थिक वर्षभित्र हाम्रो धेरै उत्पादन हुन्छ। विजुली उत्पादन हुँदै जाने हामी प्रयोग नै नगर्ने यस्तो स्थिति उत्पन्न हुन हुँदैन भनेर हामीले अब विद्युतीय सवारी साधनमा जाने, खास गरेर सार्वजनिक विद्युतीय साधन सञ्चालन गरेर पेट्रोलियम पदार्थको आयातमा प्रतिस्थापन गराउँदै जाने, घटाउँदै लैजाने भन्ने हाम्रो उद्देश्य हो ।

घरघरको ग्यास सिलिण्डर विस्थापन पनि हाम्रो विद्युतीय चुलोले गर्नुपर्छ भन्ने सैद्धान्तिक मान्यताका आधारमा हामी लागिरहेकै छौं । यो वर्ष हामीले बल्ल बल्ल सामान आयो विद्युतीय शुरुवात केही ठाउँमा हामी यो वर्ष शुरुवात गर्दछौं । समुदाय र प्रदेश सरकारको साझेदारीमा । त्यो गरेर हामीले प्रत्येक घरघरमा यो ग्यास सिलिण्डरको ठाउँमा विद्युतीय चुलो प्रयोग गर्ने, विद्युत खपतलाई बढाउने, बाँकी ३ वर्षभित्र सवारी साधनमा विद्युतीय साधनको प्रोत्साहन गरेर पेट्रोलियम पदार्थको आपूर्तिलाई न्यूनीकरण गर्दै लैजाने भन्ने हाम्रो नीति यथावत रहेको छ । त्यसका लागि आपूर्ति व्यवस्था तथा अनुगमनमा सिडियोलाई माननीयलाई किन दिएन ? अहिले हामी यो लकडाउनमा धेरै कुराहरू प्रशासनले म्यानेजमेन्ट गर्नुपर्ने, नीतिगत कुराहरू, विपत्को व्यवस्थापन गर्नुपर्ने यो सबै टिमको नेतृत्व जिल्लामा सिडीयोलाई दिने निर्णय गरेर सिसिएमसीको अध्यक्षलाई तोकेको, जिल्लाको हकमा उसलाई तोकेको, सबै सुरक्षा निकाय परिचालन गर्न पर्ने भएको हुनाले सिडियोको नेतृत्वमा भएको ठाउँमा हाम्रो माननीयलाई राख्न मिलेन ।

त्यसकारणले तयो आपूर्ति व्यवस्थापन तथा सहजीकरणमा माननीयहरूलाई आमन्त्रितको रूपमा व्यवस्थापन गर्ने भनेर भनेका छौं । त्यसको त्यस ढंगले जानुपर्छ भन्ने लाग्छ । जिल्ला समन्वय समितिको प्रमुखको भन्दा पनि सिडियोको नेतृत्वमा बजार नियन्त्रण र आपूर्ति व्यवस्थापन गर्नुपर्ने विपत् व्यवस्थापनको स्थिति भएको हुनाले हामी त्यसरी जानुपरेको हो । बाग्लुङ अस्पतालको खर्चको विषयमा पनि कुरा उठेको छ । यो कार्यविधिमा जे भनेको छ त्यही अनुसार हुन्छ उनीहरूको । हामीले के भनेका छौं फ्रन्टलाइनमा काम गर्नेहरूलाई १०० प्रसेन्ट भत्ता हो । सेकेन्ड लाइन, रोमा बसेर काम गर्नेहरूको ५० प्रसेन्ट भत्ता हो र थर्ड रोमा काम गर्नेहरूको ५० प्रसेन्ट ओटी भत्ता पाउने भयो । तलबमा त्यति प्रसेन्ट भत्ता पाउने भयो । त्यो कुरा उनीहरूले भनेर सबै ठाउँमा पठाइदिएको हुनाले यति नै दिनुपर्छ भन्ने होइन, उनीहरूले गरेका छैनन् तर हाम्रो कार्य विधिले एक करोड ९३ लाख भनेर हुँदैन ।

हाम्रो कार्यविधिले जे भन्छ त्यही हुन्छ त्यसमा तलमाथि हुने वाला छैन त्यसकारणले कोडिन १९ को खर्च कोष सञ्चालक समितिले गऱ्या छ हाम्रो कोभिड कोष सञ्चालन

बारे केही भयो भने निर्देशक समितिले निर्णय गर्छ । क्याविनेटले अर्थपूर्ण निर्णय गर्न सक्छ । बाँकी क्याविनेटको मूल निर्णय गरेर सम्पूर्ण खर्चको ब्रेकडाउन व्यवस्थापन गर्ने निर्णय कोष सञ्चालक समिति र त्यहाँबाट फर्स्यौट हुँदै जाने कुरा म माननीयज्यूहरूलाई निवेदन गर्न चाहन्छु । र वनपैदावर कटानी अब यहाँको कुरा भएन। नेपाल सरकारले गरेको हामीले प्रधानमन्त्रीसँग कुराकानी गरेका छौं । हिजो पनि साँझमा कुरा गर्‍या छु । त्यसमा पनि र्सावजिनक हुन्छ होला । सुकुम्बासी समस्या समाधान यो राष्ट्रिय समस्या पनि भएको हुनाले नेपाल सरकारले सुकुम्वासी आयोग सञ्चालन गरिसक्या छ ।

यो साउनदेखि लागु हुने गरेर जिल्ला जिल्लामा सुकुम्वासी आयोग गठन हुन्छ त्यसले नै जिल्लामा रहेको सुकुम्वासी र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने काम गर्छ भन्ने कुरा पनि यहाँ माननीयज्यूहरूलाई निवेदन गर्न चाहन्छु । यो वर्ष हामी बारम्बार उठाइरहेको अबन्डा कोष हामी सञ्चालन गर्छौं । एकदुईमा कुनैमा आउनसक्छ त्यो पनि त्यसर्लाइ हामी एकदमै न्यूनीकरण गरेर त्यो अहिले पोहोरको जस्तो टक्कटक्क गरेर राख्ने काम हामीले गर्दैनौं । नारायणी नदी नियन्त्रणमा प्रदेश सरकारको चालु आर्थिक वर्षमा करिब ४ करोड ७८ लाखको कार्य भइरहेको नेपाल सरकारसँगको सम्बन्धमा समन्वयमा विशेष कार्ययोजना आयोजना प्रतिवेदन तयारी अवस्थामा रहेको, नेपाल सरकारबाट नारायणी नदी नियन्त्रण आयोजना कार्यालय सञ्चालनमा रहेको कुरा माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु । निवेदन गर्न चाहन्छु ।

माननीय विपक्षी दलका नेता माननीय सदस्यज्यूहरूले कोभिड नियन्त्रण र प्रदेशको विकासमा देखाउनु भएको चासो, चिन्ता र सरोकार, सुझाव, राय र सुझाव, साथ र समर्थनका लागि हार्दिक धन्यवाद दिन चाहन्छु । अन्तिममा म फेरि एक पटक के भन्न चाहन्छु भनेदेखि हामी अहिले एकदमै चुनौतीको बीचमा उभिएका छौं । यसबेला हामीले हाम्रो चासो कहाँनेर हुनुपर्‍यो एकजना माननीयले भन्नुभयो । अलि मधुरोमधुरो स्वरमा भन्नुभयो उहाँले संघीयताको यो अधिकारको बाँडफाँडको सबालमा, संघीयता कार्यान्वयनको सबालमा हाम्रो यो प्रदेश सभामा अल्ली धेरै मुखरित हुनपर्‍यो । नेपाल सरकारले नै संघीयताको प्रदेशको एकल अधिकारको सूचीमा रहेको कार्यक्रममा किन हस्तान्तरण गर्नुपर्‍यो ? किन सरलीकृत गर्दैन ? इन्टरगभरमेन्टल रिलेसन कोर्ट एक्ट किन चाँडै ल्याउँदैन ? अहिलेसम्म निजामती सेवा ऐनलाई किन प्रभावकारी बनाउन सकेन, यस पटकको कोभिडले के देखायो, विपतले के देखायो, यसको कार्यान्वय पक्ष के देखियो भनेदेखि जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू अब तपाईंको नेपाल सरकारसँग मात्रै लोयालिटी मात्रै कायम राखेर उनीहरु प्रतिमात्रै बफादार बनाएर यो देशमा न शान्ति सुरक्षा कायम हुन सक्दैन, विपत् व्यवस्थापन हुन पनि सक्दैन, अरु कामहरू पनि हुन सक्दैन भन्ने कुरा प्रष्ट देखियो त्यसकारणले प्रमुख जिल्ला अधिकारीहरूलाई ।

प्रदेशको शान्ति सुरक्षाको सबालमा, प्रदेशको विपत् व्यवस्थापनको सबालमा, विकास निर्माणको अरु सबालमा, प्रदेश सरकारको प्रेसरमा रहेर काम गर्नुपर्ने केही एजेन्डाहरू छन्। एपीएफ, नेपाली सेना या तपाईंको नागरिकताको कुरा होस् । पार्सपोर्टको कुरा होस् । इन्टर प्रोडुस्योल कन्ट्रोलको कुरा होला, सीमानाको कुरा होला यस्ते केही विषयमा नेपाल सरकारसँग नजिक रहने उसको बाँकी अरु विषयमा प्रदेश सरकारको मातहतमा रहने गरेर यो प्रमुख जिल्ला अधिकारीको अधिकारको कार्य सञ्चालन व्यवस्थापन गरिएन भने संघीय शासन प्रणाली असफल हुन्छ । त्यो बाटोतिर लाग्छ भन्ने कुरा यस पटकले पनि पुष्टि गरेको छ । त्यसकारणले यो कुरामा पनि प्रदेश सभाहरूमा यस्ता छलफलहरू ज्यादा हुनुपऱ्यो । किन प्रदेश सभाका सदस्यहरूलाई सिडियोले बोलाउँदैन ? किन सिडियोले यथोचित सम्मान गर्दा बारम्बार प्रश्न उठाइरहेको छ ? त्यसको कडी एकातिर छ हामी अर्कोतिर छौं । महादेवले पार्वतीलाई नचाउँदै हिँडे हामी के नचाउने ? बाँदरेलेजे नाँच नाच्यो त्यही नाँच नाच्ने हो त ?

महादेवलाई किन चुटिरहन्छौं हामी ? महादेवलाई भन्न सक्ने आट गर्नुपऱ्यो हामीले । हामीले त्यही काम हो । त्यसकारणले त्यो एउटा सन्दर्भ छ, अर्को कुरा तपाईंको हामी हाम्रो प्रतिष्ठा बढाउनका लागि एउटा कुरा धेरै माननीयहरूले उठाउनुभयो । के उठाउनु भयो ? निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम खारेज गरौं भन्नुभयो, खारेज गर्दैनौं हामी । अघिल्लो २ वर्ष खारेज गर्नुपर्छ भन्ने माग थियो । तपाईंहरूले नै होइन ६ नम्बर ७ नम्बर ५ नम्बरतिर घुमेर आउनुभयो । अनि उता पूर्वतिर पनि घुमेर आउनुभयो । माननीयहरूको चासो के थियो, अनुभूति के थियो ? सबै ठाउँमा निर्वाचन क्षेत्र कोष दिएको रहेछ, तपाईंले मात्र नदिएको रहेछ दिनुपऱ्यो तपाईंहरूले भन्नुभयो । माननीयहरू यत्रो सहयोग गर्ने योगदान गर्ने माननीयहरूले भनेपछि मैले किन नदिने ? प्रदेश सरकारले यो २०७६/०७७ मा नीति कार्यक्रम तथा बजेटमा व्यवस्था गऱ्यो । समस्या त हुन्छ नि कार्यान्वयनमा, कार्यविधि के गर्ने भन्ने विषयमा छलफल भयो । हामी आफ्नो मर्यादा भएन, हाम्रो केही भएन भन्नी एउटा मर्यादा यति जनताका बीचमा देखिने कार्यक्रम के छ ? पछिल्लो चरणमा आएर मैले के अनुभूति गऱ्या छु भने त्यो कार्यक्रमले प्रदेश सभाका माननीय सदस्यहरूलाई कमसेकम जनतासँग ५ लाखको भए पनि खानेपानी ल्याइदिएँ बाआमा भन्ने बाटो त छ कमसेकम ।

आमा दिदीबहिनीहरूलाई आमा समूहको भवनलाई धेरै सकिएन ७ लाख हालिदिए भन्ने तपाईंलाई अधिकार । जनतासँग प्रत्यक्ष जोड्ने गरेर त्यो कार्यक्रमलाई ल्याऊ, उत्पादनसँग जोडिएर त्यो कार्यक्रम ल्याऔं न । फजुल खर्चमा त्यसलाई निषेध गरौं अब यो प्रत्यक्ष र समानुपातिकतर्फको विभाजन कसरी गर्ने भन्ने विषयमा तपाईंहरूले सुझाव दिनुहोस् । त्यही अनुसार गरौं । यो पटक हामीले कार्यविधि चेन्ज गर्छौं भनेको के भन्या छौं भनेदेखि कार्यविधि चेञ्ज गर्ने भनेको हामीले कृषि उत्पादनलाई जोड दिने भन्या छौं । कृषि उत्पादनसँग जोडे अलिकति यति प्रसेन्ट, एति भोलुम, ६० प्रसेन्ट, ५०

प्रसेन्ट कृषि क्षेत्रसँग जोडिएको उत्पादनसँग जोडिएको या उद्यमसँग जोडिएकोमा खर्च गर भन्ने हो कि ? यसको केही मोडालिटि गरौं तर यसलाई कन्टिन्यू गर्न चाहन्छौं ।

यतिकुराहरू यहाँहरू सबैसँग निवेदन गरेर यो गण्डकी प्रदेश सभाको यो छैठौं अधिवेशन र यसलाई बजेट अधिवेशन पनि भन्ने गर्छौं हामी । नीति र कार्यक्रममा तीन दिन लगातार माननीय सदस्यज्यूहरूले छलफल चलाएर राय सुझाव, टिप्पणी, आलोचना, विरोध जे दिनुभयो सबैप्रति विरोध भए पनि, आलोचना भएपनि, सुझाव भए पनि, समर्थन गरे पनि सबैप्रति मेरो धेरै धेरै धन्यवाद, आभार व्यक्त गरेर गण्डकी प्रदेश सभाको गरिमालाई उठाउनका लागि प्रदेश सभाले, गण्डकी प्रदेश सरकारले के गर्नुपर्छ म प्रदेश सरकारको मुख्यमन्त्री भएको हैसियतले प्रदेश सरकारकातर्फबाट प्रतिबद्धता जाहेर गर्न चाहन्छु। कमसेकम यो माननीयहरूको यो क्षमता अभिवृद्धिको कुराहरू, केही केही विषयका कुराहरू छन् त्यसका लागि हाम्रो पीएलसी कार्यक्रम शुरु हुँदैन त्यसमा हाम्रो अलिकति होइन धेरै कार्यक्रमहरू अगाडि बढाउने कुरा पनि जानकारी गराउन चाहन्छु । कमसेकम हामीले यो नसोचौं कि, हामी आफूँ मात्रै केन्द्रित भएर भन्या छैनौं । कमसेकम एउटा निर्वाचित नेतृत्वको मर्यादा, जनताले विश्वास गरेको मर्यादा, समाजमा कस्तो रहनुपर्छ भन्ने सन्दर्भमा हामी सबै त्यस विषयमा एकजुट हुनुपऱ्यो । सबैको सोलिडारिटी हुनुपऱ्यो । सत्तापक्ष र विपक्ष भएर होइन, माननीय प्रदेश सभाको सत्ता पक्ष र प्रतिपक्ष भएर होइन, मन्त्रीहरू भनेका प्रदेश सभाकै मन्त्रीहरू हुन् । आज एउटा पार्टीको होला भोलि अर्को पार्टीको होला बेग्लै कुरा हो । तर ऊ प्रदेशको मुख्यमन्त्री हो, प्रदेशको सांसद हो, प्रदेशको सभामुख हो, प्रदेशको उपसभामुख हो ।

प्रदेशको सांसदहरू हुन् । प्रदेशका सभापतिहरू संसदीय सभाका सभापतिहरू हुन् भन्ने कुरा हामीले बुझेर हामीले हाम्रो आफ्नो गरिमालाई बढाउनका लागि हामी सबै एक ठाउँमा उभिऊ गण्डकी प्रदेश सरकारले  जति धेरै गर्न सक्छ, जति-जति यो संवृद्धिको अभियानलाई अगाडि बढाउन सक्छ त्यति धेरै उसले आफ्नो औचित्य पुष्टि गर्न सकेको हुन्छ । नेपाल सरकारसँगको सैद्धान्तिक बहसमा, वैचारिक बहसमा गण्डकी प्रदेश सरकारले कहिल्यै पनि पीठ फर्काउँदैन । कहिल्यै पनि शिर झुकाउँदैन । ऊ जहिले पनि नेपाल सरकारसँग आफूलाई परेका समस्याहरू, यो व्यवस्थालाई सुदृढ गर्ने विषयमा, यो प्रणालीलाई व्यवस्थित गर्ने विषयमा अनवरत रूपमा अगाडि बढ्ने यो सम्मानित प्रदेश सभासमक्ष निवेदन गर्दै अन्तमा यहाँहरूलाई पुनः धेरै-धेरै धन्यवाद दिएर म आफ्नो भनाई टुंग्याउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यज्यूहरू, अब यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यज्यूहरू, अब माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङलाई मिति २०७७ जेठ १८ गते सभा

समक्ष प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमलाई प्रदेश सभा नियमावलीको नियम ३८ को उपनियम (३) बमोजिम पारित गरियोस् भन्ने प्रस्ताव सभा समक्ष अनुरोध गर्न प्रस्तुत गर्दछु ।

**माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ**

माननीय सभामुख महोदय, नेपालको संविधानको धारा ८४ को उपधारा (२) तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूले मिति २०७७ ज्येष्ठ १८ गते आइतवारका दिन सभामा प्रस्तुत गर्नुभएको प्रदेश सरकारको वार्षिक आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रदेश सभा नियमावली २०७४ को नियम ३८ को उपनियम (३) बमोजिम पारित गरियोस् भनी सम्मानित सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् । "हुन्छ" भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले मिति २०७७ साल ज्येष्ठ १८ गते सभा समक्ष प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू**

अब यो बैठक २०७७ साल जेठ २३ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

# प्रदेश सभा
# गण्डकी प्रदेश
# छैटौं अधिवेशन
# (सोह्रौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७७।०२।२३ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षता बस्यो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम म प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त विधेयकको प्रमाणीकरण सम्बन्धि पत्र पढेर सुनाउँछु ।

मितिः २०७६।१०।१३

विषय : प्रमाणिकरण सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय
गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा त्यहाँको पत्र संख्या २०७६/०७७ चलानी नम्बर २९८ मिति २०७६।१०।०५ को पत्रसहित प्राप्त प्रदेश सभाबाट पारित गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मिति २०७६।१०।१३ मा माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएको एक प्रति विधेयक यसैसँग संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

विश्वप्रकाश न्यौपाने
निमित्त सचिव ।

माननीय सदस्यहरु, अब मिति २०७६ साल माघ ७ गतेको सभाको बैठकमा प्रस्तुत भई २०७६ साल माघ १२ गते बसेको सभाको बैठकबाट दफाबार छलफलका लागि विधायन समितिमा पठाइएको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना र संचालन गर्न बनेको विधेयक को प्रतिवेदन सहितको विधेयक सभा समक्ष

प्रस्तुत गर्न सो समितिका सभापति माननीय सभापति श्री मोहनप्रसाद रेग्मीलाई समय दिन्छु ।

**माननीय मोहन प्रसाद रेग्मी**

माननीय सभामुखज्यू, मिति २०७६।१०।१२ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयकका सन्दर्भमा सम्बन्धमा छलफल गर्न मिति २०७६ साल फागुन १४ र ३० चैत ७, २०७७ जेठ १८ र जेठ २२ गते समितिको बैठक बसेको थियो । समितिको बैठक समितिका माननीय सभापति मोहनप्रसाद रेग्मीको अध्यक्षमा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, कृष्णचन्द्र नेपाली पोखरेल, चन्द्रबहादुर बुढा, धनञ्जय दवाडी, धनमाया पोखरेल लामा, पियारी थापा, पुष्पा केसी भण्डारी, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, विष्णु प्रसाद लामिछाने, माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री हरी बहादुर चुमान समेतको उपस्थिति रहेको थियो ।

त्यसै गरी समितिको बैठकमा संशोधनकर्ता माननीय प्रकाशचन्द्र दवाडीको समेत उपस्थिति रहेको थियो । साथै प्रस्तुत विधेयक उपर विज्ञ संशोधनकर्ता तथा सरोकारवालारुको राय संकलनका लागि एक दिवसीय अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न भएको थियो । त्यसप्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्शलाई समेत समावेश गरी विधेयकको दफा ७ को दफा (२) उपदफा (२) च दफा १४ को उपदफा (१) र दफा २२ को उपदफा (१) मा माननीय प्रकाशचन्द्र दवाडी प्रस्तावक र माननीय भागवत्प्रकाश मल्ल समर्थकभई मिति २०७६।१०।१४ गते दर्ता गर्नुभएको संशोधन प्रस्ताव विधोयन समितिबाटै संशोधन गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मत निर्णय भए बमोजिम संलग्न संशोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम सम्मनित सभासमक्ष पेस गर्दछु ।

मोहनप्रसाद रेग्मी<br>
सभापति<br>
विधायन समिति<br>
धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई विधायन समितिको प्रतिवेदन सहित गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय नरदेवी पुन मगर ।**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले मिति २०७६।१०।८ गते बसेको सम्मानित सभाको बैठकमा प्रस्तुत भई मिति २०७६ साल माघ २० गते दफाबार छलफलका लागि विधायन समितिमा पठाइएको गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयक समितिबाट प्रतिवेदनसहित प्राप्त हुन आएकोले प्रदेशसभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ (क) बमोजिम समितिको प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

अब म उक्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस्, यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब विधायन समितिको प्रतिवेदन सहितको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयकमाथिको दफाबार छलफल प्रारम्भ हुन्छ ।

छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरूको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यले आ आफ्नो भनाइ राखु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री मीना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मीना गुरुङ**

माननीय सभामुखज्यू, आज हामी गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयकमा दफाबार छलफलमा सहभागी भइरहेका छौं । हिजोका सामान्य स्थितिबाट आज असामान्य स्थिति कोभिड १९ को विषम परिस्थितिमा हामी यो अति आवश्यक विधेयकको दफाबार छलफल गर्न गइरहेका छौं ।

प्रदेशको समृद्धि र विकासका लागि आवश्यक पूर्वाधारहरूको निर्माण गर्न अति अपरिहार्य विषय नीति नियम नै हुन्छ र हामी सबैले आफ्नो दायित्वबोध गर्दै लकडाउनको बीचमा पनि समयको गतिसँग अगाडि बढ्न छैटौं महाधिवेशनबाट गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयक पारित गराउन महत्वपूर्ण छलफल सञ्चालन गरिरहेका छौं । यो विधेयकले कोरोना भाइरसले चोट पुऱ्याएका आर्थिक रुपमा पछाडि धकेलिएका जनताहरुलाई व्यावहारिक र व्यावसायिक सीपको माध्यमबाट माथि उठाउने काम गर्छ भन्ने मलाई विश्वास छ ।

गण्डकी प्राविधिक शिक्षा प्रतिष्ठान संचालन र व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा प्राविधिक शिक्षालाई राज्यले महत्व दिंदै आएको छ । वास्तवमा आजको युग भनेको प्राविधिकको युग हो । यसबाट हामी बुझ्न सक्छौं, हाम्रा भविष्यका कर्णाधारहरुलाई कस्तो शिक्षा दिने भन्ने विषय पनि हो ।

अहिलेसम्म प्राविधिक शिक्षाको नाममा हामीले कामचलाउ काम मात्र गरेका थियौ । र हाम्रो प्राविधिक जनशक्ति धेरै विदेशतिर पलायन भइरहेको अवस्था पनि छ । हाम्रो प्राविधिक शिक्षा विदेशमा मात्रै काम लाग्ने हो र ? र अर्को कुरा प्राविधिक शिक्षा हासिल गर्न किन हाम्रा विद्यार्थीहरु वार्षिक ५० हजारको हाराहारीमा लाखौं करोडौ खर्च गरेर विदेश गइरहेका छन् ? के यसबारे हामीले केही सोच्न सकेका छौं रु यसले हाम्रो शिक्षाको स्तर निर्धारण गरेको पनि देखिन्छ ।

माननीय सभामुखज्यू, अब म हाम्रो दफाबार छलफलमा प्रवेश गर्न अनुमति चाहन्छु। गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको संरक्षण रहने गरी बन्न लागेको यो प्रतिष्ठानका सबै दफाहरूले एउटा सिंगो सक्षम प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान बन्न लागेको छ भन्ने मेरो बुझाई छ । यो प्रदेशको नीति गौरव गर्ने विषय पनि हो र यस प्रतिष्ठानको सर्वच्चो निकायको रुपमा एक प्राविधिक शिक्षा तथा

व्यावसायिक तालिम सभाको गठन गरी माननीय शिक्षामन्त्रीज्यू नै यसको अध्यक्ष हुने गरी यो निकाय बन्नु ज्यादै उपयुक्त ठानेको छु ।
माननीय सभामुखज्यू, सैद्धान्तिक र व्यवहारिक शिक्षाको महत्व रहेको यस प्रतिष्ठानले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट मन्त्रालयको मनोनित मध्ये एकजना महिला, यसैगरी उद्योग पर्यटन लगायतका सेवासँग सम्बन्धित व्यक्तिहरुबाट पनि महिला १ जना मनोनीत गर्ने हुँदा महिला क्षमताको यसमा मूल्यांकन हुन्छ भन्ने मलाई विश्वास छ ।
माननीय सभामुखज्यू, सभाको काम कर्तव्य र अधिकारमा एउटा राम्रो पक्ष छ, सीपको वर्गीकरण परीक्षण प्रमाणिकरण र स्तर निर्धारण र सीप स्वीकृति इन्भेन्ट्री गर्ने पाठ्ययक्रम स्वीकृत गर्ने अति महत्वपूर्ण विषयमा यस प्रतिष्ठानले उल्लेख गरेको छ । कार्यकारी समितिको काम, कर्तव्य र अधिकार स्पष्ट खुलाएको छ । हरेक बुँदा नम्बर ९ मा रहेको ६ मा आंगिक सामुदायिक, निजी र गैरसरकारी क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको लागि आवश्यक मापदण्ड तयार गर्ने प्रदेशको आवश्यकता बमोजिम आशयपत्रको आह्वान मूल्यांकन तथा स्वीकृति जस्ता ऐन यसमा व्यवस्था भएको छ ।
माननीय सभामुखज्यू, यस विधेयकले आफ्नो सम्पूर्ण कानुनी आधार तयार गरेको देखिन्छ । निकै मेहनतद्धारा यो निर्माण भएको छ । भोलि समय र परिस्थितिको माग भएमा संशोधन पनि हुन सक्ने कुरामा पनि विश्वस्त छु । प्रतिष्ठानको कोष र यसका लेखापरीक्षण आदि सबै स्पष्ट खुलेको छ । र यो अति आवश्यक प्रदेश महत्व विधेयक भन्ने म ठान्दछु । भौतिक विकाससँगै मानव संसाधनको समानान्तर विकास भएमात्र देश विकास हुन सक्छ, त्यहि मानव बस्तीमा देखिएका रोग, भोक र शोक निर्मूल गर्न सरकारको एउटा अनुपम लक्ष्य सहित आएको यो विधेयकले समाजलाई आयआर्जनमा मात्र हैन, स्वच्छ छवि भ्रष्टाचारमुक्त समाज सुशासन र स्वस्थ प्रतिस्पर्धीको युगमा पुऱ्याउँछ भन्ने म ठान्दछु ।
माननीय सभामुखज्यू, हरेक दफामा व्यवस्था भएका विषयमा समर्थन म जनाउन चाहन्छु र अन्तमा केही सुझाव पनि म यहाँ राख्ने अनुमति चाहन्छु । दफा नम्बर ९ को (द) मा छात्रवृत्ति र पदक पुरस्कार व्यवस्था गर्ने भनेर लेखिएका छन् , यो कसलाई भनिएको हो, अलि खुल्न आवश्यक देख्दछु । र हामी अव आत्मनिर्भर रोजगारीको गन्तव्यतिर अघि बढिरहँदा प्राविधिक तथा व्यावसायिक शिक्षाको

महत्वलाई जनतामाझ बुझाउनुपर्ने प्रमुख विषय हुन्छ । त्यसैले यसका लागि बढि भन्दा बढि यससम्बन्धी सभा गोष्ठी सेमिनार र जनचेतना फैलाउन पनि कुरामा पनि म जोडदार सल्लाह सुझाव राख्न चाहन्छु ।

अर्को कुरा उचित मापदण्ड बिना कुनै पनि प्राविधिक शिक्षालयहरू चलाउनलाई कडा कारबाही गर्नुपर्छ, चलाउनेहरूका लागि । यसैगरी हामीले विस्तारै ११ वटै जिल्लामा यो प्रतिष्ठानको शाखा कार्यालय खोल्नुका साथै दक्ष, क्वालीफाइड ट्रेनरबिना कुनै पनि तालिम चलाउन नपाउने व्यवस्था हुन पनि जरुरी भएको कुरालाई म जोड दिन चाहन्छु । यसले छोटो अवधि देखि भोलीमा मास्टर्स डिग्रीसम्म आफ्नो पाठ्यक्रम निर्माण गर्नेछ भन्ने म विश्वास गर्छु ।

गण्डकी प्रदेशका सबै निजी तथा आंगिक संस्थाहरूको अनुगमन हुन आवश्यक छ । सबै तालिमहरु वान डोर प्रोसेस गरी सिबिसी म्यानेज्मेन्ट आफैले गर्नुपर्छ । र, तालिममा मुख्य क्वालिटी र प्रभावकारिता इन्स्योर गरिनुपर्छ भन्ने पनि मेरो अनुरोध छ। तालिम लिने प्रशिक्षार्थीहरुको छनोट मूल्यांकन विधिलाई प्रभावकारी र मापदण्डपूर्ण बनाइनुपर्छ । एकै जनाले हजारौ विषयको तालिम लिनु आवश्यक छैन। अब एउटै विषयको दक्ष प्राविधिक जनशक्ति उत्पादन हाम्रो उद्देश्य हो । बेरोजगार भई दुव्र्यसनीमा लागेका युवाहरुलाई हामीले यस्ता किसिमका प्राविधिक तथा व्यावसायिक तालिमबाट उहाँहरुको जीवनमा रुपान्तरण गर्न सक्नु पर्छ । टोलटोलमा पालिका स्तरबाट बजारको सर्भे गरी तालिम विभिन्न स्तरमा समय अनुकुल हामीले अब सञ्चालन गरिन सक्नु पर्छ, गर्नुपर्दछ ।

सैद्धान्तिक र प्राविधिक ज्ञान दिने प्राविधिकहरु, डाक्टरहरु, सरोकारवाला विद्यार्थीहरु, सबैलाई बोलाएर हामीले महत्वपूर्ण छलफल अधिक चलाउनुपर्छ । एकवर्ष परिणाम निकाल्नुछ भने अन्न खेती, दशवर्षको परिणाम प्राप्त गर्नु छ भने फलफूल खेती र जीवनभरि परिणाममुखी बनाउनुछ भने शिक्षा त्यसमा पनि प्राविधिक शिक्षाको खेती गरौं भन्ने मेरो मान्यता छ ।

नेपालबाट प्रत्येक दिन एक हजारदेखि १५ सयसम्म युवा जनशक्ति कामको खोजीमा मलेसिया खाडी मुलुक लगायतका देशहरुमा जाने सरकारी तथ्याङ्कले जनाएको छ ।

माननीय सभामुखज्यू, खुला सिमाना पार गरी कति नेपाली युवा युवती कामको खोजीमा दक्षिणी छिमेकी भारत गएको छ । कति जाँदैछन् । लेखाजोखा नै छैन । मात्र अहिले कोरोनाको कारणले देश फर्किएको ताँती देख्दा हामी आश्चर्यचकित

भइरहेका छौं । खाडी मुलुकमा थ्रि डी डर्टी, डिफिकल्टी एण्ड डेन्जरर्स अर्थात् फोहोर, कठिन र खतरनाक भनिने कामहरुमा हजारौ युवाहरु संलग्न रहेका छन् । कतिपयको लास फर्किएको दुखद घटनाहरुले हाम्रो आत्मा रोइरहेको छ ।
खासगरी घरेलु कामदारको रुपमा काम गर्न जान नेपाली दिदी बहिनीहरुले शारीरिक मानसिक तथा बलात्कार जस्ता जघन्य हिंसाको पनि सिकार बन्नुपरेको स्थिती छ । माननीय सभामुखज्यू, त्यसैले गर्दा नेपालको श्रम बजारमा बर्सेनी कामको खोजीमा आउने अनुमानित ५ लाख युवामध्ये झण्डै ४ लाख विदेश जाने भएकोले देशभित्र रोजगारी सृजना गर्न र रोजगारीमा दक्ष जनशक्ति वृद्धि गर्न यो विधेयकले ऐतिहासिक काम गर्नेछ भन्ने मलाई विश्वास छ । सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न यो गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानले सञ्चालन गर्ने तालिमले बर्सेनी सीपयुक्त दक्ष जनशक्ति उत्पादन भई राज्यमा रोजगार वा स्वरोजगारको संख्या बढाउँदै प्रदेशमा शिक्षित बेरोजगारको संख्या घटाउने छ भन्ने म विश्वास राख्दछु । दिनप्रतिदिन बढ्दो इच्छा आकांक्षा पूर्ति गर्न असमर्थ भई वैदेशिक रोजगारी खोज्न बाध्य हाम्रा जनशक्तिलाई ठूलो सम्भावनातिर आकर्षित गर्दछ । औपचारिक विद्यालय कलेज विश्वविद्यालयबाट उत्पादित जनसङ्ख्यालाई पनि सीपमुखी शिक्षाको आवश्यकता भएको कुरा पनि म इंगित गर्न चाहन्छु ।
देशभित्र कामको प्रतिस्पर्धामा जाँदा विभिन्न कारणले निरीह बनेका युवाहरुलाई हाम्रो गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक प्रतिष्ठानले सीप सिक, अनि कमाऊ लर्न एण्ड कमाउ जस्ता प्रविधिमैत्री सीपयुक्त आयआर्जनमुखी समाज निर्माण गर्नमा विशेष भूमिका खेल्छ भन्ने म विस्वस्त छु भन्ने मेरो भनाइलाई यो दफाबार छलफलमा अन्त्य गर्न चाहन्छु । र, सम्पूर्ण रुपमा यो हाम्रो विधेयक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान गण्डकी प्रदेशको यो सम्पूर्ण जति पनि दफाहरु छन्, सम्पूर्णमा मेरो समर्थन रहेको जानकारी गराउँदै विदा हुन्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशद्वारा सरकारद्धारा जारी गरिएको यो विधेयक गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न

बनेको विधेयकको सम्बन्धमा दफाबार छलफलमा आफ्नो सुझाव राख्ने अनुमति चाहन्छु ।

सरकार सञ्चालननार्थ विधेयकहरु सरकालाई आवश्यक पर्छ । यो विषम परिस्थिति पर्नाले त्रसीत भएको हुनाले या मुलुक, यो परिस्थितिमा पनि सरकारले ल्याएको विधेयक आवश्यकै परेर होला । र भएका विधेयकहरु जुन ३३ वटा विधेयकहरु पास भइसकेका छन्, । तिनको कार्यान्वयन पाटो कार्यान्वयन पक्षलाई पनि अझ तदानुरुकताका साथ लैजानु पर्छ भन्ने मलाई जस्तो लाग्छ । र किनभने यो विषम परिस्थिति अहिले सदन लम्बाएर चलाएर विधेयक बढी ल्याएर पास गर्नु भन्दा पास भइसकेका विधेयकलाई कार्यान्वयन गर्ने र अहिलेको विषम परिस्थिति बर्तमान अवस्थामा हामी सामु आएको एउटा यो चाहि चुनौती जुन रोगलाई नियन्त्रण गर्नुपर्नेछ, अहिलेको आवश्यकता त्यतातिर जानुपर्छ भन्ने जस्तो कि लाग्छ । किनकि प्रतिदिन महामारी बढेको छ र हाम्रो गण्डकी प्रदेशमा पनि बिस्तार बिस्तार परीक्षणको दायरा बढाउने भन्दाभन्दै पनि विभिन्न परिस्थितिका बाबजुद स्वास्थ्य सामग्रीको पर्याप्त उपलब्ध नहुँदा, इच्छा हुँदा हुँदै, सरकारको पनि इच्छा छ होला । इच्छा हुँदाहुँदै पनि सामानको अभावमा आज चाहि प्रत्येक जिल्लामा १२, १५ सयको दरमा रहेका क्वारेन्टाइनमा बसेका मानिसहरुको परीक्षण गर्न पाइएको छैन । र भयावह स्थिति फरि निम्तिन्छ कि भन्ने हामी सो सोच र चिन्तामा छौं । यस्तो अवस्थामा सामाजिक दुरी कायम गर्दै विधेयकहरु ल्याइएको छ ।

साँच्चिकै महत्वपूर्ण भनेर भएर ल्याइएको हो कि भनेर पनि हामीले सकारात्मक सोच्न सोच्दै गर्छौं र त्यो गर्दै गर्दा मलाई एउटा भन्न लाओ एउटै विधेयकसित सम्बन्धित सम्बन्धित जस्तो अहिले भर्खरै पनि प्रस्तुत भयो । यो समय अरु विधेयकलाई लम्बाएर पास गरेर जानुभन्दा बजेट बनाउने कुरा छ, स्वास्थ्यसित सम्बन्धित रहेर उत्पादनमा आधारित कृषिलाई महत्व दिएर ल्याउने बजेट बनाउने बेला पनि हो र सदनलाई बढी विधेयकमा पास दिनुभन्दा त्यतातिर पनि सरकार लाग्दा अझ उपयुक्त हुने अवस्था हो भन्ने लाग्छ, मानव रक्षार्थ नै हो ।

फेरि अर्को प्रदेश विज्ञान तथा प्राविधिक प्रतिष्ठानको स्थापना र संचालन गर्न भनेर पनि फेरि भर्खरै सभापतिज्यूबाट टेबुल भाको छ, यी कति इम्पोर्टेन्ट हो कि हैनन्, यी कति महत्वपूर्ण छन् कि छैनन्, त्यो महत्वपूर्ण हो कि अहिले हामी आफू पनि सुरक्षित रहेर

यो सामाजिक दुरी कायम गर्दै हामीले पनि कुनै सांसदलाई वा कसैको ड्राइभरलाई वा कसैको स्वकीय सचिवलाई संक्रमण भयो भने, हामी कोही पनि चोखो रहन सक्दैनौं । आज हामी पनि सुरक्षित रहेनौ भने हामीले अरुलाई हामीले प्रदेशवासी जनतालाई कसरी सुरक्षित गर्न सक्छौं र ? यो हाम्रो एकदम महत्वपूर्ण विषय पनि हो यतातिर पनि ध्यान दिनु पर्छ होला भन्ने मैले आफ्नो सुझाव राख्न चाहन्छु । र, यस मध्यमा पनि मैले आफ्ना केही यो चाहि दफाबार छलफलमा भाग लिएर केही आफ्ना सुझावहरु राख्ने अनुमति चाहन्छु । हुन त राखेका सुझावहरु कति कार्यान्वयन भएका छन् कि छैनन् ? विधान समिति पनि सर्वदलीय समिति छ ।

सर्वपक्षीय छ, त्यहाँ पनि व्यापक छलफल भए होला, त्यहाँ पनि सुझावलाई ग्रहण गरियो कि गरिएन गर्ने विषय महत्व हुन्छ होला तैपनि गण्डकी प्रदेश सरकारको मन्त्री कार्यकारी अध्यक्ष हुने यस प्रतिष्ठानमा भूमिकै नहुने मुख्यमन्त्रीलाई किन संरक्षक राख्नु पर्योर ? भन्ने मेरो एउटा चाहि सुझावको रुपमा र आफ्नै मन्त्रीज्यू कार्यकारी अध्यक्ष र त्यहाँ भूमिकै नभएको मुख्यमन्त्रीज्यू प्रतिष्ठानमा किन संरक्षक हुने भन्ने मेरो आफ्नो एउटा सुझाव छ । र, यसमा यो दफा ५(२) मा छ । यो दफाबाटै यो के भन्छ रे मन्त्रीज्यू हुनेमा मुख्यमन्त्रीज्यूलाई संरक्षक राख्नुको अर्थ छैन भन्ने मलाई लाग्छ । र, उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि किन चाहियो ? यो वास्तवमा यो विधेयक अहिलेको मुलुकको परिवेश र परिस्थिति हेर्दा अहिलेको जमाना भनेको टेक्नोलोजीको जमाना, टेक्निसियन जमाना हो ।

भएका टेक्निसियनहरु पनि विदेश पलायन भएको र अब अहिले कोरोनाले गर्दा धेरै फर्किन्छन् भन्ने हाम्ले आशा गरेको बेला हो । तर उद्योग वाणिज्य संघको प्रतिनिधि पनि भनिएको छ, यहाँ उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि किन चाहियो ? यो दफा ५ (२) मा छ । र, अर्को २(ङ) मा प्रतिष्ठानको संरक्षकले मनोनीत गरेको एक जना राखिने भनिएको छ, यो प्रतिष्ठानको संरक्षकले मनोनीत गरेको भनेर केको आधारमा राख्ने हो ? प्रतिष्ठानले मनोनीत गरेको मान्छेलाई। कतैबाट पनि सिफारिस नगरी अध्यक्षले मात्रै मनोनीत गरेको मान्छे राख्ने सिफारिस गर्ने पनि एउटा कमिटी हुने होला । त्यसको एउटा आधार हुन पर्ने होला। यो दफा यसमा राखिएको रैछ र अर्को ५(झ) मा प्रतिष्ठानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट विभिन्न सहयोग गर्नेलाई संरक्षक संरक्षकले मनोनीत गर्दा नेपाली नागरिकता विदशी भन्ने पनि क्लीयर नभएको छ । यसमा पनि एउटा नेपाली नागरिक हो अथवा

जो पनि यहाँ ल्याएर राख्न पाउने हो यो विषयमा सायद यत्रो महत्वपूर्ण हामीलै विधेयक पास गर्दै गर्दा प्रष्ट रुपमा बोल्नुपर्छ होला भन्ने मलाई लाग्छ । र यो यसमा मैले हेर्दै गर्दा जस्तो यो ज मा यहाँ लेखिएको छ, ५ को ज मा । उद्योग निर्माण पर्यटन लगायतका सेवामा सम्बन्धित भनेको छ ती व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा १ जना महिला सहित ३ जना भन्दा कम्तिमा अहिले यत्रो मुलुकमा एउटा जातीय द्धन्द्ध पनि छ ।

दलित भनेर गैर दलित र दलितबीचको द्धन्द्ध पनि छ । यी हरेक कुरालाई हामीले मध्यनजर गर्दै कमसेकम एक जना दलित चाहे त्यो महिला होस् चाहे पुरुष । एक जना दलितको पनि प्रतिनिधित्व हुने व्यवस्था भइदिएको भए वास्तवमा यो दलित द्धन्द्ध यो जातीय बीचको द्धन्द्धलाई अलिकता न्यूनीकरण गर्न यसले महत्व पुग्थ्यो कि मेरो एउटा दलित भन्ने प्रतिनिधि राखिएको भए राम्रो हुन्थ्यो भन्ने सुझाव छ । यसलाई राख्नुपर्ने छ ।

अर्को मैले प्रतिवेदनमै एउटा हेर्दा पनि यहाँ प्रतिवेदनमा पनि बोलेको रैछ, वास्तवमा विधान समितिमा जाँदा यो दुई मत वा कसैले मेरो भिन्न मत छ भन्ने गरी विधेयक नआउँदा राम्रो हुन्थ्यो । यहाँ प्रष्ट लेखिएको छ । यो ३ को विधेयकको दफा ४ को उपदफा १ मा रहेको गण्डकी प्रदेशको मुख्यमन्त्री प्रतिष्ठानको संरक्षक रहने भन्ने व्यवस्था रहेको तर विधेयकमा संरक्षकको भूमिका प्रष्ट नभएकोले प्रतिष्ठानको काम कारबाहीमा कुनै पनि कमी कमजोरी भएमा संरक्षक संरक्षकलाई नै नैतिक अफ्ठ्यारो पर्ने हुँदा उक्त दफा ४ को उपदफा १ मा रहेको व्यवस्था हटाउनुपर्ने भन्ने राय माननीय मणिभद्र शर्माले बैठकमै राखेर आफ्नो भिन्न मत राखी सक्नु भएछ । र, दलिय प्रतिनिधि गइसकेर दलमा जब छलफल हुँदै गर्दा किन भिन्न मत गर्ने गरी यो विधेयक यो प्रतिवेदन आउँछ ?

कमसेकम यो प्रदेशको समृद्धिको निम्ति, प्रदेश संचालनको निम्ति एउटा नीति नियम बनाउने कुरामा सबै पक्षको समर्थनमा यसमा आपत्ति के हुन्थ्यो होला अरु माननीयज्यूहरु लाई अथवा किन प्रतिवेदनमा यो डिवेटका साथ आयो ? यहाँ किन फरक मतका साथ आयो । त्यसकारण यहाँ मत विभाजित नभएर आएको भए राम्रो हुन्थ्यो हो भन्ने मेरो सुझाव छ ।

संरक्षण जस्तो पदमा सामन्तवादको गन्ध छ र उपयुक्त शब्द चाहिन्छ कि चाहिन्न भन्ने कुरा पनि हो । कमसेकम यस्तो संरक्षक जस्तो पद महत्वपूर्ण पद हो । यी कुराहरुलाई पनि हामीले अलिकति ख्याल गर्नुपर्छ होला ।

सीप परीक्षण गरिसकेको औपचारिक शिक्षासँग इक्युभ्यालेन्ट इक्युभ्यालेन्ट गर्ने र प्राविधिक कर्मचारीको आह्वान विज्ञापन गर्दा सीप, परीक्षण र योग्यतालाई समेत ध्यान नदिकन गर्दा हामीलाई पछि फेरि काम गर्न कठिनाई हुन्छ । यी कुराहरुलाई समेत समेटेर लैजानु पर्थ्यो तैपनि विधान समितिबाट आको छ । वास्तवमा यस्तो मतको लागि यस्ता कुरामा मेरो आफ्नो धारणा राख्दै गर्दा मेरो र मेरो दलको यसमा सहमत छैन । सर्वसम्मत रुपमा विधान समितिबाट आउनुपर्छ । र यो महत्वपूर्ण कुरा हो ।

यो विधानमा भनेको यो नीति नियम यो चाहि विधेयकहरु ल्याउँदा कहिल्यै त्रुटिपूर्ण नभइकन आउँदा राम्रो, पटक पटक संशोधन गर्नु भनेको राम्रो कुरा होइन । त्यसैले धेरै साचेर विचार गरेर परामर्श गरेर बौद्धिक ब्यक्तित्व राखेर, यसले दीर्घकालीन असरलाई समेत दिएर ध्यान दिएर व्यापक छलफल गरेर विधान समितिबाट आइदिंदा यस्ता फरक मतहरु आउँदैनन् भन्ने मेरो आफ्नो भनाइ छ, यीनै भनाइहरु राख्दै मेरो भनाइ गर्ने अन्त्य गर्ने अनुमति चाहन्छु । हस् धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मीनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मीनप्रसाद गुरुङ**

माननीय सभामुख महोदय, २०७६ माघ १३ गते यो सम्मानित सदनमा माननीय सामाजिक विकास मन्त्री नरदेवी पुनमार्फत प्रस्तुत विधेयक माथि गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापनार्थ यो विधेयकमाथि दफाबार छलफलमा हामी सहभागी भइरहेका छौं । स्वभाविक रुपमा विद्धान माननीयज्यूहरुले भन्नु भए जस्तै अहिले हामीहरु देश एउटा विषम परिस्थितिमा देशमात्र नभएर विश्व नै मानव जातिहरु एउटा विषम र असाधारण परिस्थितिमा गुज्रिरहेको बेलामा धेरै कुराहरुलाई हाम्ले हेक्का राख्नुपर्ने खाँचो छ । त्यही हेक्का राखिरहँदा खेरी एउटा सरकारले आफ्ना नियमित प्रक्रियाहरुलाई संचालन गर्ने पनि दायित्वको कुरा पनि त्यत्तिकै महत्वको छ ।

त्यतिमात्रै हैन हामी बजेट नीति कार्यक्रमहरु प्रस्तुत गरिहँदा खेरी सरकार र संसदहरुले हामीहरु आफ्नो विचारहरु अभिव्यक्ति गरिरहँदा खेरी योजनाहरुको कार्यान्वयनको कुराहरु, सरकारका सामथ्र्यका कुराहरु पनि यही सम्मानित सदनमा उठाइरहेका छौं । तसर्थ मलाइ लाग्छ यो गण्डकी प्रदेशको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको जुन उद्देश्यका साथ यो  विधेयक आएको छ, त्यो ज्यादै आवश्यक पनि छ । संयोगले जुन प्रतिष्ठान स्थापना गर्ने भनिएको ठाउँ छ, त्यही ठाउँबाट म प्रतिनिधित्व पनि गर्छु र आज मोल्ने बोल्ने मौका पनि पाएको छु । हाम्ले नीति तथा कार्यक्रममा सुनिसक्यौ, गण्डकी प्रदेश सरकारका गौरवका योजनाहरु मध्येमा एउटा योजना गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पनि हो । र, सरकारले अघिल्लो वर्ष र यो वर्ष चालु वर्षमा पनि बजेट विनियोजन गरिसकेको छ र अहिले जग्गा प्राप्तिको पनि यो समस्या हटि सकेर संघीय सरकारबाट जग्गा प्राप्ति पनि भइसकेको हुनाले, फगत यही विधेयकको कारणले त्यसलाई काम अघि बढाउन रोकिरहेको बेलामा मलाई लाग्छ यो समय सान्दर्भिक छ । यो आवश्यक छ । र, यसलाई सरकारको फर्ममेन्समात्र कुरा नभएर, प्रदेशको एउटा गौरवको योजना, आवश्यकताको कुरा र अहिले समयसापेक्ष जुनखालले हाम्रो शिक्षाको पद्दतिका कुराहरुको विषयमा, शिक्षाका त्यसका आयामहरुको विषयमा हामी जे जति छलफल गर्छौं, त्यसलाई एकहदसम्म निराकरण गर्ने उद्देश्यका साथ यो विधेयक आएको हुनाले पनि मलाई लाग्छ यसबारेमा हाम्ले यथाशीघ्र यसलाई सदनले विधेयकलाई ऐनमा परिणत गरेर सरकारलाई काम गर्ने बाटो अगाडि हामी खुलाइदिन पर्छ भन्ने मलाई त्यो मान्यता लाग्छ ।

तसर्थ प्राविधिक शिक्षाको अभावमा बेरोजगारहरु बढेको छ । यो सत्प्रतिशत हामी धेरैले महसुस गरेका छौं । जनशक्ति विदेश पलायन पनि भएका छन् र प्रतिस्पर्धी विश्व श्रमबजारमा हाम्रा जनशक्तिहरु गइरहँदा खेरी त्यहाँको निरिहपनको आँकलन पनि अनुभव पनि त्यसको सम्प्रेषण पनि हाम्ले पाएका छौ । तसर्थ यो भौतिक श्रम गर्ने हुन्न भन्ने कुरा पनि फेरि जब हामी शिक्षित बनिसकेका छौं, हामी साधारण शिक्षाले अहिले हामीलाई सिकाको कुरा हामीले आफूलाई एउटा शैक्षिक तथा बौद्धिक ठान्नहरुले श्रमको कुरा गर्न लाज मान्ने या त्यस्तोखालको मानसिकताबाट हामी अगाडि बढिरहेको हुँदा पनि हाम्रा जग्गाहरु गाउँघरका जग्गाहरु धेरै बाँझो भएको कुरा पनि यथार्थ हो।

त्यसो भएको हुनाले यो मानसिकतालाई जुनखालले हाम्ले चिर्न पर्ने छ । जसले गर्दा खेरी हाम्रो उत्पादनमा ह्रास आइरहेको कुरा पनि यही सदनमा धेरै माननीयज्यूहरुले अभिव्यक्त गरिरहेका छौं । त्यसो भएको हुँदा गण्डकी प्रदेशको जुन आर्थिक क्रियाकलापलाई यस्सो नियालिरहने कुरामा गर्दा खेरी पनि एउटा खालको दुईटा खालको अर्थतन्त्र हामीले देख्न सक्छौ। , सहरतिर आयातमुखी र नाफामुखी जुन आयात गर्य़ो र सामान बेच्ने नाफामुखी अर्थतन्त्र देख्छौं भने ग्रामीण भेगमा स्वभाविक रुपले त्यो निर्वाहमुखी अर्थतन्त्र भइरहेको छ, र यही क्रममा जुन खालको निर्वाहमुखी अर्थतन्त्रलाई हाम्ले स्वरोगार बनाउने, उत्पादनमुखी बनाउने, र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने मध्यमस्तरको जनशक्ति, मलाई लाग्छ यो प्राविधिक शिक्षाले धेरै ठूलो जनशक्तिको कुरा गरिरहेको छैन, यो मध्यमस्तरको जनशक्ति जुनखालले अहिले हाम्रो राष्ट्रको माग छ । या हाम्लाई खाँचो छ त्यसको परिपूर्ति गर्ने हेतुले यो विधेयक आएको छ र जुनखालको ठूलो खाँचो छ । त्यही पूर्ति गर्नको लागि यो वि विधेयक एउटा प्रस्थान बिन्दु हो भन्ने लाग्छ। एउटा ऐतिहासिक कोसेढुंगा पनि गण्डकी प्रदेशको लागि ।

त्यसो भएको हुनाले यो विधेयकमा परिच्छेद १ देखि ६ र १ देखि २८ सम्मका बुँदाहरुमा यी कुराहरुलाई सबिस्तार वर्णन गरिएको छ । र, माननीय सभामुखज्यू, यस सन्दर्भमा म दफाबार छलफलको क्रममा विधेयकको दफा ३ मा प्रतिष्ठान स्थापनाको मुख्य उद्देश्य बजारको माग अनुरुपको मानव संशाधन विकास गर्ने उद्देश्य सहित यो विधेयक आएको छ, भनेर भनिएको छ ।

सिद्धान्ततःबजारको माग र आपूर्तिको सन्तुलन मिलेन भने त्यो के त भन्दाखेरी लड्खडाउँछ । तपाईं हामी सबैले बुझेको कुरा हो । त्यसो भको हुनाले हाम्रो वर्तमान शिक्षा प्रणाली जुन बजारको मागसँग सोझो सम्बन्ध नभएको साधारण शिक्षाको बर्चस्व रहेकोले बजारको माग अनुरुप सिपयुक्त प्राविधिक शिक्षा व्यावसायिक तालिम प्राप्त जनशक्ति उत्पादन गर्ने र त्यो अनुसारको कार्यान्वयनमा जाने कुरामा यो विधेयकले लक्ष्य लिएको हुनाले जुन ज्यादै सह्राहनीय छ, जसलाई हामीहरु पूर्ण समर्थन गर्छु । म आफूले यसको पूर्ण समर्थन गर्छु भन्ने कुरा सभामुखमार्फत जानकारी गराउन चाहन्छु।

यही दफाको ४, ५, ६ मा एउटा हिजो हाम्ले थुप्रै संघ संस्थाहरुले झेलिरहेको त्यो दफा ४, ५, ६ मा यसलाई एउटा लिगल इन्टिटिको रुपमा अथवा एउटा कानुनी

व्यक्तिको हैशियतबाट पनि विभिन्न कामहरु गर्न पाउने पनि खुलस्त बनाएको छ । जो दुरगामी महत्व राख्छ भन्ने मलाई लाग्छ ।

त्यस्तै, दफा ४ मा प्रतिष्ठानले संरक्षक स्वयम् मुख्यमन्त्री रहने व्यवस्थाले यसको गरिमा बढाउने कुरा गऱ्या छ । मलाई लाग्छ, यहाँहरुले भन्नु भ जस्तै त्यो एउटा खाली मुख्यमन्त्रीलाई राख्ने अर्थ मलाई लाग्छ । यसलाई धेरै सिम्बोलिक अर्थ बोकेको छ भन्ने मलाई छ र यसको गरिमा बढाउने कुरा सँगसँगै त्यही दफा ४ को २ मा आवश्यक निर्देशन गर्न सकिन्छ भनेको छ र महत्वपूर्ण भूमिका त्यहाँनेर पनि मुख्यमन्त्रीको रहने छ भन्ने कुरा म विश्वस्त छु ।

त्यस विधेयकले कति महत्व राख्छ भन्ने कुराको स्वभाविक रुपले यो दफाले यो विधेयक गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको महत्वलाई चाहिनले यसले उजागर गर्छ भन्ने कुरा लाग्छ ।

त्यस्तै गरेर अरु थुप्रै बुँदाहरु महत्वपूर्ण छन् । दफा ९ मा कार्यकारी समितिको कर्तव्य र अधिकारको उपदफा १ (झ) ले समुदाय र निजी गैरसरकारी क्षेत्रलाई पनि समेट्ने व्यवस्था गरेको छ, जुन उपदफा १ (छ) ले बहुप्राविधिक अनि बहुपोलिटि पोलिलिटी पोलिटेटिक पोलिटेक्निक आंगिक शैक्षिक संस्था स्थापना एवं संचालन गर्ने व्यवस्था गरेको छ ।

जसरी सामुदायिक र निजी गैरसरकारी क्षेत्रलाई पनि यो विधेयकमार्फत यो क्षेत्रमा लाग्ने कुराले मलाई लाग्छ, सरकारले आफूमात्र हैन कि हाम्रो संविधानप्रदत्त सबै क्षेत्रलाई निजी, सहकारी त्यो क्षेत्रलाई पनि सँगसँगै जोडाएर हाम्रो अर्थतन्त्रलाई बलियो बनाउने कुरामा यो सेक्टरमा पनि निजी सहकारी, सामुदायिक क्षेत्रलाई पनि यो हैशियतबाट राष्ट्रलाई प्रदेशलाई विकास निर्माणमा हातेमालो गर्नलाई यो विधेयकले खुला गरेको छ भने त्यस्तै गरेर प्राविधिक या बहुसीपयुक्त पोलिटेक्निक जुन खालको आंगिक केरे शैक्षिक यानी संस्था स्थापना गर्ने, संचालन गर्ने व्यवस्था गरेको छ ।

यसले मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादनमात्र हैन, छोटो समयमा बहु सीपयुक्त तालिम संचालन गरेर व्यावसायिकता रोजगार अभिवृद्धि गर्ने पनि गर्दछ । अहिलेसम्मको महाव्याधीले यस प्रदेशमा प्रदेशभित्रकै सीपयुक्त जनशक्तिको ठूलो अभाव देखिएको हामीले जस्तो मेसनहरुको कुरा डकर्मी, सिकर्मीदेखि अहिलेको यो घडीमा हामीले देख्यौं । त्यसो भएकोले यसलाई सम्बोधन गर्ने कुरामा पनि यो प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेल्छ भन्ने मलाई लाग्छ । कार्यकारी निर्देशकको

कुरामा पनि यसलाई अलि व्यवस्थित गरेको देखिन्छ । जो अनुसार केछ भन्दा निर्देशन नियुक्त गर्ने कुरामा पनि यसको पर्फमेन्स ७० पर्सेन्ट हुनु पर्ने फेरि त्यो भएन भने त्यसलाई के छ भन्दा पदबाट हटाउन सक्ने पनि यो पनि राम्रो प्रावधान हो भन्ने लाग्छ ।

कुनै पनि पदमा नियुक्ति भइसकेपछि ऊ त्यो पदप्रति जवाफदेही र त्यही उत्तरदायी हुने कुराले यसले पृष्ठपोषण गर्दछ र यसले उसलाई हटाउँदा खेरी पनि प्राकृतिक न्यायको सिद्धान्तको अनुसार, विधिको शासन पद्दतिलाई हटाएर सफाइको मौकाको पनि व्यवस्था गरेको छ ।

त्यसरी समग्र रुपमा भन्दाखेरी सभामुख महोदय, यो विधेयक समय सन्दर्भ सापेक्षताको हिसाबबाट र अहिलेको आवश्यकता र गण्डकी प्रदेश सरकारले लिएको उद्देश्यलाई परिपूर्ति गर्ने किसिमबाट यो विधेयक आको हुनाले मलाई लाग्छ हामी अपडेट र अपग्रेट गरिएन भने हामी आउट डेटेट हुन्छ । यी मान्यताको आधारमा यो विधेयक आको हुनाले म र मेरो दल यसप्रति पूर्ण समर्थन गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मनकुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मनकुमारी गुरुङ**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारले गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयक सदनमा ल्याइएको छ । अहिलेको २१ औं शताब्दीमा प्राविधिक शिक्षा र व्यावसायिक तालिम भनेको एकदमै महत्वपूर्ण कुरा हो । किनभने अहिले टेक्नोलोजीको जमाना हामीले टेक्निकल विषयहरुलाई सँगसँगै साथमा लिए गएनौ भने यो प्रदेश अवश्य पनि पछाडि पर्ने छ । र प्रदेशलाई यो प्रदेशले समृद्ध प्रदेश र सुखी नेपालीको नारा अगाडि लाँदै गर्दा यो विधेयक पनि एउटा महत्वपूर्ण विधेयक हो । हामीले यसलाई ल्याउनै हुदैन भनेका थियौ थिएनौ तर अहिले मुलुकको परिस्थिति, परिवेशलाई नियाल्ने हो भने त्यता मध्यनजर गर्ने हो भने अहिलेको हाम्रो समय भनेको एकदुई दिन, चारपाँच दिन भनेको पनि यो हामीले मन लागेर काम गऱ्यौ भने यो चारपाँच वर्षको काम गर्न सकिन्छ ।

अहिलेको विषम परिस्थितिमा यो विधेयकको दफाबार छलफल सदनमा ल्याइएको छ र अहिलेको परिस्थिति भनेको आवश्यक नै त्यो विधेयक आवश्यक नै छैन ल्याउन भन्न खोजिएको हैन कि अहिलेको परिस्थिति हेर्ने हो भने अहिलेको यो चारपाँच दिन यो

छलफल गर्नुको सट्टा हामी अहिले जनताहरु एकदमै रोग, भोक र शोकको अवस्था छ।

अहिले हामीले क्वारेन्टाइनहरु सुविधा सम्पन्न क्वारेन्टाइनहरु निर्माण गर्ने अनि व्यवस्थित आइसोलेसनहरु कुन कुन अहिले ११ जिल्लामा कुन-कुन जिल्लामा बढी संक्रमित छ ? हैन कुन भनेर अहिले प्लानिङ गर्ने बेला हो । हामीले कुन कति बेलामा अहिले महामारी एकदमै फैलिइराखेको अवस्था छ ।

हामीले गण्डकी प्रदेशलाई कसरी सेफ गर्न सकिन्छ ? भन्नेतिर हाम्रो यो सरकार अहिले चारपाँच दिनको समय भने पनि त्यतातिर खर्चेको भए देखि हामी जनताप्रति उत्तरदायी हुन्थ्यो भन्ने कुरा हो । म विधेयक अहिले नै ल्याउन हुँदैन भन्ने कुरा हैन तर यो विषम परिस्थितिमा यो विधेयक आएको छ, र मलाई लाग्छ । सबै कुरा राम्रो हुन्छ भन्नेमात्र हुँदैन ।

यो दफा ४ को १ मा गण्डकी प्रदेशको मुख्यमन्त्री प्रतिष्ठानको संरक्षक हुनेछ भनिएको छ । हैन तर यो मुख्यमन्त्री नै किन संरक्षक हुने त? भन्ने त मेरो एउटा प्रश्न छ र, पाँच दफा ५ को २ मा उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि मनोनित गर्ने भनिएको छ । हैन त्यसमा मेरो कुरा के रहेको छ भने अन्य सेक्टरमा यो संघसंस्थामा कुने संघसंस्थामा यति समय योगदान गरेको हुनुपर्ने भनेर तोकिएको छ भने यसमा अध्यक्ष, उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधिमात्र भनिएको छ, निजले तोकेको प्रतिनिधि किन चाहियो ? चाहिने भने पनि यसको मापदण्ड खै त ? यति वर्षसम्म फलानो संघसंस्थामा अनुभव लिएको हुनुपर्ने भनेर अन्त हुने ? यसमा मात्रै किन छुट्यो भन्ने कुरा हो । यसमा करेक्सन गर्नुपर्छ होला जस्तो मलाई लाग्छ ।

यसैगरी पाँच कै ५ दफा कै २ (ङ) मा प्रतिष्ठानको संरक्षकले मनोनीत, ५ कै (ङ) मा इन्जिनियर, स्वास्थ्य, कृषि, वन पर्यटनसँग सम्बन्धित कम्तीमा स्नातक उपाधि प्राप्त गरेका र सम्बन्धित क्षेत्रमा कम्तीमा ७ वर्ष अनुभव हासिल गरेका व्यक्तिमध्येबाट संरक्षकले मनोनीत गरेका कम्तीमा २ जना महिलासहित ५ जना भनिएको छ । यो संरक्षकले मनोनीत त गर्ने तर कुन आधारमा त ?

कुनै सिफारिसले अब जस्तै इन्जिनियर गर्ने भनेर त्यो संस्थाबाट सिफारिस गर्नुपर्ने कि नपर्ने ? यो सोझै कुनै पनि संस्थाको सिफारिस बिना नै भन्ने कुरामा अलिकति निरंकुश भयो कि जस्तो मलाई लाग्छ । अहिले हामी गणतन्त्रको कुरा गर्दै गर्दा सबै

जनताको अधिकारको कुरा गर्दै गर्दा खेरी यसमा जनताको अधिकारमाथि कुण्ठित भयो कि ? यो अलि निरंकुश भयो कि सोझै गर्दा खेरी । अब यहाँ इन्जिनियर, स्वास्थ्य, कृषि, वन, पर्यटन भनेको छ । सम्बन्धित निकायले सम्बन्धित संस्थाले सिफारिस चाहियो होला नि त ?

यो विषय एकदमै गम्भीर त्रुटी भयो जस्तो मलाई लाग्छ । किन भने हामी जुनसुकै संस्था चलाउँदा पनि निरंशुक भइदियो भने के हुन्छ भने त्यो एकदमै जनताको अधिकार कुण्ठित हुन्छ त्यसकारणले यो निरंकुश भयो । मेरो कुरा एकदम यसमा अडान छ । यो एकदमै गलत तरिकाले मनोनीत गर्ने सिस्टममा एकदमै गलत छ ।

यस्तै गरी ५ कै २ (झ) मा के भनेको छ भने प्रतिष्ठानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राविधिक भौतिक आर्थिक लगायत लगायतका सहयोग उपलब्ध गराई प्रतिष्ठानको स्थापना संचालन र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरुमध्ये बाट संरक्षकले मनोनीत २ जना भनेर भनिएको ।

यसमा पनि राष्ट्रिय अन्तर्राष्ट्रिय भनेपछि मनोनीत त गर्ने हैन, तर नागरिकता भनेर छुटिएको छैन, हैन त्यही कारणले यो नागरिकता कि न हैन यस्ता कुराहरु पनि हाम्ले उठाउनुपर्छ हैन, त्यही कारणले विदेशीलाई त गर्ने तर स्वदेशी नागरिकता हुनुपर्ने नपर्ने यो पनि मेरो प्रश्न छ र, अन्य कुराहरु के छ भने यो दफाबार छलफलमा हेर्दै गर्दा खेरी मैले अघि नै निरंकुश छ त भनिहाले तर कुनै पनि यसमा हामीले समावेशीताको कुराहरु उठाउँदै गर्दा खेरी हैन ।

यो प्रदेशलाई समृद्धको कुरा गर्दै गर्दा सबै जनताहरुको वकालत गर्दै गर्दाखेरी समावेशीताको कुरा आएको छैन हैन मनोनीत गर्ने सिस्टममा पनि कम्तीमा यति महिला भनेर र अन्य जातिहरुलाई किटान गरेको छैन हैन ।

त्यसकारणले यो हुँदा खेरी भोलि पिछडिएका वर्गहरु सिमान्तकृत वर्गहरु छुट्ने सम्भावना हुन्छ त्यो कुरा पनि समेटियोस् भन्दै यो विधेयक अहिले सदनमा ल्याउन हुँदैन है यो विषम परिस्थितिमा अहिले सरकार आफ्नो यो जनता बचाउने तर्फ लाग्नुपर्थ्यो हैन जनताको लागि अहिले के के कुरा हो, अस्ति नै हाम्ले उठाइसकेका छौं र यो अघि नै हाम्रो अग्रिम वक्ताले भन्नुभएको थियो ।

यो प्राविधिक शिक्षा यो तालिमहरु अत्यावश्यक छ, किनभने यसले रोजगारको ग्यारेन्टी गर्छ । यसमा मेरो सहमत छैन है । किनभने यो चाहिन्छ हैन । यो यो एउटा पाटो हो, अहिलेको २१ औं शताब्दीम यो शिक्षा यो समयको माग हो । त्यो

आवश्यकता छ तर अग्रिम वक्ताहरुले भनेकै जस्तै यो ले सम्पूर्ण विदेशबाट कोरोनाको कारणले विदेशबाट थुप्रै युवाहरु फर्किदै छ । त्यो युवाहरुलाई यो शिक्षा यो अहिलेको यो शिक्षाले सबैलाई सम्बोधन गर्छ रोजगारको ग्यारेन्टी गर्छ भन्ने हैन। यो केही पाटो त हो हैन र भन्दै यो अहिलेको जुन मैले यो ४ वटा बुँदामा के यो सुझाव दिएको थियो, यो एकदमै यो समेटिओस् भन्दै म विदा हुन्छ । हस् धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य कुमार खड्कालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कुमार खड्का**

सभामुख महोदय, आज हामी गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको स्थापना र संचालन गर्न बनेको विधेयकका बारेको दफाबारमा छलफलमा छौं । विधायन समितिले बहुत मेहनत गरेर यसका बारेमा व्यापक छलफल गरेर आफ्ना प्रतिवेदन ल्याएको छ । मैले यहाँ आत्मआलोचना के गर्न पर्छ भन्दा मेरा व्यक्तिगत कमजारीका कारण यो विधेयक आज आउँदैछ भन्नेमा म भ्रममा परेको हुनाले तयारी गर्न पाइनँ । यद्यपि म मेरा केही भावनाहरु सभामुखमार्फत सदनलाई आफ्ना भावनाहरु अगाडि राख्न चाहन्छु ।

सर्वप्रथमतः यो विधेयकको बारेमा नेपाली कांग्रेसका प्रमुख सचेतक विधायन समितिका सदस्य माननीय मणिभद्र शर्मा कँडेलज्युले जे असहमति राखु भएको छ । त्यसमा मेरो समर्थन छ र सभाले पनि यो विषयमा बहुत गम्भीरताका साथमा मनन गर्न पर्छ र त्यो बारेमा निर्णय दिनुपर्छ भन्ने मेरो अनुरोध हो । अहिलेको कोरोनाको विपत्तिको बेलामा बजेट प्राथमिकतामा थियो बजेट पास नगरिकिन नीति तथा कार्यक्रम र बजेटको सिद्धान्त प्राथमिकताको बारेमा हामीले चर्चा नगरिकन, कोभिडसँग लड्न नपर्ने भएको हुनाले बजेट पास गर्ने प्रक्रिया सदनका लागि महत्वपूर्ण पाटो थियो।

त्यो बाटोमा हामी गएकै हौं तर यो विपत्तिको बेलामा विधेयक भन्दा विपत्ति प्राथमिकतामा पर्नुपर्थ्यो र विधेयकको प्रक्रिया भन्दा पनि हाम्रो सम्पूर्ण शक्ति सरकार सदन हामीसँग आइरहेको विकराल परिस्थितिसँग जुध्न जानु पर्थ्यो भन्ने मान्यता हो। यद्यपि यो विधेयक आको छ, र म पनि प्राविधिक विद्यार्थी सौभाग्यले मेरो जीवनको महत्वपूर्ण समय मैले यही यस्तै कार्यालयमा काम गरेर पनि बिताएका हुनाले मैले आज सदनमा यो विधेयकका बारेमा केही कुरा भन्नै पर्छ भनेर उपस्थित भएको छु ।

केन्द्रमा नेपाल सरकारले काउन्सिल फर टक्निकल एजुकेसन एण्ड भोकेस्नल ट्रेनिङ भनेर स्थापना गर्यो। अब मान्छेले  राजतन्त्रका बारेमा हामीले धेरै नकारात्मक चर्चा गर्छौं जुम्ला एउटा कर्णाली प्राविधिक शिक्षालय छ । जहाँ मैले पनि बसेर धेरै काम गर्ने अवसर पाएँ । त्यहाँ सोध्दाखरी दिवंगत तत्कालीन नेपालका राजा वीरेन्द्र जादा कर्णालीमा त्यस्तो किसिमको प्राविधिक शिक्षालय हुनुपर्छ। प्राविधिक ज्ञान जनतालाई नदिएसम्म कर्णालीको यो विकराल परिस्थितिसँग जुध्न सकिन्न भन्ने कुरा तीसदेखि पैतिस सालकै दौरानमा वीरेन्द्रले सोचेर त्यहाँ कर्णाली प्राविधिक शिक्षालय स्थापना गरेका कुरा सुन्दा आज त्यस पछाडि पनि चार दशक गइसक्दा हामीलाई कतिधेरै प्राविधिक शिक्षालयहरु स्थापना गयौं।

कतिपय प्राविधिक विद्यालय महाविद्यालय र कलेजेजहरु स्थापना गर्यौंभन्ने कुरा महत्वपूर्ण छ । यो मानेमा गलत समयमा आयो आउन पर्ने विधेयक आयो भनेर भन्यौ भने त्यो त्रुटिपूर्ण हुन्छ । यो बहुत आउन पर्ने, ल्याउन पर्ने  र मलाई लाग्छ प्रदेश सरकारले ल्याएका चालिस वटा विधेयकमध्ये नल्याइ नहुने विधेयमध्ये पनि यो विधेयक हो । किन भन्दा हाम्रो एजुकेसन सिस्टमका बारेमा अब बहस गर्न आवश्यक छ । कस्तो छ हाम्रो एजुकेसन सिस्टम ?  बोर्डिङ स्कुलमा हाम्रा बच्चा पठाइसकेपछि त्यो बोर्डिङ स्कुलको एजुकेसनले आफ्नो कपडा आफै धुने, आफ्नो काम आफै गर्ने पनि सिकाउदैन ।

प्राक्टिकल काम गर्न पनि बच्चाले जान्दैनन् । बोर्डिङ स्कुलको होस्टेलमा राखेपछि आफ्नो मंजन आफैले प्रयोग गर्ने, आफ्नै बुट पोलिस आफैले प्रयोग गर्ने, एउटाको अर्कोले नगर्ने, आफ्नो साबुन आफैले प्रयोग गर्नेले अर्काको प्रयोग नगर्ने भन्ने शिक्षा सिकाउँदा खेरी सिक्दा सिक्दा विद्यार्थीको मनोवृत्ति के भ छ भन्दाखेरी मेरो सामान मेरा लागिमात्र हो । मेरो सम्पत्ति मेरा लागि मात्र हो। मेरो ज्ञान मेरा लागि मात्र हो भन्ने भावना छ र म मेरो समाजका लागि मेरा देशका लागि हैन भन्ने भावना पनि त्यो एजुकेसन सिस्टमले डेभलप गरेको छ, यो बहुत चिन्ताको विषय हो ।

हाम्रो एजुकेसन सिस्टम हाम्रो वर्तमान शिक्षा प्रणाली र हाम्रा विश्वविद्यालय मध्यपूर्वमा पूर्व मध्यपूर्व मिडिलिस्टमा र फार स्ट्री एशियामा शारीरिक श्रम गर्ने मजदुर अष्ट्रेलिया, अमेरिका , क्यानाडा र इङल्याण्डमा बौद्धिक श्रम गर्ने मजदुर बनाउने फ्याक्ट्री बनेको छ  अहिले । पढेलेखेका मान्छेहरु नेपाल बस्न चाहँदैनन् । मैले विभिन्न कार्यक्रममा रोष्ट्रममा बसेर भनेको छु, अहिलेको युवाहरुको मनोवृत्ति हाम्रो एजुकेसन सिस्टमले के

बनाइदियो भने १० कक्षा पास गर्योहलो छोड्यो, १२ पास गऱ्यो, थलो छोड्यो । १० पास गर्ने वित्तिकै कृषि कर्म गर्न ऊ मान्दैन । १२ पास गर्ने वित्तिकै आएलट्स टोफेल को एक्जाम दिन्छ र ऊ विदेशको यात्रामा जान्छ ।

पढेलेखेका राम्रा ब्रेन भएका मान्छेहरु नेपालमा बस्न चाहँदैनन्, यो कोरोनाले धेरै नकारात्मक काम गरेको होला सायद यदि बाहिर गएका हाम्रा छोरा छोरी पढेलेखेका छोराछोरीहरु आत्तिएर फर्काउने त्रास यदि कोरोनाले दिएको हो भने त्यो बहुत ठूलो एसेस्ट हुन्छ नेपालको लागि जस्तो मलाई लाग्छ ।

शिक्षा रोटीका लागि हुनु हुँदैन भनेर विद्धान भन्छन् । शिक्षा रोटीका लागि हुनु हुँदैन भन्ने तर्कसँग म सहमत छैन । शिक्षा रोटीका लागि मात्र हुनुहुँदैन म सहमत छु तर त्यो शिक्षा जसले भोको पेटमा अन्न हाल्न सक्दैन, जसले आफ्ना जीवनसंगीनीका लागि लाज छोप्ने ब्रस्त उपलब्ध गराउन सक्दैन, जसले आफ्ना सन्तानका लागि शिक्षा र स्वास्थ्य उपलब्ध गराउन सक्दैन, उत्तरार्धका जीवन बिताइरहेका आफ्ना बाआमाका लागि एउटा सहज जीवनशैली, सम्मानित जीवनशैली अपनाउन सक्दैन, त्यो शिक्षाको अर्थ के ? औचित्य के ? सैद्धान्तिक शिक्षामा मात्र हामीले जोड दिइरहेका छौ, सैद्धान्तिक शिक्षाले मस्तिष्कको अग्नि सम्म त गर्न सक्ला, मस्तिस्कको तृष्णा मेट्न त सक्ला तर उदरको अग्नि भने समन त गर्न सक्दैन ।

पेटको भोकलाई शान्त गर्न नसक्ने शिक्षाको अब अर्थ छैन । त्यसका लागि एउटामात्र विकल्प हो, प्राविधिक शिक्षा । एउटामात्र विकल्प हो, व्यावसायिक तालिम। यतातिर जोड दिनु पर्छ र मलाई लाग्छ यो विधेयक त्यतातिर मुखरित छ केही आफ्ना कमी र कमजोरीका बाबजुद पनि। यसलाई अझै सच्चाउनुपर्छ । विकासको पथमा अग्रसर हुनका निम्ति अब टेक्नीकल एजुकेसन वा भोकेस्नल ट्रेनिङको विकल्प छैन । यो हाम्ले बुझ्न आवश्यक छ ।

सरकारले सबैलाई खरिदार सुब्बा सेक्सन अफिसर भनेर खाली प्रशासनिक जब दिएर त्यो इम्प्लोइमेन्ट क्रियट गरेरमात्र हुँदैन, अब सेल्फ इम्प्लोइमेन्ट क्रियट गर्नुपर्छ । सेल्फ इम्प्लोइमेन्ट खाता किताब राख्ने, पत्र लेख्नेबाट हुँदैन, त्यो भनेको थुप्रै प्रकारका प्राक्टिकल एजुकेसनबाट हुन्छ, म पनि इन्जिनियरीङको विद्यार्थी । जुन बेला मैले डिप्लोमा अफ इलेक्ट्रिकल इन्जिनियरीङ गरे, बहुत राम्रो नम्बर ल्याएर मलाई मेरो घरको फ्युज फेर्न आउँथेन । जुनियर इन्जिनियरिङ गरेको मान्छेलाई घरको फ्युज फेर्न पर्यो भने अर्को इलेक्ट्रिसियन फेंदेउ भन्न पर्थ्यो । त्यो एकुकेसन सिस्टम छ

हाम्रो । म बहुत कमजोर विद्यार्थी भएका मात्र हैन, हाम्रो एजुकेसन सिस्टममा त्यो प्रब्लम छ ।

बाटर इन्जिनियरिङ पढेका मान्छेले घरका धारा फेर्न सक्दैनन् । तसर्थ मध्यमखालको प्राविधिक जनशक्तिको आवश्यकता छ । त्यो आवश्यकतालाई पूरा गर्ने गरेर यो विधेयक आउनु पर्छ । म धेरै गहिरिएर विधायन समितिको प्रतिवेदन नपढेको हुनाले अहिले मैले गर्ने व्याख्या आलोचना वा समर्थन हचुवा हुन्छ भनेर म त्यतातिर प्रवेश गर्न गइरहेको छैन ।

स्किल टेस्टको कुरा यले बोलेको छ । स्किल टेस्ट एकदम आवश्यक छ । एक थरि मान्छेले सैद्धान्तिक शिक्षा लिंदै जान्छन्, एकथरि मान्छेले प्राक्टिकल एजुकेसन लिंदै जान्छन् । अटोमोबाइलका बारेमा उले सबै जान्दैन । प्रिन्सिपल जान्दैन । त्यसका इन्जिनका बारेमा त्यो प्राक्टिकल फ्याक्रको बारेमा उलाई थाहा हुँदैन, ऊ गाडीका प्रत्येक इन्जिनको पार्टपुर्जा बनाउन ऊ अत्यन्तै सक्षम छ । त्यसलाई ज्ञानै हैन, त्यसलाई शिक्षै हैन भनेर हामीले मान्नेम् भने त्यो दुर्भाग्य हुनेछ ।

प्लम्बरलाई प्लम्बिङसम्बन्धी सब्बै थाहा छ । धाराको बारेमा थाहा छ र पोखरा वा त्यस्ता महा ठूला सिटीहरुमा पानीको सप्लाइ सिटिङ कति लिएर जाने थाहा छ भने उले सिभिङ इन्जिनियरिङको प्रमाणपत्र ब्याचर अफ इन्जिनियरिङ र मास्ट अफ इन्जिनियरिङ नभए पनि हुन्छ । तसर्थ मेरो अनुरोध के छ त भन्दा खेरी स्किल टेस्टको स्किट टेस्ट वान, टु, थ्रि, फोरलाई फर्मल एजुकेसनसँग जोड्ने । स्किल वान एसएलसी सहर हो कि ? स्किल टु आई ए सरह हो कि , स्किल थ्री बिए सरह हो कि कहाँ लगेर जोड्न पर्ने एक्सर्टलाई राखेर जोड्ने हो भने भोलि लोक सेवा र अन्य रोजगारदाता संस्थाले जागीर खोल्दाखेरी बिए वा सो सरह भनेर बोल्दिने हो भने सकी नसकी विश्वविद्यालयमा गएर किताबलाई रटेर प्रमाणपत्र लिने दौडबाट हाम्रा छोराछोरीहरु भाइबहिनीहरु अलग गएर प्राविधिक शिक्षा र व्यावसायिक शिक्षा लिन सक्छन् ।

इलेक्ट्रिकलका ट्रेनिङ दिन सक्छौं । प्लम्बिङका ट्रेनिङ दिन सक्छौं । अटोमोबाइल हेड ड्रेसर, मेकानिकल, एयर कन्डिसन एण्ड रेफ्रिजेसेन जस्ता सर्ट टर्म र लङ टर्मका एजुकेसनहहरु दिन सकेर जुन एजुकेसनमा सैद्धान्तिक पाटो कम, व्यवहारिक पाटो बढी लिएर जान सकिन्छ यो कुरामा प्रदेश सरकारले सोचोस् । त्यलाई अझ गहन

विश्लेषण गरेर विभिन्न नियमावली ऐनबाट हुनेछ तोके बमोजिम हुनेछ भनेर जुन शब्दावली प्रयोग गरेका छ ।

त्यसले तपाईलाई स्थान पनि दिएको छ, यसलाई अझै परिस्कृत गरेर लिएर जाने, तपाईले १९ दफा १९ मा सहकार्य र समन्वय भनेर जुन शब्द भन्नु भाको छ, त्यो सहकार्य र समन्वय प्रदेशको सिटिइभिटीले केन्द्रको सिटिइभिटीसँग नगर्यो भने त्यो मलाई लाग्छ अपूर्ण हुन्छ ।

यहाँको प्रदेशको सिटीइभिटीले समन्वय गर्ने सबैभन्दा नजिकको संस्था भनेको केन्द्रको सिटीइभिटी हो, जोसँग चार दशकको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को ट्रेनिङको स्किल टेस्टिङको जो एकदम बृहत् अनुभव छ ।

अन्त्यमा, योसँग जोडिएर अर्को एउटा अर्गनाइजेसनको बारेमा यो विधेयक मौन छ । त्यो भनेको टिआईटिआई तपाईले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रतिष्ठान बनाइसकेपछि यो इन्स्ट्रक्टरलाई तालिम दिने, सेन्टरको मोडलमा भन्ने हो भने टिआईटिआई हुन्छ । टेक्निल इन्स्ट्रक्टर ट्रेनिङ इन्स्टिच्युट भन्ने हुन्छ, त्यहाँ हामी जान्छौ । त्यो बारेमा पनि परिकल्पना गर्न सक्छौं । अन्त्यमा मुख्यमन्त्रीलाई संरक्षकलाई राखिएको छ ।

मुख्यमन्त्रीलाई के राख्ने भन्नेमा मेरो विवाद हैन । संरक्षक भन्ने शब्दले गणतन्त्रलाई प्रतिनिधित्व गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न हो । **(माननीय सदस्य समय सिद्धियो)** नियुक्तिमा भूमिका राख्नका लागि हो भने सरकारले गर्नेछ भन्ने वित्तिकै सरकारले गर्ने भनेको मुख्यमन्त्रीले नै गर्ने हो, तसर्थ के पदमा नियुक्ति गर्नका निमित्त मुख्यमन्त्री जस्तो गरिमामय पदलाई एउटा संरक्षकसँग जोडेर यसलाई अलि विवादास्पद बनाउने कुरालाई पनि सरकारले सोच्ने छ भन्ने कुरा अनुरोध गर्दै म यहाँ बिदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल जेठ २५ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

# भर्वेटिममा संलग्न

**तयार गर्ने**

हिमालय अपसेट प्रेस
नयाँबजार,पोखरा ।

**रुजु गर्ने**

टंक प्रसाद शर्मा वाग्ले
अधिकृत छैटौं
सबिता कुमारी शर्मा
माइक संचालक

**कम्प्युटर सेटिङ**

सबिता कुमारी शर्मा
माइक संचालक

**प्रमाणित**

हरिराज पोखरेल
प्रदेश सभा सचिव